◆ **सम्पादकीय**

शान्ति प्रक्रियाका लागि चाहिने धैर्य २

◆ **आवरण**

नेपाली राजनीति ऐतिहासिक सहमतितिर - **झलनाथ खनाल** ३

संविधानसभा निर्वाचनको टुङ्गो- **विष्णु रिजाल** ७

◆ **संस्मरण विशेष**

एकै मिनेट मात्र - **प्रदीप नेपाल** ९

सुदूरपश्चिमाञ्चलमा पार्टी काम सुरु गर्दा - **युवराज ज्ञवाली** १३

पुस्तक दिवसमा घोत्लिंदा - **काशीनाथ अधिकारी** १७

भूमिगत यात्रा र अनेमसङ्घको पुनर्गठन - **शान्ता मानवी** १९

कति कठिन हुँदोरहेछ आफूलाई बदल्न - **अष्टलक्ष्मी शाक्य** २१

अनेरास्ववियु: आरम्भिक दिनहरू सम्झँदा- **भीम रावल** २३

लुम्बिनीको किसान आन्दोलन र बर्रे सङ्घर्ष - **बेदुराम भुसाल** २७

भूमिगतकालका केही अनुभूति - **राधा ज्ञवाली** २९

शिखर-पुरुष - **ध.च. गोतामे** ३२

◆ **सम्मेलन सन्दर्भ**

अखिलमा नयाँ नेतृत्व निर्वाचित ३५

जनआधारित व्यवस्थापनमा अखिलको राष्ट्रिय सम्मेलन - **विजय सुवेदी** ३६

◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**

एसियाली राजनीतिक दलहरूको मञ्च संस्थागत बाटोमा ३७

◆ **लघुकथा**

**कपिल लामिछाने** ३८

◆ **कृति**

जीवन बगेको उपन्यास दोसाँधको घाम ४०

# शान्ति प्रक्रियाका लागि चाहिने धैर्य

*छिटो शान्ति वार्ता सम्पन्न होस् भन्ने व्यग्रता सबैमा छ। तर, शान्ति प्रक्रिया एउटा अत्यन्तै कष्टकर यात्रा पनि हो। वार्तामा बसेका सबै पक्षहरू वार्तामा उठेका सबै मुद्दामा एकमत राख्ने राजनीतिक शक्ति होइनन्। तिनीहरू एकमत बनाउन प्रयत्न गरिरहेका छन्। यसका लागि कुनै पनि मुद्दामा निर्णयमा पुग्न तिनीहरूबीच व्यापक छलफल हुनु जरुरी छ। त्यही छलफलले मात्र सहमतिका आधारहरू खोज्न सक्छ।*

*वार्तामा संलग्न आठओटै पार्टीका हरेक क्षेत्रका आ-आफ्ना निजी मान्यताहरू छन्। राजतन्त्रलाई हेर्ने दृष्टिकोणमा फराकिलै असमानता छ। पार्टीहरूको सैद्धान्तिक मान्यतालाई अर्को पार्टीको मान्यतासँग सहमत गराउन देश, काल र परिस्थितिका बारेमा गम्भीर छलफल हुनु राम्रो तरिका हो। राजतन्त्र समाप्त पार्न बन्दुकमाथि अधिक भरोसा गरिरहेको माओवादी र राजतन्त्र जोगाउने*

*मान्यतामा उभिएको काङ्ग्रेसका विचारमा रहेको भेदलाई एकदिनको वार्ताले निमिट्यान्न पार्न सक्दैन । राजतन्त्रका विरुद्ध शान्तिपूर्ण जनआन्दोलन सञ्चालन गरिरहेका अन्य वामपन्थी पार्टीहरू र माओवादीको हिंसात्मक काइदाका बीचमा सानिध्य खोज्नु पनि अप्ठ्यारै काम हो । यसैकारण अहिले चलिरहेको निरन्तर वार्ताप्रति हामी सबैले सकारात्मक सोच राख्नुपर्छ र त्यसको सफलताका लागि हरक्षेत्रबाट सहयोग पुऱ्याउनुपर्छ ।*

*शीर्ष वार्तामा बसेका नेताका प्रवक्ताहरूले धेरै भाषण चाहिँ गर्नु हुँदैन । ठूलो आशा जगाउने खालका भाषण गर्ने तर वार्तामा त्यो हदसम्मको प्रगति नहुने कुराले जनताका बीचमा निराशा मात्रै छर्छ । जे भएको छ, सूचना दिनेले त्यति मात्रै भन्नुपर्छ । 'वार्ता सकारात्मक छ,' यस्तो बोलीको कुनै अर्थ हुँदैन । टन्टलापुर घाममा तिर्खाएर हलचल गर्न नसकिरहेको काकाकूललाई डाँडापारि पानीको पोखरी छ भनेर आश देखाउनुजस्तै हो यो वार्ता सकारात्मक छ भन्ने थेगो । सकारात्मक भनेको के ? कुनकुन कुरामा विचार मिल्यो ? कुनकुन कुरामा कस्ताकस्ता अभिव्यक्ति आए ? जस्ता प्रश्नहरूको जवाफ जस्ताको तस्तै दिनुपर्छ प्रवक्ताहरूले । आफ्नो पक्ष बलियो पार्ने गरी दिइने अभिव्यक्तिले अन्ततोगत्वा वार्तालाई नकारात्मक परिणाम नै दिन्छ ।*

*पारदर्शीताले अप्ठ्यारो बढाउँछ भन्ने हाँसउठ्दो बिमारी नेपाली राजनीतिमा व्याप्त छ । छलकपट गर्नेका लागि पारदर्शीता ठूलै दुश्मन हो । तर, जनताको सर्वोच्चता स्वीकारेका राजनीतिक पार्टीहरूले जनतालाई वास्तविक जानकारी दिन आनाकानी गर्नुहुँदैन ।*

*वार्ता युद्धभन्दा चर्को र अप्ठ्यारो प्रक्रिया हो । युद्ध एकअर्कालाई मार्ने र आफू तानाशाह बन्ने चाहनाको खेल हो भने वार्ता एकअर्कालाई बचाउने र जनताको सेवाको प्रतिबद्धता जाहेर गर्ने समझदारीको चौतारी हो । त्यसै हुनाले पनि वार्तामा संयम र धैर्यको आवश्यकता बढी पर्दछ । अघिल्ला वार्ताहरूभन्दा अहिलेको वार्ता बढी व्यवस्थित देखिएको छ । पार्टीहरूको अहम् ठूलो हुनुहुँदैन कहिल्यै पनि । पार्टीले काम गर्ने भनेको जनताका लागि हो । जनतासँग नजोडिएका सिद्धान्त, नीति र कार्यक्रमहरू बेकामे कागजपत्र मात्र हुन् । वार्तामा बसेका हाम्रा नेताहरूले आफू होइन, जनताका बारेमा सोचून् । वार्ता सफल होस्- हामी सबैको शुभकामना !*

# नेपाली राजनीति ऐतिहासिक सहमतितिर

**' झलनाथ खनाल**

यतिबेला नेपालको राजनीतिक परिदृश्यमा सर्वाधिक महत्त्वको विषय सातदल र नेकपा (माओवादी) बीच भइरहेको शीर्ष बैठक बनेको छ । विगत असार २ गते सम्पन्न ८ बुँदे सहमतिपछि निकै लामो अन्तराल पार गरेर यसपटक फेरि असोज २२ गतेबाट सुरु भएको शीर्ष बैठक अब ऐतिहासिक निष्कर्षतिर अघि बढ्दैछ । यो वार्ता वास्तवमा दुई पक्ष-सातदल र माओवादीका बीचमा नै भइरहेको छ र त्यसले मुलुकमा विगत १० वर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वलाई सदाका निम्ति अन्त्य गर्ने सम्भावनालाई टड्कारो रूपले अघि ल्याएको छ ।

**द्वन्द्वको गतिशीलता**

११ वैशाख, २०६३ भन्दाअघि नेपाली समाजमा राजतन्त्र र लोकतन्त्रप्रेमी आमनेपाली जनताका बीचमा प्रमुख द्वन्द्व थियो । सातदल र नेकपा (माओवादी) बीच पनि द्वन्द्व थियो । मुलुकमा त्रिपक्षीय द्वन्द्वको स्थितिसमेत थियो । तर, राजा ज्ञानेन्द्रको असोजतन्त्र र मकरतन्त्रका कदमपछि सातदल र नेकपा (माओवादी) बीचको द्वन्द्वले गौण रूप लिन पुगेको थियो । राजतन्त्रको निरंकुश कदमले ती दुई शक्तिलाई निकट आउन, एक आपसका अन्तर्विरोधलाई मैत्रीपूर्ण ढङ्गले हल गर्न, निरङ्कुश राजतन्त्रका विरुद्ध घोषित वा अघोषित संयुक्त मोर्चा निर्माण गर्न र सडक आन्दोलनमा उत्रिन बाध्य पार्दै ल्यायो । त्यही सिलसिलामा नेकपा (एमाले) र नेकपा (माओवादी) का बीचमा भएको रोल्पा वार्ताले सातदल र माओवादीबीच नयाँ एकता र सम्बन्धको आधार बनायो । त्यसपछि लगत्तै सातदल र माओवादीबीच बाह्र बुँदे

समझदारी बन्यो । त्यो सहमति एउटा ऐतिहासिक महत्त्व राख्ने सहमति थियो । त्यसले सातदल र माओवादीलाई राजतन्त्रविरोधी संयुक्त मोर्चामा ल्यायो । परिणामस्वरूप जनताको संयुक्त जनआन्दोलनको लहर सृष्टि भयो । त्यो जनलहरले हेर्दाहेर्दै क्रान्तिकारी जनउभारको रूप लियो, जसले राजा ज्ञानेन्द्रलाई जनताका सामू घुँडा टेक्न बाध्य पार्‍यो, निरङ्कुश राजतन्त्रलाई ध्वस्त पारिदियो र नेपालमा सामन्तवर्गलाई नेतृत्वदायी स्थानबाट सदाका निम्ति च्यूत गरिदियो । त्यसपछि मुलुक लोकतान्त्रिक पद्धतितिर अग्रसर भएको छ, सातदलको सरकार बनेको छ र ११ वैशाख, ०६३ देखि नेपाली समाज एउटा ऐतिहासिक सङ्क्रमणकालबाट अघि बढ्दै आइरहेको छ । ठीक त्यही बेलादेखि नेपाली समाजमा द्वन्द्वको गतिशीलतामा पनि परिवर्तन भएको छ ।

## सातदल र नेकपा (माओवादी) बीचको सम्बन्ध

७ मंसिर, ०६२ मा भएको बाह्र बुँदे समझदारीभन्दा अघि त्रिपक्षीय द्वन्द्व विद्यमान थियो । त्यो सहमतिले मूल द्वन्द्व दुईपक्षीय बनाइदियो अर्थात् निरङ्कुश राजतन्त्र र लोकतन्त्रबीचको द्वन्द्व । उता विभिन्न सवालहरूमा द्वन्द्व रहँदारहँदै पनि सातदल र माओवादीबीचको सम्बन्ध सहयात्रीहरूबीचको सम्बन्धमा समेत रूपान्तरण हुन पुग्यो । द्वन्द्वको संरचना बदलियो । ११ वैशाख, ०६३ मा आएर निरङ्कुश राजतन्त्र र व्यापक जनताबीचको द्वन्द्व मूलतः समाप्त भयो । त्यसपछि सातदलको सरकार बन्नेबित्तिकै उनीहरूले राज्यलाई प्रतिनिधित्व गर्ने स्थिति बन्यो । तर, अझै कतिपय विषयहरूमा सहमति गर्न र हतियारको व्यवस्थापनसमेत गर्नुपर्ने भएकाले नेकपा (माओवादी) विद्रोही शक्तिकै रूपमा रह्यो । सातदल र माओवादीबीचको सम्बन्धमा दुई पक्ष देखापरे । पहिलो सहयात्रीको सम्बन्ध र दोस्रो राज्य तथा विद्रोहीबीचको सम्बन्ध । पछिल्लो सम्बन्धलाई पूर्ण रूपले बदल्नका निम्ति दुई पक्षबीच आधारभूत महत्त्वका थुप्रै विषयमा सहमति बनाउन र एउटा साझा आधारमा खडा हुनु जरुरी थियो र दुई पक्षबीचको वार्तालाई घनिभूत रूपले अघि बढाउन जरुरी थियो । त्यही सिलसिलामा यी दुई पक्षहरूबीच युद्धविराम भयो र देशमा अस्थायी शान्ति स्थापना भयो । सातदलको सरकार र नेकपा (माओवादी) बीच १२ जेठ, २०६३ मा २५ बुँदे आचारसंहितामा हस्ताक्षर भयो । १ असार, २०६३ मा युद्धविराम आचारसंहिता अनुगमन समिति र पाँच सदस्यीय पर्यवेक्षक समूह बन्यो । २ असार, ०६३ मा आठ बुँदे सहमति बन्यो । जसअनुसार, अन्तरिम संविधान मस्यौदा समिति बन्यो र हतियार व्यवस्थापनबारे संयुक्त राष्ट्रसङ्घसँगलाई पत्र लेख्ने पाँच बुँदे सहमतिसमेत बन्यो । ती सहमतिहरूले सातदल र माओवादीलाई एउटा साझा आधार तयार गर्न ठूलो मद्दत पुर्‍याए । तर, शान्तिवार्तालाई हेर्ने, वार्ता प्रक्रिया अघि बढाउने, वार्ता टिम बनाउने, विषयवस्तुको प्राथमिकता छुट्याउने र विश्वासको वातावरण बनाउने कुरामा रहेका अनेकौं कमजोरीहरूले उपरोक्त सहमतिले सातदल र आन्दोलनलाई त्यति निकट ल्याउन सकेन । त्यसले गर्दा अझै उन्नतस्तरबाट र सबै कुरालाई समेट्ने हिसाबले वार्तालाई माथिल्लो तहबाट अघि बढाउन जरुरी थियो । त्यसैले दोस्रो शीर्ष बैठकको बेलादेखि पार्टीका शीर्ष नेताहरूकै टिम लागेर दुई पक्षीय, त्रिपक्षीय, चौपक्षीय, सप्तपक्षीय र अष्टपक्षीय वार्ताहरूको आयोजना भयो । ती वार्ताहरूमा समस्याका सबै पक्षहरू उठाइए र आमसहमति निर्माण गर्न ठोस प्रमाण अघि बढ्न थाल्यो ।

### वार्ताका विषयवस्तुहरू

त्यस प्रक्रियामा असोज महिना लागेपछि वार्ता प्रक्रियाले बढी तीब्रता लियो । हामीले काङ्ग्रेस, काङ्ग्रेस ( प्रजातान्त्रिक) र माओवादीसँग अलगअलग र पटकपटक वार्ता आयोजना गर्‍यौं । हामीले त्रिपक्षीय र चौपक्षीय वार्ता पनि गर्‍यौँ । यी छलफलबाट हाम्रासामू चारखाले समस्याहरू देखापरे । पहिलो, विगतका निर्णयहरूको कार्यान्वयन नभएको सम्बन्ध, दोस्रो, राजनीतिक मुद्दाहरूमा सहमति, तेस्रो सेना र हतियारको व्यवस्थापन तथा चौथो युद्धपीडितहरूको समस्या । यही समस्यालाई सम्बोधन गरेर निष्कर्ष निकालेपछि समग्र समस्याहरूकै समाधान हुन सक्ने देखियो । त्यसले वार्ता यी चारवटा मूल विषयहरूमा केन्द्रित भएको छ । यति हुँदाहुँदै पनि एकथरिले हतियार व्यवस्थापनलाई पहिले हल गर्नुपर्छ भन्ने सोच ल्याए र त्यसलाई हल गर्ने प्रयास पनि भयो । तर, त्यो सम्भव थिएन । एउटा प्याकेजका आधारमा अघि बढ्न जरुरी थियो । उपरोक्त चार विषयवस्तुमा केन्द्रित भएर अघि बढ्ने कुराले समस्याहरूलाई एउटा प्याकेज वा पोकाका रूपमा ल्यायो । पोके समाधानको बाटो नलिई एकीकृत समाधानमा पुग्नु सम्भव पनि थिएन । त्यही पोकाका रूपमा सबै समस्याहरूको समाधान गर्ने सम्बन्धमा वार्ता प्रक्रिया अघि बढ्दै गयो र धेरै समस्या समाधान हुँदै गएपछि शीर्ष बैठकको निष्कर्षतिर आइपुग्यौं ।

## शीर्ष बैठकको प्रक्रिया

हामीले दुईपक्षीय र बहुपक्षीय वार्ता धेरैपटक गर्‍यौं । त्यसमा एउटा गम्भीर समस्या नेपाली काङ्ग्रेसका तर्फबाट आयो । त्यो के भने उनीहरूको टिम वार्तामा सहमत बन्ने तर निर्णायक कुरा कहिल्यै गर्न नसक्ने स्थिति देखियो । त्यस्तो टिमसँग वार्ता गरेर कहिल्यै निष्कर्षमा पुग्न सकिदैंन । काङ्ग्रेसको टिम सम्वाददाताजस्तो मात्र बन्यो । त्यसैले

निर्णायक ठाउँमा नै कुरा गर्न राम्रो हुने देखियो । अरु कुनै पनि पार्टीबाट त्यस्तो समस्या देखापरेको थिएन । त्यस कुरालाई समेत ध्यानमा राख्ता सबै विषय वस्तुहरूलाई शीर्ष बैठकमा राखेर छलफल गर्नु नै उचित देखियो । यसअघि आठजना शीर्ष नेताहरूको बैठक हुने गरेको थियो । तर, यसपटक सबै पार्टीका शीर्षस्थ नेताहरूको टिम नै बस्ने र ती टिमहरूबीचको बैठकबाट निष्कर्ष निकाल्ने तरिका अपनाइयो । परिणामस्वरूप २२ असोजबाट शीर्ष बैठक सुरु भयो । गृहकार्य गर्ने र बैठक गर्ने तरिकालाई अपनाइयो । तदनुरूप हामी २२ असोजमा नौ घण्टा, २४ असोजमा छ घण्टा, २७ असोजमा डेढ घण्टा र २९ असोजमा तीन घण्टा वार्तामा बस्यौं । अहिलेसम्मको स्थिति हेर्दा धेरैजसो विषयहरूमा सहमति बनिसकेको देखिन्छ । २९ असोजमा मूलभूत सवालमा तत्काल साझा मत बन्न नसकेपछि गृहकार्यसहित बैठक बोलाउने सहमति कायम भएको छ ।

**सहमतिको सम्भावना**

वार्ताको समग्र प्रक्रियामा जे जति विषयहरूमा छलफल भएका छन्, तिनीहरूमध्ये विगतमा भएका सहमतिहरूको कार्यान्वयन गर्नेबारेमा नयाँ प्रस्तावहरू जति अघि सारिएका छन्, तिनीहरूमा सहमति बनिसकेकै छ । त्यसमा १२ बुँदेदेखि नै लागू गर्नुपर्ने तर लागू नभएका मुद्दाहरू छन् । बेत्तपा पारिएका नागरिकहरूको छानविन गर्ने र उनीहरूको स्थितिलाई सार्वजनिक गर्ने विषय छ । जबर्जस्ती र अन्यायपूर्वक कब्जा गरिएका सम्पत्तिहरू फिर्ता गर्ने समस्या छ । लाखौं मानिसहरू विस्थापित छन् । उनीहरूलाई पुनर्वास गराउने समस्या छ र विभिन्न राजनीतकि नेता र कार्यकर्ताहरूमाथि लगाइएका आरोपहरू छन्, ती सबै माओवादीहरूले फिर्ता गर्नुपर्नेछ । फिर्ता लिएको सार्वजनिक घोषणा गर्नुपर्नेछ र दुवैतर्फ बन्दी बनाइएका व्यक्तिहरूलाई रिहाइ गर्नुपर्ने छ । त्यसरी नै अहिलेसम्म पनि देशका विभिन्न ठाउँमा विभिन्न पार्टीका कार्यकर्ता, नेकपा (एमाले) कै कार्यकर्ता र समर्थकहरू तथा अन्य निर्दोष मानिसहरूमाथि माओवादीका तर्फबाट दिइने गरेका धाकधम्की, आतङ्क, जबर्जस्ती सदस्यता, कुटपिटजस्ता सम्पूर्ण अमानवीय र गलत क्रियाकलापहरूलाई पूर्णरूपले बन्द गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता विषयलाई समग्र रूपमा समाधान गर्ने कुरामा माओवादी पक्ष सहमत भइसकेको छ ।

दोस्रो, नेपालमा १० वर्षको हिंसात्मक द्वन्द्वले समाजमा ज्यादै गहिरो घाउ लगाएको छ । १३ हजारभन्दा बढी मानिसहरूको हत्या भएको छ । पचासौं हजार मानिसहरू घाइते वा अपाङ्ग छन् । उनीहरूका परिवार, महिला र बालबच्चाहरूको बिल्लीबाठ भएको छ । जनआन्दोलनका क्रममा मारिने मानिसहरू मात्र होइन, सेना, प्रहरी, माओवादी र सर्वसाधारणहरु कुनै पनि पक्षबाट मारिएका भए पनि उीहरूलाई लोकतान्त्रिक सरकारले राहत र सुविधा दिने र युद्धले लगाएको घाउ पुर्ने धेरै काम गर्नुपर्ने हुन्छ । यो विषयमा पनि गर्नुपर्ने कामहरूका बारेमा सहमति विलकुल निकट छ ।

तेस्रो, हतियार र सेनाको व्यवस्थापनको सवाल छ । यसमा पनि पाँच बुँदे सहमति भइसकेको छ । त्यो सहमति लागू गर्दा माओवादी सेना क्याम्पमा बस्ने, नेपाली सेना ब्यारेकमा बस्ने र संयुक्त राष्ट्रसङ्घले अनुगमन गर्ने काम हुनेछ । यो हतियार व्यवस्थापनको पहिलो महत्त्वपूर्ण चरण हुनेछ । दोस्रो चरणमा हतियार र लडाकुलाई अलग राख्ने, हतियारलाई भण्डारण गर्ने र आपसी विश्वासलाई गहिरो पार्ने काम हुनेछ । यति काम निर्वाचनअघि नै गर्न सकिन्छ । त्यसपछि तेस्रो भनेको दुवै सेनाको एकीकरण हुनेछ । त्यसमा पनि थुप्रै विकल्पहरू छन् । ती विभिन्न विकल्पहरू अपनाएर हतियार व्यवस्थापन हुनेछ । माओवादीसँग रहेका महिला र दलित सेनालाई मापदण्डअनुसार नेपाली सेनामा एकीकृत गर्न सकिनेछ । त्यसरी नै अरु हिस्सामध्ये कसैलाई औद्योगिक सुरक्षा बल, कसैलाई सीमा सुरक्षा बल, कसैलाई वैदेशिक रोजगारी, कसैलाई आकर्षणसहितको अवकाशमा जानेजस्ता अनेकौं उपायहरू अवलम्बन गर्न सकिनेछ । एकातिर माओवादी अध्यक्ष प्रचण्डले सबै हतियार तालाचाबी मारेर राख्न पनि सकिन्छ भन्ने कुरा अघि सारिसकेको अवस्था छ । हामी छलफलमा जहाँ पुगेका छौं, अब हतियार व्यवस्थापनको कुराले वार्ता प्रक्रियालाई बाधा खडा नगर्ने स्थिति देखिएको छ ।

चौथो, राजनीतिक मुद्दाहरूको सवाल छ । यतिबेला यी सवालहरू नै सबभन्दा ज्वलन्त देखिन्छन् । केही समयअघिसम्म हतियारको प्रश्न बढी जटिल देखिन्थ्यो । तर, २६ असोजको वार्तापछि राजनीतिक मुद्दाले प्रमुखता पाएको छ । त्यसमा पनि अन्तरिम संविधान घोषणाको प्रक्रिया, अन्तरिम संसदको गठन, अन्तरिम सरकार गठनको प्रक्रिया, अन्तरिम न्यायपालिका, संवैधानिक अङ्गहरूको गठन, स्थानीय निकायहरू गठन, भावी राज्यको ढाँचा र मुलुकमा ल्याउनैपर्ने आर्थिक-सामाजिक रूपान्तरणजस्ता विषयहरूमा पनि मोटामोटी सहमति बनिसकेको देखिन्छ । तर, राजतन्त्र उन्मूलनको प्रक्रिया के हुनेछ, जनमतसङ्ग्रहको विधिलाई अपनाउने कि नअपनाउने, संविधानसभाको निर्वाचनको विधि समानुपातिक अपनाउने कि मिश्रित अपनाउने, नागरिकता समस्यालाई समाधान गर्न आधार वर्ष

केलाई बनाउनेजस्ता कतिपय सवालहरूमा अन्तिम टुङ्गो लगाउन बाँकी छ । यद्यपि सामन्तवादका सबै अवशेषहरू उन्मूलन गरिनेछन् भन्ने विषयमा आठवटै दलबीच मतैक्यता देखिन्छ । अब लोकतान्त्रिक गणतन्त्रतिर मुलुकलाई लाने कुरामा पनि मतैक्यता बढ्दै जानु अनिवार्य भएको छ ।

## काङ्ग्रेसमा निर्णयको सङ्कट

मतैक्यताको प्रक्रिया अघि बढाउने क्रममा जाँदा जसले जेसुकै भने पनि उपरोक्त ज्वलन्त विषयहरूमा नेपाली काङ्ग्रेसका विचारहरू बढी पछाडि परेका र कमजोर देखिएका छन् । सो पार्टीको नेतृत्व स्पष्ट भिजनका साथ अघि आउन नसकेकाले नै सहमतिको प्रक्रिया ढिलो हुन पुगेको छ । सबैभन्दा पहिलो राजतन्त्रको सवालमा काङ्ग्रेस प्रष्ट हुनसकेको छैन । तर, वार्ताको पछिल्लो क्रममा काङ्ग्रेसभित्र पनि सकारात्मक स्थिति देखिएको छ । रामचन्द्र पौडेलले 'नेपाली काङ्ग्रेस राजतन्त्रसँग सति जाँदैन' भनेका छन् । वार्ता प्रक्रियामा गिरिजाप्रसाद कोइरालाले 'काङ्ग्रेस सहमतिमा बाधक बन्दैन' भनेका छन् । त्यतिमात्र होइन उनले 'काङ्ग्रेस राजाको ढाल बन्दैन' पनि भनेका छन् र काङ्ग्रेसभित्र लोकतान्त्रिक गणतन्त्रका बारेमा जाने कि नजाने भन्ने बारेमा गम्भीर छलफल पनि चल्दैछ । अहिले सिंगो देश गणतन्त्रमय बनेको छ । काङ्ग्रेसकै तलको पङ्क्ति गणतन्त्रकै पक्षमा छ । काङ्ग्रेसको नेतृत्वकै पनि एउटा हिस्सा खुलेआम गणतन्त्रको वकालत गरिरहेकै छन् । देशमा अरु सबै लोकतान्त्रिक राजनीतिक शक्तिहरू गणतन्त्र कै पक्षमा छन् । यस्तो अवस्थामा राजतन्त्रको पक्षमा उभिन्छ भने काङ्ग्रेसको अस्तित्वसामू नै सङ्कट पैदा हुन सक्छ । यस्तो स्थिति देख्दादेख्दै काङ्ग्रेसलाई अन्तर्राष्ट्रिय मित्रहरूले पनि राजतन्त्र बचाउन दवाव दिनु भनेको उनीहरूले समेत नेपालमा आफ्ना मित्रहरूलाई कमजोर बनाउने खेल मात्र हुनेछ । अब नेपालमा दिनैपिच्छे छेउ लाग्दै र कमजोर बन्दै गएको राजतन्त्रलाई कुनै थरिले पनि बचाउन सक्तैन । काङ्ग्रेसले बचाउन खोजेमा रामचन्द्र पौडेलले भनेजस्तै काङ्ग्रेसले राजतन्त्रसँगै सति गए हुन्छ । त्यसैले मलाई लाग्छ, नेपाली काङ्ग्रेस पनि अन्ततः गणतन्त्रकै पक्षमा आउने प्रवल सम्भावना छ । यो कुरालाई नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का धेरै नेताले बुझिसकेका छन् । त्यसैले उनीहरू जनमतसङ्ग्रहकै पक्षमा उभिएका छन् । नेपाली काङ्ग्रेसले चाँडो निष्कर्षमा पुग्न उसैका लागि पनि जरुरी भएको छ ।

## लोकतान्त्रिक गणतन्त्रसहमतिको मुख्य आधार

देशको यस्तो राजनीतिक परिदृश्यलाई हेर्दा हाम्रो पार्टीले पहिले नै लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो लक्ष्य बनाइसकेको छ । शेरबहादुर देउवा व्यक्तिगत रूपमा छटपटीमा परे पनि काङ्ग्रेस (प्रजातान्त्रिक) पनि त्यही पक्षमा आइरहेको छ । अरु छ दलहरू गणतन्त्र र जनमतसङ्ग्रहका पक्षमा दृढ देखिन्छन् । हामीले जनमतसङ्ग्रह भनेको लोकतान्त्रिक गणतन्त्र स्थापनाको सुनिश्चितता खोजेको हा । सातदलको कुरा पनि सही नै हो । तर, आठवटै दलले लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो गन्तव्य हो भन्ने कुरा घोषणा गर्ने हो भने त्यो घोषणाले पनि लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितता गर्न सक्दछ । स्वयम् संविधानसभाको निर्वाचन लोकतान्त्रिक गणतन्त्रकै लागि हो । हामीले संविधानसभाको निर्वाचनबाट लोकतान्त्रिक गणतन्त्रको ऐतिहासिक गन्तव्यमा पुग्न खोजेका छौं । दुई करोड ५० लाख नेपाली जनताको चाहना र आकाङ्क्षा त्यही नै हो । नेपाल राष्ट्रको आकाङ्क्षा पनि त्यही नै हो । अब नेपालका कुनै पनि प्रमुख राजनीतिक शक्तिहरू जनताको यो आकाङ्क्षाका विरुद्ध जानुको अर्थ हो आफ्नै समाप्ती । त्यसैले नेपाली काङ्ग्रेसले समेत आफ्नो गन्तव्य लोकतान्त्रिक गणतनत्र बनाउन सकेमा मात्र आठदलबीच एकता हुनेछ र हामी एउटा महान राष्ट्रिय सहमतिमा पुग्नेछौं । त्यसका लागि निम्न सहमति जरुरी छ ।

- ♦ नेपाली काङ्ग्रेसले यथाशीघ्र आफ्नो गन्तव्य लोकतान्त्रिक गणतन्त्रलाई बनाउनुपर्छ र आठ दलको एउटै गन्तव्य बनाउनुपर्छ । त्यसो गर्न नसक्ने हो भने राजतन्त्रको विषयमा जनमतसङ्ग्रह गर्ने कुरामा सहमत हुनैपर्छ ।
- ♦ संविधानसभाको निर्वाचन मिश्रित पद्दतिका आधारमा होइन, समानुपातिक पद्दतिका आधारमा हुनुपर्छ । त्यसले मात्र जनताको वास्तविक मतका आधारमा सबै सानाठूला राजनीतिक पार्टीहरू, संघसंस्थाहरूमा प्रतिनिधित्व गराउन सक्छ । संविधानसभाका नीम्त त्यो नै सबैभन्दा लोकतान्त्रिक पद्दति पनि हुनेछ ।

## अबको आठदलको एकता

उपरोक्त वार्ता प्रक्रियाका विषयमा हामीहरू सातदल र माओवादी अर्थात् ७+१ हुँदै आएका छौं । यदि काङ्ग्रेसले लोकतान्त्रिक गणतन्त्र, जनमतसङ्ग्रह र समानुपातिक निर्वाचन प्रणालीलाई मान्यो भने आठ दलबीच नै राष्ट्रिय सहमति बन्नेछ । यी सम्भावनालाई साकार रूप दिन हामीले भगीरथ प्रयत्न गर्नैपर्छ । काङ्ग्रेसले पनि निकास निकाल्ने हिसाबले काम गर्न सक्नुपर्छ । यदि काङ्ग्रेसले यो जिम्मेवारी पूरा गर्न सकेन भने शान्तिवार्ताको मूल अवरोधक नेपाली काङ्ग्रेस बन्न पुग्नेछ । त्यसले काङ्ग्रेसलाई ठूलो घाटा र क्षति पनि पुग्नेछ । तर त्यसले समेत जनताको, राष्ट्रको, अन्य सातदल र हाम्रो पार्टीको पनि आग्रह र चाहनाअनुरूप आफूलाई लोकतान्त्रिक गणतन्त्र,

जनमतसङ्ग्रह र समानुपातिक निर्वाचन पद्दतिका पक्षमा खडा गरायो भने मुलुकमा ऐतिहासिक राष्ट्रिय सहमति बन्नेछ । त्यसले सातदल र माओवादीबीचको सम्बन्धलाई बदल्ने छ र दुवैलाई वास्तविक सहयात्रीका रूपमा रूपान्तरित गर्नेछ । त्यो सहमतिले अन्तरिम संविधानको घोषणा, अन्तरिम संसदको निर्माण, अन्तरिम सरकारको गठन र संविधानसभा निर्वाचनको मिति घोषणा गर्ने ढोका खुल्नेछ । त्यसरी नै ११ वैशाखबाट सुरु भएको लोकतान्त्रीकरण, शान्ति प्रक्रिया र सामाजिक रूपान्तरणको प्रक्रियाले अझ गति प्राप्त गर्नेछ र मुलुक सहमतिपूर्ण ढंगले ऐतिहासिक रूपान्तरण र विकासतिर अग्रसर बन्नेछ । मुलुकलाई यस दिशामा अघि बढाउन हाम्रो पार्टीले विशेष पहलकदमी, सक्रियता, सिर्जनशीलता, दृढता र नीतिनिष्ठताका साथ अघि बढ्नुपर्दछ र आठै दल एकताबद्ध भएर अघि बढ्नुपर्छ ।

## जनजातिहरू सङ्गठित

काठमाडौं । सबै समुदायका जनजातिहरूलाई समेटेर नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ निर्माण भएको छ । नेकपा (एमाले) जातीय मामिला विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा गठति सो महासङ्घले घटक सङ्घहरू निर्माणलाई तीव्र गतिका साथ अघि बढाएको छ ।

३३ सदस्यीय नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घमा नेवार, थारु, थकाली, शेर्पा, तामाङ, राई, लिम्बू, गुरुङ, मगरलगायतका जनजाति समेटिएको छ । छिट्टै राष्ट्रिय भेला गर्ने गरी तयारी भइरहेको बताइएको छ । देशभरका जनजातिलाई सङ्गठनमा आबद्ध गर्नका लागि अञ्चल र जातीय इन्चार्जहरूसमेत तोकिएको छ ।

महासङ्घको वरिष्ठ उपाध्यक्षमा नागेन्द्र चौधरी रहनुभएको छ भने उपाध्यक्षमा तिलकुमार लिम्बू मेयाङ्वो, जयन्ती राई, थममाया थापा र शेरबहादुर तामाङ रहनुभएको छ । महासंघको महासचिवमा दलबहादुर राना, सचिवमा धनप्रसाद तमाङ र कोषाध्यक्षमा पासाङ शेर्पा रहनुभएको छ ।केन्द्रीय सदस्यहरूमा वीरबहादुर बुढाथोकी, खगेन्द्र घर्ती, रामप्रसाद चौधरी, मानबहादुर बाठा, देवबहादुर लामा, वैजनाथ चौधरी, सुनील शेरचन, श्रीमाया थकाली, बालगोपाल थापा, राजेन्द्र चौधरी, विसमलाल अधिकारी दनुवार, सत्यनारायण चौधरी, राजकुमार राई, छङ्दु भोटे, टहल जिरेल, लक्की शेर्पा, शमित देवान, सुजिता शाक्य, जुद्धबहादुर गुरुङ र राजकुमार लेखी रहनुभएको छ ।

पहिलोपटक जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी नीति अघि सारेको नेकपा (एमाले) ले त्यसको कार्यान्वयन सम्बन्धित जनसमुदायबीच संगठित पहलमा गर्नका लागि नै महासंघ आवश्यक भएको हो ।

यसैगरी महासङ्घको सङ्ठन विस्तारका क्रममा विभिन्न घटक सङ्घहरू निर्माण गरिएको छ । थारु समुदायलाई सङ्गठित गर्न गठित ४३ सदस्यीय नेपाल लोकतान्त्रिक थारु सङ्घको अध्यक्षमा नागेन्द्रप्रसाद चौधरी चयन हुनुभएको छ । सो सङ्घ गठन गर्न नवलपरासीमा आयोजित राष्ट्रिय भेलाको उद्घाटन महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो ।

शेर्पा समुदायलाई सङ्गठित गर्न पासाङ शेर्पाको अध्यक्षतामा नेपाल लोकतान्त्रिक शेर्पा सङ्घ गठन गरिएको छ भने हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई सङ्गठित गर्न डण्डु शेर्पाको अध्यक्षतामा २१ सदस्यीय नेपाल लोकतान्त्रिक तोप्केगोला समाज गठन गरिएको छ । यसैगरी सांसद वीरबहादुर लामाको अध्यक्षतामा नेपाल लोकतान्त्रिक तामाङ सङ्घ र वेदबहादुर गुरुङको अध्यक्षतामा नेपाल लोकतान्त्रिक गुरुङ सङ्घ गठन गरिएको छ ।

महासङ्घका अध्यक्ष पृथ्वीसुब्बा गुरुङका अनुसार, निकट समयमै राई, लिम्बू, सिम्सा, नेवार र मगरहरूका सङ्घहरू गठन गर्न राष्ट्रिय भेलाहरू आयोजना गर्ने मिति तय भइसकेको छ ।

# संविधानसभा निर्वाचनको टुङ्गो

### ' विष्णु रिजाल

नेपाली राजनीतिमा लामो समयदेखि माग र वहशका रूपमा रहँदै आएको संविधानसभाले साकार रूप ग्रहण गर्ने मार्ग तय भएको छ । शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् मुलुकलाई अग्रगामी राजनीतिक निकासमा पुऱ्याउन क्रियाशील सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्षस्थ नेताहरू आगामी वैशाख/जेठसम्म संविधानसभाको निर्वाचन गर्ने विषयमा सहमत भएपछि यसको मार्ग प्रशस्त भएको छ । नेपाली राजनीतिमा सर्वाधिक लामो समयदेखि उठ्दै र थन्किँदै आएको संविधानसभाको निर्वाचन गर्ने सहमतिपछि अग्रगामी निकासका रूपमा संविधानसभाले भूमिका निर्वाह गर्ने अपेक्षा बढेको छ । संविधानसभाको निर्वाचनका मार्गमा आइपर्ने बाधा, अवरोध र चुनौतीहरूको सामना गर्दै अब संविधानसभाको निर्वाचनका दिशामा अघि बढ्नु नै सिङ्गो मुलुक र नेपाली जनताकाका लागि अनिवार्य बनेको छ ।

राजनीतिक निकासका लागि असोज २२ गते शुरु भएको सात दल र माओवादीबीचको शीर्षस्थ नेतृत्वतहको वार्ताले संविधानसभाको निर्वाचनमा जाने निर्णय गरेर मुलुकलाई अग्रगामी निकास र रूपान्तरण गर्ने दिशामा ऐतिहासिक मार्ग तय गरेको छ । २ असार, ०६३ मा बालुवाटारमा भएको शीर्षस्थ तहको बैठकमा पर्याप्त गृहकार्य, छलफल र बहश नगरीकनै आठ बुँदे सहमति भएको भन्दै गुनासो र आलोचना भएपछि यस पटक सबै राजनीतिक दलहरू यस विषयमा सचेत देखिएका छन् ।

राष्ट्रिय जीवनका विविध क्षेत्रमा महत्वपूर्ण र निर्णायक महत्व राख्ने विषयहरूमा पर्याप्त अन्तर्क्रिया, बहश, छलफल र गृहकार्य गर्नुपर्छ भन्ने मान्यताका आधारमा सबै राजनीतिक दलहरू तयारीमा जुट्नु सुझबुझपूर्ण र जिम्मेवार कार्य हो । असोज २२ गते शुरु भएको शीर्षस्थ तहको वार्ता आपसी विचार आदानप्रदानपछि दुई दिनपछि असोज २४ गते पुनः बसेको थियो । पहिलेभन्दा अझै खुलाखुलस्त र गम्भीर कुराहरू भएको प्रतिक्रिया प्रायः सबै नेताहरूले दिनुले पनि बैठकमा गम्भीर र अर्थपूर्ण वहशहरू भएको विश्लेषण गर्न सकिन्छ । असोज २६ गते बसेको छोटो बैठकमा 'गुणात्मक रूपमा अग्रगामी छलफल भएको' प्रतिक्रिया माओवादी पक्षबाट सार्वजनिक हुनुले बैठक सकारात्मक दिशातिर गएको अनुमान सजिलै गर्न सकिन्छ । असोज २९ गते सम्पन्न शीर्षस्थ बैठकमा तत्काल ठोस सहमति कायम नभए पनि तत्काल गृहकार्य र छलफल गरेर पुनः बस्ने सहमति कायम भएको छ ।

असोज २४ गते सम्पन्न शीर्षस्थ नेताहरूको बैठकले मुलुकलाई संविधानसभाको निर्वाचनका मार्गमा लैजाने औपचारिक र लिखित निर्णय गरेको हो । सरकारी वार्ता टोलीका संयोजक कृष्णप्रसाद सिटौला र माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महराद्वारा हस्ताक्षरित विज्ञप्तिमा सात दल र माओवादीका शीर्षस्थ नेताहरूबीच आगामी वैशाख/जेठसम्म संविधानसभाको निर्वाचन गर्ने सहमति भएको उल्लेख गरिएको थियो । मुलुकभित्र मात्र होइन, मुलुकबाहिरबाट समेत अत्यन्तै उत्सुकता, आशा र अपेक्षाका साथ हेरिएको शीर्षस्थ तहको वैठकले ०६४ को वैशाख/जेठसम्म संविधानसभाको निर्वाचन गर्ने निर्णय गरेर मुलुकलाई गुणात्मक रूपमै परिवर्तनका पक्षमा लैजाने दिशामा उल्लेख्य पाइला चालेको छ ।

तर, अझै पनि नेपाली राजनीतिमा संविधानसभाको निर्वाचन हुने सुनिश्चिता कायम भइसकेको भने मान्न नसकिने धारणाहरू विभिन्न कोणबाट उठिरहेका छन् । आफ्नो सम्भावित अवसान हेर्दै षड्यन्त्र, छलकपट र जालझेललाई आफ्नो गुरुमन्त्र बनाएर राजनीतिका दृश्य र अदृश्य ठाउँमा क्रियाशील सामन्ती शाही राजतन्त्र यस्तो बेला चुप लागेर बस्ला भन्ने अनुमान गर्नु घातक हुने तर्क नाजायज र असान्दर्भिक छैन । विगतको इतिहासलाई हेर्दा पनि दरवारिया तत्वहरूबाट हुने अनेक किसिमका चलखेलहरु यसपटक दोहोरिने छैनन् भन्ने कुनै विश्वस्त आधार देखिदैंन । वार्ता प्रक्रियामा विलम्ब गराउने र अनेक किमिसले अग्रगमनका मार्गमा बाधा, अवरोध र अड्चनहरु तेर्स्याउन फेरि पनि शाही राजतन्त्रले कुनै कसर बाँकी राख्नेछैन भन्ने कुरालाई ध्यानमा राखेर अघि बढ्नु अहिलेको आवश्यकता हो ।

संविधानससभाको निर्वाचनका लागि तिथि तोक्न पनि त्यति सजिलो थिएन । बैठकमा महासचिव माधवकुमार नेपालले राखेको प्रस्तावका बारेमा काङ्ग्रेसका कतिपय नेताहरूले शुरुमा देखाएको आनाकानीले पनि नेपाली राजनीतिमा केही गम्भीर सङ्केतहरूको पूर्वानुमान गर्न बाध्य बनाउँछ । वैशाख/जेठसम्मको मिति नतोकेरै जानुपर्छ भन्ने उनीहरूको मनसाय अवश्य त्यत्तिकै आएको होइन । यसभित्र नेपाली राजनीतिमा व्याप्त यथास्थितिवाद र दक्षिणपन्थताको निहित उद्देश्यसमेत समेटिएको छ । महासचिव नेपालले दक्षिणपन्थी-दरवारिया कोणबाट हुने सक्ने षड्यन्त्र र विलम्बका प्रयाशहरूलाई चिर्नका लागि मिति तोकेर संविधानसभाको निर्वाचनको तयारी गर्नुपर्ने प्रस्ताव राख्नुभएको थियो । सार्वजनिक रूपमा समेत वैशाख/जेठसम्म संविधानसभाको निर्वाचन अनिवार्य रूपमा गर्नुपर्छ भन्ने अभिव्यक्ति राख्दै आउनुभएका महासचिव नेपालको अडानलाई माओवादीसहित वार्तामा सहभागी अरू दलका नेताहरूले साथ दिएपछि सहमति निर्माण भएको थियो । तर, काङ्ग्रेसभित्रै रहेको जडता, दक्षिणपन्थता र ढुलमुलपनले फेरि पनि अग्रगामी रुपान्तरणका मार्गमा समस्या खडा गर्ने स्पष्ट सङ्केतहरु देखा परिरहेका छन् ।

संविधानसभा समकालीन नेपाली राजनीतिको केन्द्रीय प्रश्न हो भन्नेमा अब कुनै विवाद र मतान्तर छैन । नेपाली समाजमा लामो समयदेखि उठ्दै आएका तर समाधान नभएका थुप्रै प्रश्नहरू यतिबेला संविधानसभालाई पर्खेर बसेका छन् । राज्यको पुनःसंरचना र समावेशीकरणका थुप्रै अहम् र जटिल मुद्दाहरूलाई संविधानसभाले अग्रगामी रूपमा समाधान गर्नुपर्नेछ । जाति, जनजाति, महिला, दलित, उपेक्षित, अल्पसङ्ख्यक र पिछडिएका क्षेत्रका जनतालाई राज्यको मूलप्रवाहमा ल्याउन र राज्यमाथि उनीहरुको समान स्वामित्व स्थापित गर्न अब संविधानसभा अपरिहार्य र टार्न नसकिने मुद्दाका रूपमा अगाडि आएको कुरामा कुनै दुईमत छैन । यही महत्वबोध गर्दै आठ राजनीतिक दल संविधानसभाको निर्वाचन गर्ने टुङ्गोमा पुगेका छन् । तर, त्यसका लागि अहिलेदेखि नै गृहकार्य, चनाखोपन र पर्याप्त सावधानी हुने होइन भने ००७ सालमा जस्तै घोषणा भएर पनि संविधानसभाको निर्वाचन हुन नसक्ने खतरा विद्यमान छ । यसका लागि काङ्ग्रेसमा व्याप्त सामन्ती चिन्तनलाई पखाल्नु पनि त्यत्तिकै जरुरी छ । राजतन्त्रको रक्षाकवज हुने गरी काङ्ग्रेसका नेताहरुले सार्वजनिक गर्ने गरेका अभिव्यक्तिहरुको अर्थ र सन्दर्भ पनि अहिलेको राजनीतिका लागि निकै महत्वको सवाल हो ।

अब औपचारिक र विधिवत रूपमै संविधानसभा मुलुकको राष्ट्रिय कार्यसूची बनेको छ । कुनै पनि बहानामा यसलाई अल्मल्याउने, पर सार्ने वा पन्छाउने प्रयाश जति धेरै मात्रामा हुन्छ, त्यही मात्रामा मुलुकले थप अन्यौल, अस्थिरता र क्षति बेहोर्नुपर्नेछ । संविधानसभाको मुल मुद्दाबाट अब कुनै पनि बहानामा कुनै पनि राजनीतिक दल भाग्न, पन्छिन र उम्किन नपाउने स्पष्ट र बाध्यात्मक अवस्था असोज २४ गतेको राजनीतिक सहमतिले निर्माण गरेको छ । यस सहमतिको मर्म, भावना र लक्ष्यअनुरुप सबै राजनीतिक दलहरु चल्नु नै सबैका लागि हितकर बाटो हो । विगतका कमजोरीबाट पाठ सिक्दै आफूलाई साँचो अर्थमा जनताका पक्षमा उभ्याउने अवसर यस निर्णयले सबै राजनीतिक दलहरुका अगाडि खडा गरेको छ ।

संविधानसभाको निर्वाचनमा जाने सहमति भइसकेपछि अब जतिसक्दो बढी त्यसलाई जनमूखी, विश्वसनीय र प्रतिनिधित्वमुलक बनाउनुपर्ने दायित्व खडा भएको छ। सम्भावित दक्षिणपन्थी गठबन्धन र चलखेलप्रति सजग, सचेत र जागरुक हुँदै मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने प्रयत्न गर्नु नै आवश्यक छ। त्यसका लागि माओवादीले हतियारको दम्भ र अनावश्यक रुपमा यसप्रतिको मोह त्याग्न सक्नुपर्छ। माओवादीका हतियारका कारण नै विभिन्न पक्षले विभिन्नथरी बहानावाजी गर्ने अवसर नपाऊन् भनेर माओवादी पनि सेचत हुनुपर्छ।

संविधानसभाको निर्वाचनको मोटामोटी तिथि निर्धारण गरिएपछि अब त्यसको खास मिति औपचारिक रूपमा तोक्न पनि धेरै दिन लाग्ने छैन। राजनीतिक सहमतिका आधारमा निसृत मान्यताहरूलाई कार्यान्वयन गर्ने राज्यका संरचनाहरू पनि अब त्यसअनुसार तयारीमा लाग्नुपर्ने हुन्छ। संविधानसभाको निर्वाचनका लागि निर्वाचन आयोगलाई पूर्णता दिने काम शुरु भएको छ। संविधानसभाको निर्वाचनका स्थापित मान्यता र तरिकाहरूका आधारमा निर्वाचन आयोगले आफूलाई त्यसका लागि पूर्ण रूपमा तयार पार्नुपर्छ।

तत्कालीन राजा त्रिभुवनको घोषणापछि लामो समयसम्म चर्चामा रहेर पनि पार लाग्न नसकेको संविधानसभाको निर्वाचन अब टुङ्गोमा पुग्ने मार्गमा प्रवेश गरेको छ। उनले २००७ फागनु ७ गते आफ्नो सक्रिय शाहवङ्शीय शासन फर्केका दिन '....हाम्रो प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रतात्मक विधानको अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले' भन्ने उल्लेख गरेका थिए। त्रिभुवन, महेन्द्र, वीरेन्द्र हुँदै ज्ञानेन्द्रका पालासम्म रुमल्लिएको संविधानसभाले अब मूर्त रूप लिनुपर्छ र त्रिभुवनले भनेभैँ 'वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार' नै मुलुक सञ्चालन हुनुपर्छ।

# षड्यन्त्रविरुद्ध सचेत हुनुपर्छ

**– माधवकुमार नेपाल, महासचिव**

० **००७ सालदेखि उठ्दै आएको संविधानसभाको मुद्दा अब टुङ्गिन्छ ?**

- संविधानसभाको निर्वाचनका बारेमा हाम्रो मुलुकमा यतिबेला अभूतपूर्व सहमति कायम भएको छ। हामीले लगातार रूपमा यसमा जोड दिँदै आएका छौँ। आगामी वैशाख/जेठसम्म संविधानसभाको निर्वाचन हुनपर्छ भन्ने स्पष्ट अडान हामीले सार्वजनिक रूपमा राख्दै आएका थियौँ। अहिले आठ दलको बैठकबाट त्यही निर्णय भएको छ। अब निर्वाचन गरेर यस मुद्दालाई टुङ्ग्याउनुपर्छ भन्ने मान्यतामा सबैबीच सहमति कायम भएको छ।

० **वैशाख/जेठसम्मको मिति हाम्रो प्रस्ताव हो ?**

- हो, असोज २४ गतेको बैठकमा हामीले नै प्रस्ताव राखेका हौँ। मिति तोकेर अगाडि नबढ्ने हो चलखेल र षड्यन्त्र हुने खतरा रहन्छ भन्ने हाम्रो मान्यता रहँदै आएको छ। यही मान्यताका आधारमा वैशाख/जेठसम्मको मिति तोकेर जानुपर्छ भन्ने प्रस्ताव मैले नै राखेको हुँ।

० **शुरुमा सबै दल मञ्जुर थिए त ?**

- अहिले संविधानसभाको निर्वाचनका बारेमा आमसहमति बनिसकेको छ। त्यसकारण यसमा सबै दलको सहमति छ । तर, शुरुमा काङ्ग्रेसका कतिपपय नेताले 'समय तोकेर जानुहुँदैन' भन्ने मत राखेका थिए।

० **उनीहरूको तर्क के थियो ?**

- माओवादीसँग हतियार भएका कारण हतियार व्यवस्थापन गर्न सकिदैन र भ्याइँदैन भन्ने उनीहरूको तर्क थियो।

० **भ्याइन्छ त हतियार व्यवस्थापन गर्न ?**

- भ्याउनुपर्छ। हतियार व्यवस्थापनको न्यूनतम कुरा माओवादीका सेनालाई क्याम्पमा लिएपछि शुरु हुन्छ। हतियार प्रमाणीकरण गर्ने, उनीहरुको गणना गर्ने तथा लडाकु र हतियार छुट्याउने काम त्यसपछि शुरु हुन्छ। संयुक्त राष्ट्रसङ्घलाई लेखेको पत्रका आधारमा काम शुरु भएको भए अहिलेसम्म पहिलो चरणको काम सम्पन्न भइसक्ने थियो। तर, शुरु नै नगरेर कसरी हतियार व्यवस्थापन गर्न सकिन्छ ? कसरी समयमै काम सम्पन्न गर्न सकिन्छ ? अब हामीले कति इच्छाशक्ति र निर्णयशक्ति राख्छौँ भन्ने कुरामा नै यो कुरा पनि निर्भर हुन्छ।

० **अब संविधानसभाको निर्वाचन हुन्छ भन्नेमा विश्वस्त हुन सकिन्छ ?**

- हामी विश्वस्त भएर चुप बस्न सक्दैनौँ। संविधानसभाका मार्गमा अनेक बाधा, अवरोध, वहानावाजी र चालवाजीहरू हुनसक्छन् भन्ने कुरालाई हामी कदापि नजरअन्दाज गर्न सक्दैनौँ। हरदम चनाखो, सचेत र जागरुक भएर हामीले त्यस्ता षड्यन्त्रहरूलाई चिर्नुपर्छ र मुलुकलाई संविधानसभाको निर्वाचनमा पुऱ्याउनुपर्छ।

# एकै मिनेट मात्र

**' प्रदीप नेपाल**

'-....सुरुङ खनेर भागेछन् । तीस-चालीस जना छन् रे ! नक्सलाइट हुन् रे ...!' बसमा चढ्नेबित्तिकै हामीले सुनेको पहिलो वाक्य त्यही थियो । त्यो वाक्यले हाम्रा कानलाई तीखा बनाइदियो । हाम्रा खुट्टाहरू थाहै नपाई सतर्क भए र मलाई लाग्छ त्यो वाक्यले हाम्रो शरीरका रौँहरूलाई पनि ठाडो पारिदियो ।

'सरकार पूरै शक्ति लगाएर तिनलाई खोजिरहेछ । लामो सुरुङ छ रे ! सुरुङमा बम फिट गऱ्या छ रे ! सुरुङभित्र मान्छे पस्नेबित्तिकै बड्याङ्गै विस्फोट हुन्छ रे ! त्यसैले अहिले त्यहाँभित्र कोही छिर्न सकेकै छैन रे ...!'

आफ्नो काम दन्त्यकथा बनेर अभूतपूर्व भएको सुन्दा मलाई अनौठो लाग्यो । आफूले गर्दै नगरेका अभूतपूर्व कामहरू आफ्नै नाममा समर्पित भएर त्यहाँ पोखिएको सुन्दा रमाइलो पनि लाग्यो । तर, त्यसले मलाई असतर्क हुन दिएन । मैले आँखा घुमाएर बसभरि नियालेँ । त्यस्तो डराउनुपर्ने त्यहाँ कुनै आकृति थिएन ।

'तपाईंहरू कहाँबाट आउनुभा !' हामी उभिएकै किनारमा बसेको मान्छेले हामीतिर अनुहार उचालेर सोध्यो ।

हाम्रो डराएको मन झसङ्ग झस्कियो तर पनि आफूलाई सम्हाल्दै अशोकले जवाफ दिनुभयो, 'त्यहाँ अलिक पूर्व थोरै खेती छ त्यहीँसम्म गर आ ।'

'अन्त घर कता पऱ्यो ?'

त्यो मान्छेको सोध्ने शैलीले मलाई अरू त्रसित बनाइदियो । कतै यो मान्छे ... मेरो मनले परको कुरा सोच्यो ।

'पहिले बेतियामा थियो । अहिले वीरगन्जमा छ,' अशोकले पहिलेजस्तै शान्त स्वरमा जवाफ दिनुभयो ।

गाडी गुडिरहेको थियो र हाम्रो दाहिनेतिरको सिटमा बस्ने मान्छेले हाम्रो पुरुषार्थ पनि बखानिरहेको थियो । अमलेखगन्जमा पुगेपछि तीन जना मान्छेहरू बसबाट उत्रिए । हामी कुरा सुन्न छोडेर त्यही खाली सिटमा बस्यौँ ।

वरिपरिका मान्छेले हामीलाई नियालेर हेरे तर कसैले केही सोधेन । पथलैयामा आइपुग्दा हामीले सात-आठवटा बसहरू क्यू लागेर बसेको देख्यौँ । हरेक कुरालाई शङ्काको आँखाले मात्र हेर्ने हाम्रो मन सतर्क भइहाल्यो । हामीले वीरगन्जको टिकट काटेका थियौँ । तर पनि क्यूमा उभिइरहेको बसमा निश्चल भएर बसिरहन हामीलाई मन लागेन ।

'कोक, बियर केही पाइन्छ कि ! तल जौँ ! साह्रै गर्मी भो !' अशोकले भन्नुभयो । हामी पछिल्लो ढोकाबाट बाहिर निस्कियौँ । मैले ढोकाबाट ओर्लिंदै गर्दा बसभित्र पुलुक्क चियाएँ । सुरुमा हामीलाई घर कहाँ भनेर सोध्ने मान्छे नियालेर हामीतिर हेरिरहेको थियो ।

हामी नजिकैको पसलमा पुग्यौँ ।

'दुई जनाचाहिँ भागे । दुई जना पक्राउ परे । भन्न त ज्यानमारा, डाँका भन्छन् तर कलिला केटा रहेछन् ....।' पसले कसैलाई सुनाउँदै थियो ।

'के भएछ ?' मैले अनजान जसरी सोधेँ तर पसलेको भनाइले के कुरा छर्लङ्गै पारिसकेको थियो भने हाम्रै कोही दुईजना साथीहरू त्यहाँ पक्राउ पर्नुभएको थियो ।

कोकका दुइटा बोतल दिँदै पसलेले भन्यो, 'झ्यालखान फोरेर तीस-चालीस जना कैदी भागेछन् । अस्ति हो क्यारे ! तीमध्येका दुईजना पक्राउ परे ।'

'यहीँ ।' कोक पिउँदै गर्दा मैले सोधेँ ।

'अँ । ऊ त्यहाँ हेर्नुस् न ! पुलिस ऊ त्यो बसमा खानतलासी गर्दैछ ।' मैले पसलेले इशारा गरेको बसतिर हेरेँ । त्यो बसभन्दा पछाडि एउटा बस थियो, त्यसपछि हामी चढेको बस थियो ।

अब हामी पुलिसको हातमा पर्ने कुरा निश्चितै थियो । मैले अशोकलाई हेरेँ । अशोकले मलाई हेर्नुभयो । हामीले आँखैले एकअर्कालाई सतर्कताको सन्देश सुनायौँ ।

'बस चेकिङ हुँदैछ । यसो पिसाब फेरिहालौँ ।' अशोकले कोकको बोतल राख्दै भन्नुभयो- 'यहीँ पछाडि गए हुन्छ नि ?'

'हुन्छ, हुन्छ जाओस् न !' पसलेले निःसङ्कोच भएर भन्यो । हामी विस्तारै पसल पछाडि गयौँ ।

हामीलाई त्रासको पसिनाले सताउन थालेको थियो । हामी थाहा नपाउने तरिकाले छिटोछिटो पाइला चलाउने कोसिस गर्दै थियौँ । पाइला घिसार्दै मैले टाउको घुमाएर पछिल्तिर हेरेँ । पातला रूखहरूको पारिपट्टि बसहरूको लामो लहर दक्षिणतिर मुख फर्काएर सुतिरहेको रङ्गीबिरङ्गी रेलजस्तो देखिन्थ्यो ।

हामीले आफ्नो गतिलाई अलिकति बढायौँ । अरू केही पाइला चालेर मैले फेरि टाउको घुमाएर पछिल्तिर हेरेँ । जङ्गल निकै बाक्लिइसकेको थियो । उताबाट नियालेर हेर्दा पनि हाम्रो आकृतिलाई नियाल्न गाह्रै पर्थ्यो । हामीले आफ्नो गतिलाई अलिकति घटायौँ र वरिपरि हेऱ्यौँ । दाहिनेतिर माथि दुईवटा गाईहरू सुस्ताएर उभिएका थिए ।

हामीले छाड्तोस् ठोक्यौँ ।

जङ्गलका रूखहरूले हामीलाई छेक्न भ्याएनन् । ठाउँठाउँका झुँडीहरूले हामीलाई रोक्न पाएनन् । न हामीले खाल्डाखुल्डी देख्यौँ, न ठाउँठाउँमा लडेका मुड्का र हाँगाबिँगाले नै हामीलाई देखे ।

स्वाँ-स्वाँ बढेर छात्ती दुख्न थालेपछि हामी रोकियौँ । त्यतिबेला मात्रै हामीलाई थाहा भयो-थकाइले हामीलाई लखतरान पारेको थियो । हामी आलस-तालस थियौँ । हाम्रो छाती खलाँतीजसरी हल्लिरहेको थियो । हामीअघिको आकाश धमिलिँदै गएको थियो ।

'अबचाहिँ म यी किताब बोक्दिनँ'- मैले कम्मरमा घुसारेको माओत्सेतुङका कविताहरू र तीन लेखको सानो पुस्तिका झिक्दै भनेँ । ती दुवै पुस्तकहरूलाई मैले जेलदेखि नै जतन गरेर बोकेको थिएँ । तिनलाई जसरी पनि लक्ष्यसम्मै पुऱ्याउँछु भन्ने अठोट पनि मभित्र थियो । तर, पथलैयामा भएको झन्डैको जम्काभेटले मेरो अठोटलाई हल्लाइदिएको थियो । ती दुवै किताबलाई फ्यात्त भुइँमा फ्याँक्न मलाई मन लागेन । मैले वरिपरि हेरेँ । नजिकै एउटा सालको फेद खोपिएर खाल्टोजस्तो परेको थियो । मैले त्यही फेदको खाल्टोमा लगेर किताब राखिदिएँ ।

'अब उठौँ ।' एकछिन थकाइ मारेपछि अशोकले भन्नुभयो- 'वीरगन्ज यहाँबाट धेरै टाढा छ । हामी बाटोबाट धेरै पश्चिम आइसकेका छौँ । अझै पश्चिम जाँदा हामी ठोरीको बाक्लो जङ्गलभित्र पस्नेछौँ । त्यता नजाऊँ । अब विस्तारै दक्षिणतिर लागौँ । हामी कतै न कतै बस्तीमा निस्कन्छौँ ।'

त्यताको भूगोलका बारे बिलकुल अज्ञानी भएकाले म केही बोलिनँ । उहाँ अगाडि लाग्नुभयो, म लुरुलुरु पछाडि लागेँ ।

पृथ्वीमा रात ओर्लियो तर हामी जङ्गलभित्रै थियौँ । पथलैयामा हामीमाथि आइलाग्ने डर अब हामीबाट टाढा भागिसकेको थियो । पूर्वी आकाशको डिलमा उज्यालो जून झुल्किएपछि त हाम्रो आत्मविश्वास झनै बढेर गयो, 'रातभर जङ्गलैजङ्गल हिँड्न परे पनि केही छैन, उज्यालो हुँदा नहुँदै हामी सिमाना काट्छौँ ।'

म यात्राका बारेमा मौन थिएँ । अरू केही विषय उक्काउन चाहिँ म भुल्दिनथेँ । यसले गर्दा हामी दुवैलाई आफ्नो यात्रा सुगम लागिरहेको थियो ।

'अब त गाउँ आउन थाल्नुपर्ने'- आठ बजेतिर अशोकले भन्नुभयो- 'यतातिर म घुमेको छु, अब बस्ती आउनुपर्ने, जङ्गलको यो छेउतिर हात्तीसात्ती पनि आइपुग्छन् ।'

अब पुलिस होइन, जङ्गली जनावरको डरले हाम्रो मनलाई सताउन थालेको थियो किनभने कुराहरू घुमिफिरी बाघ, भालु र हात्तीकै आउने गर्थे । रात शीतल थियो । तर, हतारिएको यात्रा र आत्तिएको मनको कारणले हामी पसिनाको छिपछिपे दहभित्र विस्तारै डुब्दै थियौँ ।

पूर्व-दक्षिण कुनामा झिलीमिली बलिरहेका बाक्ला बत्तीहरूले हाम्रा आँखालाई झिलिक्क पारे । हामी जङ्गलको डिलैमा पुगेका थियौँ र हाम्रा अगाडि अन्धकारको एउटा ठूलो फाँट थियो । हाम्रा आँखालाई झिमझिम्याउने त्यो बत्तीको लहर पनि निकै पूर्व र थोरै दक्षिणमा थियो ।

'त्यो परवानीपुर हुनुपर्छ ।' अशोकले अँध्यारोलाई वरिपरिबाट हेरेपछि भन्नुभयो, 'हामी त भर्खर यहाँ पो आएछौँ ! जङ्गलमा त हामी दक्षिण थोरै पश्चिम धेरै दौडिएछौँ ।'

हामीले गाडा चल्ने एउटा बाटो भेट्यौँ र त्यही बाटोबाट दक्षिण-पूर्वी दिशातिर लाग्यौँ । रात सुनसान भए पनि अघिसम्म हाम्रो मनमा लोलाइरहेको डर हामीबाट हराइसकेको थियो । जङ्गली जनावरहरूको जङ्गललाई हामीले पार गरिसकेका थियौँ र जीवनको सङ्केत हाम्रो नजिकनजिक आउँदै थियो । अब मलाई पनि विश्वास लाग्दै थियो- हामी उज्यालो हुनअघि नै वीरगन्ज पुग्नेछौँ र सिमाना काटेर पारि पुग्न सक्नेछौँ ।

उताबाट आएको एउटा मान्छेसँग भएको जम्काभेटले हामीलाई झसङ्ग पाऱ्यो । हामी जसरी नै त्यो एक्लो मान्छे पनि एकचोटि नराम्ररी अत्तालियो ।

'को हो ?' पहिले उसले सोध्यो ।

'तपाईं को हो नि ?' हामीले प्रतिप्रश्न गऱ्यौँ ।

उसले जीतपुर या गोविन्दपुरजस्तै कुनै एउटा गाउँको बासिन्दा भएको बतायो र ऊ क्याम्पसमा पढ्दो रहेछ र घरमा आउने-जाने गरिरहँदो रहेछ ।

उसको छोटो परिचय सुनेपछि अशोकले भन्नुभयो, 'हामी काठमाडौँबाट आएका विद्यार्थी हौँ । हाम्रो आफन्तको घर वीरगन्जमा छ । आज बिहान तपाईंको गाउँ घुम्नुपऱ्यो, हेर्नुपऱ्यो भनेर परवानीपुरबाट यता लागेको हराइयो ।' आफ्नो कुरालाई रोकेर उहाँले फेरि सोध्नुभयो-'परवानीपुर त्यही बत्ती बलेको होइन त ?'

त्यो युवक सहृदयी खालको मान्छे हो जस्तो मलाई लाग्यो । हाम्रो कथा सुनेपछि उसले हामीलाई त्यो रात उसकै घरमा बसौँ- भोलि बिहान वीरगञ्ज जाउँला भन्यो । भोक, थकाइ र दिक्दारीले उसको प्रस्ताव स्वीकार्न पर्छ कि जस्तो मलाई लागिसकेको थियो । मैले जूनको मधुरो उज्यालोमा अशोकको अनुहारमा हेरेँ । उहाँले पनि मेरो मुखमा पुलुक्क हेर्नुभयो । मलाई लाग्यो उहाँको मनमा पनि त्यस्तै भावना नाचिरहेको छ ।

सायद युवकले हामीले अप्ठ्यारो मानेको ठान्यो । त्यसैले आफ्नो कुरामा अलिक बढी जोड दिँदै उसले भन्यो- 'तपाईंहरूले त्यस्तो अप्ठ्यारो मान्नु पर्दैन । हाम्रो घरमा बस्नेखाने कुनै असुविधा छैन । वीरगन्जबाट डीएसपी, सीडीओ साहेब यतातिर आउँदा हाम्रै घरमा बस्नुहुन्छ र हाम्रो घर पनि पक्का छ ।'

युवकको स्पष्टीकरणले हाम्रो सोचाइलाई छड्गाछुर पारिदियो । 'त्यसो भए यो कुनै जमिनदार पुत्र हुनुपर्छ ।' मैले मनमनै भनेँ र एकछिन केही सोचेजस्तो भान पारेर भनेँ-'सहृदयताका लागि धेरै-धेरै धन्यवाद छ । तर, हामी भोलि काठमाडौँ फर्किने

मान्छे- तपाईंको घरतिर जाँदा हिँडाइ उल्टो पर्छ । अब एकाध घन्टा हिँड्दा हामी परवानीपुर पुगिहाल्छौँ । त्यसैले अब बिदा हौँ ।'

त्यो युवकले हाम्रो भनाइमा कुनै अस्वाभाविकता भेटेन । ऊ आफ्नो बाटो लाग्यो । हामी पनि लाग्यौँ । ऊ नदेखिने भएपछि अशोकले हाँस्तै भन्नुभयो, 'हाम्लाई नै संयोगचाहिँ बिचित्रकै आइलाग्छ । खानपिन गरेर रातभर आराम गरौँला भनेको त सीडीओको सेक्टर पो परेछ ...।'

'नोक्सान भएन,' मैले पनि हाँस्तै भनेँ, 'अब बाटामा कसैले सोध्यो भने हामी त्यही गाउँबाट आएको र वीरगन्ज हिँडेको भन्नुपर्छ ।'

हामीलाई परवानीपुर जानु थिएन । त्यसैले हामी त्यो झिलीमिली बत्तीलाई देब्रे किनारमा छोड्दै दक्षिणतिर लाग्यौँ ।

रात गहिरिँदै थियो र त्यो गहिरोपनाले अशोकको दिमागलाई पनि भ्रममा सन्नाटातिर धकेल्दै थियो । म त त्यस क्षेत्रका लागि अपरिचित नै थिएँ तर उहाँ पनि विस्तारै अन्योलको बादलभित्र रुमल्लिन थाल्नुभएको थियो । परवानीपुरको बत्ती त धेरै पहिले उत्तरतिर छुटिसकेको थियो तर देब्रे क्षितिजका प्रत्येक बत्तीका लहरलाई उहाँ वीरगन्ज नै देख्न थाल्नुभएको थियो । उहाँका कुरा सुन्दा एकछिनका लागि म वीरगन्ज नाघियो, अब चाँडै सिमाना काटिन्छ भनेर फुरुङ्ग पर्थें तर अर्को बत्तीको लहर देख्नासाथ जब उहाँ 'ए अघिको होइन रहेछ, यो पो बीरगन्ज हो कि !' भन्नुहुन्थ्यो, त्यतिबेला लल्याकलुलुक भएर मेरा नौनारी गल्थे ।

रातको एघार बजे हामी एउटा गाउँमा पस्यौँ । कुकुरहरूले सन्नाटालाई ब्यूँझाएर हामीलाई स्वागत गरे । अशोक तराईका गाउँहरूमा रातविरात हिँड्न अभ्यस्त हुनुहुन्थ्यो । त्यसैले त्यो कुकुर भुकाइलाई उहाँले वास्तै गर्नुभएन । कुकुरहरू भुकिरहेका थिए, हामीहरू सुन्दै नसुनी हिँडिरह्यौँ ।

'कहाँ जाने हो'- भोजपुरी भाषामा बोलिएको स्वरले हामीलाई टक्क रोक्यो । त्यो आधा रातमा हामीलाई एक्कासि रोक्ने को हो ? हामीले ठिङ्ग उभिएर आफ्नो दाहिनेतिर हेर्‍यौँ, तीन-चार जना महिलाहरू जूनको शीतल तापेर बसिरहेका जस्ता लाग्थे ।

'हामी वीरगन्ज जाने हो माई' अशोकले भोजपुरीमै जवाफ दिनुभयो । 'हामी .... गाउँबाट साह्रै ढिलो भो' उहाँले अघिको युवकले दिएको जानकारीलाई प्रयोग गरिहाल्नु भयो ।

'यति राती कहाँ वीरगन्ज जान्छौ ?' बूढीले मायालु स्वरमा भनिन्, 'भोलि बिहानै उठेर जानु । यो गाउँका अरू मान्छे पनि जान्छन् ।'

'महिलाहरू, अझ बूढापाका महिलाहरूले दुःखमा परेका मानिसहरूप्रति दया र स्नेह जनाउनु खास अनौठो हुँदैन' मेरो मनले लोभलाग्दो पाराले भन्यो । म थकाइ र भोकले लखतरान परिसकेको थिएँ र सानोतिनो खतरा आइहाले पनि आरामै गर्नुपर्छ भनेर मेरो मनले मत दिएको थियो ।

'बसौँ क्यार'- अशोकले सानो स्वरमा भन्नुभयो- 'रातभरि हिँडे पनि अर्थ हुँदैन जस्तो छ । वीरगन्ज अझै टाढा छ क्यार ! यो गाउँमा पनि कुनै खास खतरा छैन ।'

हामी दुवैको मन मिलेको थियो । हामी आँगनमा पुग्यौँ । बत्तीको मधुरो उज्यालोमा ती तीन जना महिलाले हामीलाई नियालेर हेरे । बूढीचाहिँले चुकचुक गर्दै भनिन्- 'कति कलिला नानी पो रहेछन् !'

उनैले हामीलाई एउटा झुप्रोमा लगिन् र एउटा चटाई देखाउँदै भनिन्, 'हामी गरिबको घरमा केही छैन, नानी हो । गर्मी छ, आज यत्तिकै सुत । भोलि बिहानै जाउला'- उनी एकछिन चुप लागिन् र सोधिन्- 'अनि, केही खाएका त छैनौ होला ?'

'अँ वीरगन्ज पुगिहालिन्छ भन्ने सोचियो- खान त त्यत्तिकै भयो । तर, बेलुका अघाउँजी खाइयो- भोकै लागेको छैन'- खान पाइन्छ कि आशमा आफ्नो इज्जत धान्न खोज्ने अशोकको बोली सुन्दा त्यो दिक्दारी बीचमा पनि मलाई हाँस उठ्यो ।

'कठैवरा !' बूढी आमैले मायालु स्वरमा भनिन् र झुप्राबाट फुत्त बाहिर निस्किन् ।

हामी भित्ताको आड लिएर टुसुक्क बस्यौँ । आपतका बेला पाएको आश्रय र चटाइले हामीलाई स्वर्गीय आनन्द दिइरहेको थियो । 'हामी अब सुत्ने प्रयत्न गरौँ । बिहान तीन-चार बजे उठेर कुद्न पाइयो भने बेलैमा पारि पुग्न सकिएला ।' त्यो आनन्दभित्र रुमल्लिन खोज्ने मनलाई वास्तविकताको धुरीतिर फर्काउँदै मैले सकेसम्म सानो स्वरमा भनेँ- 'अब त हामी वीरगन्जको सीधै पश्चिम आइपुग्यौँ होला । सीमा काट्न एकाध घण्टा पनि नलाग्ला ।'

'खै कहाँ आइयो- आइयो, अब त मै पनि रनभुल्लनमा परेँ । अब त वीरगन्ज आउनैपर्ने जस्तो लाग्छ'- स्वरमा उदासिनता भर्दै अशोकले भन्नुभयो- 'तर, जे भए पनि हामी अहिले सुत्नु नै वेश होला । घरको स्थिति हेर्दा सुरक्षित ढङ्गले एक-दुई घण्टा निदाउन पाइन्छ कि जस्तो छ ।'

आफ्नो पछिपछि एउटी महिलालाई लिएर अघिकी बूढी आमै भित्र पसिन् । हामीले आफ्नो कुराकानी बन्द गर्‍यौँ र उनीहरूतिर हेर्न थाल्यौँ । महिलाले हातमा सिलबरे थाल र एउटा कचौरा समातेकी थिइन् । बूढी आमैको हातमा लोटा थियो ।

'खान पाइने भयो' मेरो मनले दङ्ग परेर भन्यो ।

'लौ खाओ नानी हो !' बूढी आमैले सबैथोक भुइँमा राखेर भनिन्, 'यो रातीमा खाने त के नै छ र तर पनि भोको पेट सुत्नु हुँदैन ।'

थालमा बाक्ला तीनवटा रोटीहरू थिए । रोटीको छेउमा काटिएका प्याजका टुक्राहरू थिए र कचौरामा तरकारी थियो । रात कटाउन सकिने त्यही खानाले हामीलाई एकभारी साहस पनि दियो ।

'रातीमा माईलाई दुःख भो,' रोटी चुँडेर खान थाल्दै अशोकले भोजपुरीमै भन्नुभयो ।

'केको दुःख छ ?' आमासँग आएकी महिलाले हामीले नचिताएको ढङ्गमा नेपालीमा भनिन्- 'हाम्रो मान्छे पनि परदेश गैजान्छ । हामीले यहाँ आएको परदेशीलाई राम्रो गर्‍यो भने हाम्रो मान्छेलाई पनि परदेशमा राम्रो गर्छ ।'

खानेकुरासँग सम्बन्धित हाम्रा टिप्पणीहरू वास्तवमा हाम्रा आदर्श वचन मात्र थिए । त्यसैले त्यो प्रसङ्गलाई अगाडि नबढाई हामी खपाखप खान थाल्यौं ।

तेस्रो रोटीको अलिकति हिस्सा मात्र बाँकी थियो ।

'तिमीहरूलाई देख्दा मलाई आफ्नै छोरो फर्केजस्तो लाग्यो । तिमीहरूकै उमेरको मेरो पनि एउटा छोरो छ । जागिरमा छ । आज आइपुग्नुपर्ने । आउँछु भनेर खबर पठाएको थियो । त्यसैले म उसैलाई कुरेर बसिरहेकी थिएँ । ऊ आएन, तिमीहरू आयौ । त्यसैले मलाई आफ्नै छोरो आएजस्तो लाग्यो,' बूढी आमैले मायाको मुहान फोर्ने पाराले आफ्नो दुखेसो पोखिन् ।

'तपाईंको छोरो कहाँ हुनुहुन्छ ?' अन्तिम गाँस रोटी निलेपछि पानी पिउने तरखर गर्दै अशोकले सोध्नुभयो ।

'जागिरमा छ ।'

'के जागिर ?'

'पुलिसमा सिपाही भैगएको छ ।' यसपालि ती महिलाले नेपालीमै भनिन् । महिलाको आवाज सकिन पाउँदा नपाउँदै हामी क्षणभरका लागि सालिक नै भयौं । तर, ती अबोध महिलाहरूले हाम्रो त्यतिबेलाको झस्काइलाई पटक्कै ठम्याएनन् । आफूलाई सम्हाल्न पनि मौका मिलोस् भनेर अशोकले घटाघट पानी पिउनुभयो । त्यसैबेला मैले सोधेँ, 'तपाईंको छोरो कुन ठाउँमा हुनुहुन्छ ?'

'धेरइ टाढा छ' नेपाली बोल्ने महिलाले भनिन् । उनको जवाफले मलाई अलिकति आड दियो । धेरै टाढाको जागिरे पुलिस रातको बाह्र बजे घर आउने सम्भावना धेरै कम थियो । आइहाले पनि राती नै त्यसले हाम्रा बारेमा सोधखोज गर्ने, हामीलाई हेर्ने र चिन्ने कुराको सम्भावना पनि कमै थियो । 'बरु हामी चाँडै खानपिन गरेर बत्ती मारेर सुतिहाल्नुपर्छ । खाँदाखाँदै र कुरा गर्दागर्दै पुलिस आइपुग्यो भने आफूलाई बचाउन हामीलाई समस्यै पर्छ, मैले मनमनै हिसाब लगाएँ र चुठ्न निस्केका बेला अशोकलाई भनें ।

'माई, रात धेरै बित्यो । हामी थाकेका पनि छौं । बिहान चाँडै हिँड्नुछ । अब सुत्नु पर्ला,' सल्लाहकै हिसाबले अशोकले मिलाएर बिदा माग्नासाथ बूढीआमै लौ सुत भन्दै महिलालाई लिएर बाहिर निस्किन् । हामीले बत्ती पनि उनकै जिम्मामा दियौं । उनीहरू जान भ्याउँदा नभ्याउँदै हामीले ड्यामडुम ढोका लगायौं । 'अब निदाइहालेजस्तो गर्नुपर्छ र सानोतिनो बोलाइ सुन्नु हुँदैन । बिहान उज्यालो हुँदा हामीले पाँच-सात किलोमिटर बाटो नाघिसकेको हुनुपर्छ ।'

हामी चटाइमाथि पल्टियौं र छानातिर हेर्दै लोलाउने प्रयत्न गर्न थाल्यौं । मेरो दिमाग चक्रको पाङ्ग्राजस्तो फनफनी घुमिरहेको थियो । बस चढेदेखि नै विचित्रखाले संयोगहरूले हामीलाई पछेटो खेदिरहेका थिए । हाम्रा मानसिक सुरक्षा-स्थलहरू यथार्थका सङ्कटपूर्ण खाडलहरूमा परिणत हुन खोजिरहेका थिए । त्यसैले मेरो मन सीमा पार गर्न झन् आतुरिएको थियो किनभने सिमानाको वारिपट्टि रहुन्जेल त्यस्ता संयोगहरूले हामीलाई बारबार पछ्याउन सक्थे ।

रातको तीनघण्टा तन्द्रामा बित्यो । बाहिर मानिसहरूको खोकखोकले तराईको बिहानीको सङ्केत दिन थालेपछि म सुतेको ठाउँबाट उठें । अशोक पनि ब्यूँझिनु भएछ । 'पुलिस भाइ आएन, एउटा खड्गो काटियो, अब बाटो लागौं ।'

छोराको आशमा रात गालेकी बूढी माईसँग बिदाबारी भएर हामी बाटो लाग्यौं । फराकिलो बाटो र हुर्किंदो उज्यालोमा हाम्रो यात्राको गति सन्तोषजनक थियो तर देब्रेतिरको वीरगन्जले आफूलाई अझै देखाउन मानिरहेको थिएन । त्यसले हाम्रो मानसिक पीडालाई भने नजानिँदो पाराले बढाइरहेको थियो ।

घामले तराईका फाँटहरूलाई चुम्बन गरेपछि मात्र अशोकले थाहा पाउनुभयो, अझै हामी वीरगन्जभन्दा एकाध घण्टा उत्तर-पश्चिम दिशामै थियौं । यो ज्ञान हामी दुवैका लागि खुशीको विषय थिएन । त्यतिबेला हामी एउटा नहरको डिलमा थियौं । त्यही डिलमा ठिङ्ग उभिएर हामीले छोटो सल्लाह गर्‍यौं ।

'अझै सीमा काट्न दुई-तीन घण्टा लाग्छ के गर्ने ?' अशोकको यो प्रश्नको मसँग कुनै जवाफ थिएन ।

'हामी बजारको पश्चिममा पुगौं । वीरगन्जमा मेरो सानिमा र भिनाजुको घर छ । कतै पनि लुसुक्क छिर्न सकिन्छ । दुईमध्ये कुनै एक ठाउँमा पसेर अलिकति पैसा खोजौं र खानपिन गरेर पूर्वतिरबाट सिमाना काटौं । मैले बाटो देखेको छु ।'

अशोकको प्रस्तावको विरोध गर्ने मसँग कुनै आधार थिएन । मैले मौन सङ्केतले प्रस्तावको समर्थन गरें । हामी बाटो लाग्यौं ।

अशोक त्यो इलाकाको राम्रै जानकार हुनुहुँदो रहेछ । खेत, स-साना बस्तीहरू र साह्रै साँघुरा गल्लीहरू नाघ्दै हामी वीरगन्ज बजारको सडकको डिलमा निस्कियौं । त्यतिबेला बिहानको आठ बजेर केही मिनेट गएको थियो ।

गर्मीको बिहानीमा सडकमा मान्छेको भीड थियो । अशोकले एकक्षण पनि अलमल नगरी एउटा रिक्सा लिनुभयो । रिक्सामा चढेका हामी दुई युवालाई त्यहाँका कुनै मान्छेले खास ध्यान दिएनन् । रिक्सा सुलुसुलु गुडेर सडकलाई नमस्ते गर्दै एउटा ठूलो गल्लीमा पस्यो । त्यो दक्षिण मोडिएर अर्को सानो गल्लीभित्र पस्यो र फेरि पूर्व मोडियो । अलिकति अगाडि एउटा दोबाटोको मुखमा अशोकले रिक्सा रोक्नुभयो ।

पैसा समातेको रिक्सावाल पछाडि फर्केर अलिक पर नपुगुन्जेल हामी त्यहीं उभिरह्यौं । मैले आफूलाई सकेसम्म शान्त बनाएर वरिपरि नियाल्ने प्रयत्न गरें । त्यहाँबाट देखिँदासम्मको स्थिति शान्त र सन्तोषजनक थियो ।

दुई-चार पाइला अघि बढेर हामी एउटा सानो भुइँतले घरको गेटमा पस्यौं । अशोक परिचित पाइला चाल्दै घरको एउटा कोठामा छिर्नुभयो ।

'वाफ रे !' एक जना अधवैंशे उमेरको डिलमा उभिएका मानिसले खुसी, आश्चर्य र त्रास मिसिएको भावमा हाम्रो स्वागत गर्नुभयो, 'होइन कसरी उम्कियौ ? उहाँ साथी को ? यहाँ वीरगन्जमा तिम्रो व्यापक खोजी भइरहेको छ । पर सानिमाको घरमा सीआईडीले निगरानी गरिरहेको छ । तिमीहरू भाग्यौ भनेर यहाँ अस्तिकै दिन खबर आइसकेको थियो ।'

मलाई अनौठो लाग्यो । शत्रु कति सतर्कतापूर्वक हाम्रो पछि लागेको छ ? कुनै सरकारी रेकर्डमा उल्लेख नगरिएकी सानिमा पनि उनीहरूको लिष्टमा चढिसक्नुभएको थियो । हाम्रा लागि त्यहाँबाट केही सहयोग पाइने सम्भावना पनि समाप्त भएको थियो ।

'हामी दुवै सँगै हिँडेका साथी हौँ' अशोक आफ्नो भिनाजुलाई भन्दै हुनुहुन्थ्यो । 'हामी बडो दुःखले यहाँसम्म आइपुगेका छौँ र तुरुन्तै हामी पारि जान चाहन्छौँ । तर, हामीसँग पैसा छैन र अलिकति खानपिन गर्न पाए ढुक्क पनि भइन्थ्यो....।'

भिनाजु अलिकति आँटी र बुझकी मान्छे हुनुहुँदो रहेछ । अशोकको लामो विवरण सुनिसकेपछि उहाँले हामीलाई हलुङ्गो पार्दै भन्नुभयो- 'यहाँसम्म पुलिस आउँदैन । म अफिसमा काम गर्ने मान्छे हुँ । त्यसैले चिन्ता नगरी खानपिन गर । आराम गर । भरे चार बजेतिर यहाँबाट हिड्यौ भने बेलैमा पारि पुग्छौ । यत्रो लामो बाटो त काट्यौ भने अब तिमीहरूलाई कसैले भेट्दैन ।'

भय र त्रासको भुमरीमा रुमल्लिएका हामीलाई भिनाजुका भनाइहरू अमृत-वचन लागे । अब साँच्चै उम्किइयो त ? मैले आफूलाई नै सोधेँ ।

'तपाईं एकपल्ट सानिमाकहाँ गैदिनोस् । दुई-चार सय रुपियाँ छ भने मागेर ल्याइदिनोस् । हामीसँग एक सय चानचुन रुपियाँ मात्र छ । सबै पैसा साटेर ल्याइदिनोस्,' अशोक त्यतिबेला काम अह्राउँदै हुनुहुन्थ्यो ।

आफ्ना छोराहरूलाई केही काम अह्राएर हामी बसेको कोठालाई ढ्याम्म लगाएर भिनाजु बाहिर निस्किनुभयो । हामी एक-एकवटा खाटमा पल्टियौँ । आशा र निरासाको दोसाँधमा हामी दुवैको मन रुमल्लिइरहेको थियो ।

हामीले मीठो र तातो चिया खायौँ । बाहिर पाकिरहेको तरकारीको बास्नाले सिङ्गै घरलाई धपक्क ढाकेको थियो र हामी तन्द्राभित्रभित्रै निदाउन लागेका थियौँ ।

ढोका घरक्क उघ्रियो ।

'सानिमाको घरमा कुरा गर्न मिलेन । बिहान मात्रै त्यहाँ पुलिसहरू गएका रहेछन् । सीआईडी बसिरहेको छ । तिम्रै कुरा भइरहेको छ । हतारमा मैले पनि पैसा खोज्न सकिनँ । अलिकति पैसा खोजखाज गरेर एक सय भारु साटेर ल्याएको छु । तिमीहरू यति भए गोरखपुर पुगिहाल्छौ । आज दिनभरिमा मौका मिल्यो भने म सानिमालाई खबर गरौँला ...।'

भिनाजुका लामा कुराले हामीलाई शान्ति दिन सकेन तर त्यसले हाम्रो सतर्कताको भावनालाई बढाइदियो । 'भिनाजुकै पिछा हुँदैन भन्ने के ग्यारेण्टी छ र ? त्यसैले हामी चाँ-चाँडो खाना खाएर निस्कनु नै उपयुक्त हुन्छ ।' मैले मनमनै भनेँ ।

स्थितिले त्यस घरका किशोर भानिजहरूलाई पनि चनाखो बनाइदिएको थियो । बाहिर कोही मानिस आउँदा उनीहरू सतर्क हुन्थे र हामीलाई खबर गर्न आइहाल्थे । भिनाजु अगाडि पाकेको भात खाएर 'सम्भव भयो भने बेलुका चार-पाँच बजे रक्सौल बजारको चोकमा पुग्नु भनेर सानिमालाई खबर गरिदिउँला, तिमीहरूले त्यो बेलामा त्यतातिर ध्यान दिनु' भन्ने सल्लाह दिएर अफिसतिर लाग्नुभयो । भानिजहरू हाम्रा लागि भात पकाउन थाले ।

हामी एकछिन झकाउछौँ । भानिजहरूले हामीलाई उठाए । भात पाकिसकेको थियो । 'यहाँ कोठामा थाल बोकेर आउँदा कसैले देख्यो भने अनौठो मान्छन्, भान्सा यहीँ ढोकाको आडैमा छ, फुत्त पसेर हातमुख धुनुस् र खाना पनि खाइहाल्नुस् ।'

हामीले भानिजहरूको आदेशको पालना गर्‍यौँ । खानपिन गरेर हामी फेरि कोठामा पस्दा साढे एघार बजिसकेको थियो र घरभित्र रापिलो गर्मी चढिसकेको थियो ।

'एउटा शङ्का लाग्दो मान्छेले पल्लो घरमा आएर हाम्रा बारेमा सोधपुछ गरेछ,' ठूलो भानिजले बाह्र बजेतिर हामीलाई सूचना गरे । 'हामीले खानपिन गरिहाल्यौँ । गोजीमा पैसा पनि छ । कमसेकम पारि पुगियो भने ढुक्कले सोचेर केही गर्न सकिन्छ ।'

'होइन, कसरी थाहा पाए होलान् ?' अशोक छक्क पर्नुभयो, 'सायद सानिमाको घरबाटै कसैले भिनाजुको पिछा गर्‍यो कि !'

'पानी खान पाइन्छ ?' बाहिरबाट एउटा मान्छेको आवाज आयो । भानिज ढोका खोलेर बाहिर निस्किए । उघ्रेको ढोकाबाट हामीले बाहिर हेर्‍यौँ- एउटा पेन्ट र सर्ट लाएको हट्टाकट्टा मान्छे हामी बसेको कोठालाई गहिरो गरी नियालिरहेको थियो ।

पानी पिउन आएको त्यो मान्छेले त्यहाँ धेरैबेर नचाहिँदो अलमल गर्‍यो । त्यसको अलमल जति लम्बिदै थियो- त्यति हामीभित्रको त्रास पनि बढ्दै थियो । पानी खाने निहुँमा आएको त्यो मानिसले शीतलमा बस्ने निहुँ गरेर दस मिनेट बितायो । यतिन्जेल हामी भित्रको खाटमा चालचूल नगरी बसिरह्यौँ तर हाम्रो मनले भनिरहेको थियो- यो दक्षिणतिरको झ्यालै फोरेर हिँड्न पाए पनि हुन्थ्यो ।

दक्षिणतिरको झ्याल फोर्नुपरेन । दस मिनेटपछि त्यो मानिस मूल ढोकाबाट बाहिर निस्कियो र भानिज भित्र पसे । अशोकले भानिजलाई तुरुन्तै त्यसको पछि लगाउनुभयो । एकछिनमा भानिज फर्किए र भने, 'त्यो मान्छे हेर्दा पुलिसजस्तै थियो । उता सडकतिर निस्कियो ।'

'बाहिर वातावरण ठीक छ ?'

'अँ, सुनसान छ ।'

हामी हतार-हतार लुगा मिलाएर त्यहाँबाट निस्कियौँ ।

मध्य दिउँसोको त्यो गर्मीमा सबैथोक शान्त थियो । सडकमा मानिसको चहलपहल पनि थिएन । मेरो मन ढुक्क भयो । 'हामीले फेरि एउटा खड्गो काट्यौँ'- मैले मनमनै भनेँ- 'अब जतिसक्दो चाँडो हामीले सीमा पार गर्नैपर्छ ।'

सुनसान सडकमा हामी धेरैबेर पूर्वतिर हिँड्यौँ । त्यसपछि सानो साइकल चल्ने त्यो बाटो पूर्व-दक्षिण हान्नियो । पन्ध्र-बीस मिनेट त्यसरी गएपछि हामीले पूर्वतिर लागेको मूल बाटोलाई छोड्यौँ र दक्षिणतिर लाग्यौँ ।

'यो तस्करहरू ओहोर-दोहोर गर्ने बाटो हो,' अशोकले ठिङ्ग उभिएर भन्नुभयो- 'त्यसैले कसैले बोलाए पनि नसुनेजस्तो गर्नुपर्छ । रोक्न खोजे रोकिनुहुँदैन । कसैले कहाँ जाने भनेर सोध्यो भने बनिगाउँ (या यस्तै कुनै एउटा गाउँको नाम) लिनुपर्छ । त्यो सिमानाको नेपालतिरको गाउँ हो ।'

'तपाईंलाई यो सबै कसरी थाहा भो ?' मैले पाइला चाल्दै सोधेँ ।

'अघि भिनाजुले भन्नुभएथ्यो,' अशोकले छोटो जवाफ दिनुभयो र हत्तारिला पाइला चाल्नुभयो ।

हामी अरू आधा घण्टा हिँड्यौँ । पर आँखाले भ्याउने ठाउँमा एउटा बाक्लो बस्ती थियो र गाउँको उतापट्टि एउटा सेतो खम्बा थियो ।

'अब हामी सिमानाको नजिकै छौँ,' कसैले कराएर हामीलाई हकार्‍यो ।

'तपाईं नबोल्नुहोला,' आफ्नो हिँडाइलाई अलिक मत्थर पार्दै अशोकले मलाई भन्नुभयो । मधुरो हिँडाइलाई घटाउँदै हामीले आवाज आएतिर हेर्‍यौँ । पर, तीन-चार गरा पर टाउकामा फेटा बाँधेका तीन जना मानिसहरू ठिङ्ग उभिएर हो, हो गरेर हामीलाई रोकिरहेका थिए ।

'यहीँ तलको गाउँमा जाँदैछौँ हो,' अशोकले पनि भोजपुरीमा जवाफ दिनुभयो । तर, उहाँ जवाफ दिन रोकिनुभएन । उहाँका पाइला फटाफट चले । म पनि पछिपछि लागेँ ।

'रुक हो, रुक, रुक !' त्यो मानिस फेरि करायो ।

'हामीलाई हतार छ । त्यही गाउँमा भेट्न आऊ,' अशोकले फेरि कराएरै जवाफ दिनुभयो ।

त्यो मान्छे हे हे गर्दै थियो । हामी नजिकिँदै गएको सीमास्तम्भलाई हेर्दै फटाफट पाइला चाल्दै गयौँ । म घरिघरि पछाडि फर्केर हेर्दै थिएँ । ती तीनै जना हामी भएतिर बढेनन् । एकछिन उभिएर हामीलाई हेरेपछि तिनीहरू विस्तारै उत्तरतिर लागे ।

हाम्रो अगाडि दशगजाको मैदान थियो । उमङ्गले हाम्रो मन चङ्गाजस्तै हलुङ्गो भयो । खुरुरुरु कुदेर हामीले दशगजा पार गर्‍यौँ । दशगजाको पल्लो छेउमा पुगेपछि हामी पल्लोपट्टि बुङ्ग हाम फालेर थ्याच्च बस्यौँ ।

'सबभन्दा ठूलो खड्गो पनि सजिलै काटियो,' अशोकले सुस्ताउन खोज्दै भन्नुभयो । त्यसबेला मात्रै मलाई आफ्नो शरीर पसिनै पसिनाले भिजेको थाहा भयो ।

# सुदूरपश्चिमाञ्चलमा पार्टी काम सुरु गर्दा

## ' युवराज ज्ञवाली

सुदूरपश्चिमाञ्चलको क्रान्तिकारी आन्दोलनका बारेमा चर्चा गर्दा भीमदत्त पन्तको नेतृत्वमा भएको किसान विद्रोहलाई सर्वाधिक महत्त्वपूर्ण र चर्चित घटनाका रूपमा लिनुपर्ने हुन्छ । भीमदत्त पन्त आफैँ कम्युनिस्ट नभए पनि उनी सामन्तवादविरोधी देशभक्त क्रान्तिकारी विद्रोही नेता थिए । 'जसको जोत, उसको पोत' को नाराका आधारमा जसरी देशका विभिन्न भागमा जमिनदारविरोधी ठूल्ठूला आन्दोलन र विद्रोह भएका थिए, ती विद्रोहको ज्वाला भीमदत्त पन्तको नेतृत्वमा सुदूरपश्चिमाञ्चलमा तीव्र रूपमा बलेको थियो । हजारौँ किसानलाई गोलबन्द गर्दै भीमदत्त पन्तले जमिनदारको जमिन खोस्दै किसानलाई बाँड्ने काम गरेका थिए । विद्रोहका क्रममा उनले आफ्नै फौज (मुक्तिसेना) समेत गठन गरेका थिए । तत्कालीन देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू भीमदत्त पन्तको विद्रोहबाट अत्तालिन पुगे र उक्त विद्रोहलाई दमन गर्ने भित्री योजना बनाए । त्यो विद्रोहलाई सुदूरपश्चिमको आफ्नो शक्तिले मात्र दमन गर्न नसक्ने भएकाले तत्कालीन सरकारले भारत सरकारसँग साँठगाँठ गरी भारतीय फौज नेपालभित्र प्रवेश गराई उक्त विद्रोहलाई दबाउने काम गर्‍यो । यस क्रममा भीमदत्तको निर्ममतापूर्वक हत्या गरियो । उक्त विद्रोहले एकातिर शोषण, दमन र उत्पीडनका विरुद्ध अघि बढ्न जनतालाई प्रेरित गर्‍यो भने अर्कोतिर विद्रोह दबिएका कारणले निरासा पनि ल्यायो ।

त्यसबेलाको नेपाली राजनीतिमा राजाले आफ्नो हातमा राज्यसत्ताको स्रोत केन्द्रित गर्ने अनेक खेल खेल्दै आएका थिए । बारम्बार सरकार परिवर्तन गर्दै पार्टीहरूबीच अन्तर्विरोध उत्पन्न गर्ने र आफ्नो हात बलियो पार्ने काम भइरहेको थियो । ०१५ सालको संसद्को चुनावमा नेपाली काङ्ग्रेसले दुईतिहाइ बहुमत ल्यायो । सुदूरपश्चिमाञ्चलका अधिकांश जिल्लाबाट नेपाली काङ्ग्रेसले जित्यो तर ठूला जमिनदारहरू काङ्ग्रेसकै पक्षमा देखिए । दुईतिहाइ मत प्राप्त गरेको काङ्ग्रेसले देश र जनताका पक्षमा काम गर्नुभन्दा आफ्नै दलगत स्वार्थ र नेताहरूका निजी स्वार्थले गर्दा जनतामा असन्तोष बढेर गयो । त्यही असन्तुष्टिको मौका छोपेर राजा महेन्द्रले ०१७ सालमा प्रतिगामी कदम चाले । त्यसपछि सुदूरपश्चिमाञ्चललाई पञ्च नेताहरूले आफ्नो राजनीति गर्ने महत्त्वपूर्ण थलोका रूपमा उपयोग गरे । भीमदत्त पन्तको विद्रोह दबिएपछि विभिन्न ठाउँका छिटफुट आन्दोलनबाहेक ठूला सङ्घर्षहरू हुन सकेनन् । जनआन्दोलनको राम्रो विकास हुन नसक्दा कम्युनिस्ट आन्दोलन कमजोर अवस्थामै रह्यो । आन्दोलन अघि बढ्न नसक्नुको कारणले नेता, कार्यकर्ताहरू पनि कमै मात्र देखा परे ।

नेकपा (एमाले) अर्थात् तत्कालीन मालेका सन्दर्भमा भन्ने हो भने झापा विद्रोहका कारणले यसको प्रभाव मूलतः पूर्वाञ्चलमै बढी देखियो । मुक्तिमोर्चा र को-अर्डिनेसन केन्द्र (कोके) बीच एकीकरण अनि दाङको सन्देश समूह कोकेमा सामेल भएर नेकपा (माले) को गठन भएपछि त्यसको प्रभाव लुम्बिनी अञ्चल हुँदै राप्ती र भेरीसम्म आइपुगे पनि सेती-महाकालीमा मालेको प्रभाव थिएन । अन्य कम्युनिस्ट समूहको पनि स्थिति अत्यन्त कमजोर अवस्थामा थियो । सेती-महाकाली क्षेत्र कम्युनिस्ट आन्दोलनका लागि मात्र होइन, विकास-निर्माण, शिक्षा-स्वास्थ्यलगायत विभिन्न कुरामा निकै पछाडि थियो । सामाजिक

चेतनास्तर पूर्वाञ्चलको भन्दा ५० वर्ष पछाडि थियो । प्रत्येक गाउँठाउँमा ठूला-ठालूको एकलौटी हैकम थियो । अधिकांश जनताले कम्युनिस्टको नामै सुनेका थिएनन्, नाम सुन्नेहरू पनि कम्युनिस्टको नामबाट डराउने अवस्था थियो । त्यस्तै पञ्चायती व्यवस्थाका पक्षधरहरू र काङ्ग्रेसहरू सचेत रूपमै उग्र कम्युनिस्टविरोधी थिए । जमिनदारहरूलाई भीमदत्त पन्तको विद्रोहको सम्झनाले सधैँ तर्साउँथ्यो । उनीहरू कम्युनिस्टलाई भीमदत्त पन्तजस्तै विद्रोहीका रूपमा बुझ्दथे, त्यसैले कहीँकतै कम्युनिस्टको बीउ रोपिन नपाओस् भन्नेबारे उनीहरूमा उच्च सतर्कता थियो । पञ्चायतीकालमा सरकारी गुप्तचर विभाग पनि सशक्त थियो, गाउँगाउँमा सरकारी एजेन्टहरू क्रियाशील थिए, प्रशासन बढी चुस्त थियो । यस्तो अवस्थामा कम्युनिस्ट आन्दोलनको विकास गर्नु अत्यन्त कठिन काम थियो ।

पञ्चायतीकालको एक अवधिसम्म नेपाललाई चार विकास क्षेत्रमा विभाजित गरिएको थियो । तीमध्ये राप्ती, भेरी, कर्णाली, सेती र महाकाली पाँच अञ्चलको एउटा विकास क्षेत्र थियो । हाम्रो पार्टी तत्कालीन नेकपा (माले) ले पनि उक्त पाँच अञ्चलको विकास क्षेत्रलाई एउटा क्षेत्रका रूपमा मानेको थियो । पार्टीले पनि त्यही विकास क्षेत्रलाई आधार बनाएर सुदूरपश्चिमाञ्चल विकास क्षेत्रीय सङ्गठन कमिटी गठन गरेको थियो । म लुम्बिनी अञ्चलबाट सुदूरपश्चिममा सरुवा भएको केही समयपछि उक्त विकास क्षेत्रको उपसचिव भएर कहिले कुन जिल्ला त कहिले कुन जिल्लाको सचिव हुँदै काम गर्दै गएँ । त्यसबेला विकास क्षेत्रको सचिव कमरेड वामदेव गौतम हुनुहुन्थ्यो । नेपालगन्जमा त्यो कमिटीको भूमिगत कार्यालय थियो । नेपालगन्जबाटै पाँचै अञ्चलमा सम्पर्क हुन्थ्यो । त्यसबेला खासगरी कैलाली र कञ्चनपुरको पार्टी काम हेर्ने गरी पार्टीले जीवन मगरलाई खटाएको थियो, विभिन्न कारणले गर्दा पार्टीले उनलाई कारबाही गर्‍यो । उनको कारबाहीपछि त्यतातिर काम गर्ने पूर्णकालीन कार्यकर्ता कोही रहेन । जीवन मगरले विभिन्न ठाउँमा सम्पर्क गर्ने काम गरेको भए पनि उनकै कतिपय क्रियाकलापले त्यहाँ झनै ठूलो समस्या सिर्जना भएको थियो । केही समय त्यहाँ सम्पर्क हुन पाएन । जीवन मगर जानुभन्दा पहिले एक-दुईपटक कमरेड नेत्रलाल 'अभागी' र कमरेड देवेन्द्र घिमिरे कैलाली-कञ्चनपुर जानुभएको थियो तर त्यसबेला पनि केही व्यक्तिगत सम्पर्कबाहेक खासै काम हुनसकेको थिएन । यसरी बेलामौकामा कार्यकर्ताहरू आउने, भेटघाट हुने, त्यसपछि लामो समय सम्पर्क टुट्ने यो क्रम चलिरहेको थियो । यसरी सेती-महाकालीको पार्टी काम अत्यन्त पातलो व्यक्तिगत सम्पर्कबाहेक कमिटीगत रूपमा क्रियाशील थिएन । कुनैबेला बनेका कमिटी पनि विघटित अवस्थामा थिए । पछि सुदूरपश्चिमको क्षेत्रीय सङ्गठन कमिटीले कमरेड गोविन्द कोइरालालाई कैलालीमा पठायो र उहाँ सचिव रहेको कैलाली जिल्ला कमिटी गठन भयो । तर, सेती-महाकालीको समग्र पार्टी काम कसरी अघि बढाउने भन्ने सम्बन्धमा फेरि पनि सङ्गठनमा समस्या कायमै रह्यो । तसर्थ, पार्टीले मलाई सेती-महाकालीको समग्र काममा लाग्ने गरी ०४५ सालमा त्यस क्षेत्रमा खटायो । कैलालीमा कमरेड गोविन्द कोइराला, दिनेश सुवेदीलगायतका कमरेडहरूको जिल्ला सङ्गठन कमिटी भएकाले त्यहाँको पार्टी काम केही व्यवस्थित बन्दै गयो । मैले दुई अञ्चलका अन्य जिल्लाहरू पनि हेर्नुपर्ने भएकाले कैलालीको कामलाई अघि बढाउँदै अन्य जिल्लाहरूमा जाने गर्थें । अछाममा नेपालगन्जबाट गोविन्द कोइराला र भीम रावल सँगै गएर भीम कडायत, गोकुल खनाल, नरराज खनाललगायतका कमरेडहरूबीच जिल्ला सम्पर्क कमिटी गठन गर्नुभएको थियो तर विभिन्न कारणले त्यहाँ पनि नियमित सम्पर्क नहुँदा कमिटी विघटित अवस्थामा थियो । अन्य कुनै पनि जिल्लामा कमिटीहरू थिएनन् । कहीँ भएका पनि विघटित भइसकेका थिए ।

कैलालीको धनगढीमा कमरेड गोविन्द एवम् अशोक दुई भाइ मिलेर अशोक मसला उद्योग खोल्नुभएको थियो । त्यस्तै कमरेड वामदेव गौतमका भाइहरू वासु र पद्मले गौतम फुट प्रोडक्ट नामको सानो उद्योग खोल्नुभएको थियो । ती दुई उद्योगहरूले पार्टीका लागि राम्रो सेल्टरको काम गरेका थिए । भूमिगत नेताहरू राख्नेदेखि बेलामौकामा बैठक बस्नेसम्मका काम तिनै उद्योगभित्र गरिन्थ्यो । वास्तवमा ती दुई उद्योगले त्यस क्षेत्रमा पार्टी काम विस्तार गर्न निकै सजिलो भएको थियो । सुदूरपश्चिमको सचिवको हैसियतले कमरेड वामदेव गौतम पनि समय-समयमा जानुहुन्थ्यो र त्यहीँ हामी सिङ्गो क्षेत्रको कामको योजना बनाउँथ्यौँ । कैलालीको फूलबारी गाउँ हाम्रो बलियो आधार थियो । त्यहाँ धेरै साथीहरूकहाँ भूमिगत रूपमा हामी धेरैपटक बसेका छौँ, बैठकहरू गरेका छौँ । त्यहाँ कमरेड दिनेश सुवेदीको घर हाम्रो सबभन्दा बढी बस्ने सेल्टर थियो । धनगढीमा पनि निरन्तर पार्टी कामको विस्तार हुँदै गयो । अत्तरियामा पूर्वबाट आएर व्यवसाय गर्ने साथीहरूलाई आधार बनाई कामको विस्तार गर्न थालियो । यसरी कैलालीका विभिन्न ठाउँमा तत्कालीन नेकपा (माले) को काम विस्तार हुँदै गयो । त्यतिबेला पूर्व-पश्चिम राजमार्ग खुलेको थिएन । विभिन्न ठाउँमा बाटो बनाउने क्रम सुरु भएको थियो । सबै ठाउँमा प्रायः पैदल हिँडेर नै पार्टी काम गरिन्थ्यो ।

कैलालीसँग जोडिएको जिल्ला कञ्चनपुरको कामका लागि म धनगढीबाट दिनभर हिँडेर बेलौरीदेखि पश्चिम कलकत्ता भन्ने गाउँमा आउँथे, त्यहाँ भाइ रामकुमार ज्ञवालीले माविमा पढाउँथे । त्यहाँ थोरै जमिन र एउटा घर पनि थियो । कञ्चनपुरको कामका लागि त्यो घर एउटा केन्द्रविन्दु थियो । अब कञ्चनपुरको काम कसरी अघि बढाउने, निकै समस्या थियो । नियमित स्कुल जानुपर्ने भएकाले रामकुमारले पनि धेरै समय दिन नसक्ने । प्रायः शुक्रबार र शनिबारका बिदाको समयलाई उपयोग गरेर रामकुमारले साइकलमा मलाई विभिन्न ठाउँमा सम्पर्क गर्न लग्ने गर्थे । मेराबारेमा सोध्ने सबैलाई काठको व्यापार गर्ने भनेर आफ्नो नक्कली व्यावसायिक परिचय दिने गर्थें । त्यसबेला हाल पाल्पाबाट नेकपा (एमाले) का तर्फबाट सांसद हुनुभएका कमरेड सोमप्रसाद पाण्डेले कैलाली-कञ्चनपुरबाट काठको व्यापार गर्ने गर्नुहुन्थ्यो । धनगढीमा उहाँसँग समय-समयमा भेटघाट हुन्थ्यो । उहाँलाई 'तपाईंसँग व्यापार गर्ने कुरा मैले विभिन्न ठाउँमा भन्ने गरेको छु, कहीँकतै त्यस्तो पर्‍यो भने तपाईंले उहाँ मेरो व्यावसायिक पार्टनर हुनुहुन्छ भन्नु होला' भनेको थिएँ । त्यसैले कहीं परिचय दिनुपर्‍यो भने मलाई त्यति कठिनाइ थिएन ।

मेरो शारीरिक बनावटले गर्दा पनि मलाई भूमिगत पार्टी काम गर्न निकै सजिलो भएको अनुभूति छ । म गाउँगाउँमा गएर सेल्टर लिएका बेला कसैले देखिहाल्यो भने पनि प्रायः शङ्का गर्दैनथे । भाइ रामकुमारको घरमा बस्दा पनि काठको व्यापार गर्ने भनेर भेट भएका मानिसलाई मेरो परिचय दिने गर्थें ।

रामकुमारसँग बसेर कञ्चनपुरको काम कसरी अघि बढाउने भन्नेबारे छलफल हुन्थ्यो । कमिटी गठन गर्नुभन्दा पहिले केही महत्त्वपूर्ण व्यक्तिहरूसँग भेटघाट गर्ने र उनीहरूलाई सङ्गठित हुन प्रेरित गर्नुपर्ने थियो । त्यतिबेला व्यक्तिगत सम्पर्क गर्दा पार्टीको पक्षमा भएका, पार्टीलाई विभिन्न किसिमले सहयोग गर्न चाहने साथीहरू प्रायः सङ्गठित हुन डराउँथे । कतैबाट गोपनीयता फुस्केर प्रशासनकहाँ पुग्ने हो कि भन्ने धेरैलाई डर हुन्थ्यो । त्यसमा पनि तत्कालीन मालेलाई पञ्चायती सरकारले आतङ्ककारी सङ्गठनका रूपमा लिने गर्थ्यो । अलिकति पनि कुरा फुस्क्यो भने जेलको कालकोठरीमा पुग्नु र मरणासन्न गोदाइ खानु निश्चित थियो । त्यस्तो अवस्थामा पार्टीप्रति आस्था हुनेहरू पनि कति सम्पर्कमै आउन चाहँदैनथे । त्यसबेला एउटा व्यक्तिलाई भेट गर्नका लागि दिनभर त कहीं दुई-तीन दिन पैदल धाउनुपर्थ्यो । एकरात लुकाउने कुनै परिवार भेटियो भने अत्यन्त ठूलो प्रगति भएजस्तो लाग्थ्यो । पाँच रुपियाँ कसैले चन्दा दियो भने निकै ठूलो रकम बुझेजस्तो लाग्थ्यो । त्यसबेला मन्त्री हुँला, सांसद हुँला भन्ने कल्पनै हुँदैनथ्यो । जीवनका जम्मा दुईवटा मात्र विकल्प थिए । एउटा, लडाइँ जितेर जनताको हातमा राज्यसत्ता ल्याउने । दोस्रो, क्रान्तिका लागि मरेर सहिद हुने । राज्यसत्ता भन्नाले हामी न्यूनतम रूपमा त्यसबेला राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्रको स्थापना भन्ने नै बुझ्दथ्यौं । दक्षिणतिर भारतको प्रजातन्त्रमा देखिएका विकृतिहरूका कारणले पनि हामी भारतको जस्तो व्यवस्था या संवैधानिक राजतन्त्रजस्तो व्यवस्थाका पक्षमा थिएनौं । अमेरिका र अन्य पुँजीवादी मुलुकले प्रजातन्त्रका नाममा गरेका हस्तक्षेपकारी र दमनकारी कामका कारणले पनि हामी नयाँ जनवादी गणतन्त्रभन्दा तलको स्थितिलाई स्वीकार गर्ने मनस्थितिमा थिएनौं ।

'एउटा फिलिङ्गोले सारा जङ्गलमा आगो लगाउन सक्छ' भन्नेजस्ता माओत्सेतुङका उक्तिहरूप्रति प्रगाढ आस्था थियो । जनताका लागि मर्नुपर्छ, सम्पूर्ण स्वार्थ त्याग गर्नुपर्छ भन्ने दृढ भावना थियो । त्यही भावनाले मलाई सेती-महाकालीका दुर्गम ठाउँहरूमा कम्युनिस्टहरू खोज्ने र निर्माण गर्ने काममा सदा प्रेरित गरिरह्यो । भाइ रामकुमारले उर्वादत्त पन्तलाई बोलाएर यतै कञ्चनपुरमा राख्ने र अन्तमा उहाँलाई पूर्णकालीन बनाउनुपर्ने, प्रेमसिंह धामीसँग सम्पर्क गरी कर्मचारी क्षेत्रमा हात हाल्नुपर्ने, महेन्द्रनगरका ऋषिराम खरेलसँग सम्पर्क गरी व्यापारीबीच कामको विस्तार गर्न सकिने सुझाव दिए । त्यस्तै विभिन्न ठाउँमा केही पुराना सम्पर्कित र केही नयाँ साथीहरूसँग भेटेर कुराकानी गरियो । ऋषिराम खरेल मसँग ०२७-०२८ सालमा तानसेनमा आईकम पढेका साथी हुनुहुन्थ्यो । त्यहाँ अध्ययन गर्दा हामीले उहाँलाई कम्युनिस्ट पार्टीको पक्षमा ल्याएका थियौं । रामकुमारले भनेपछि बल्ल सम्झना आयो, उहाँ मसँगै पढेको साथी हो भन्ने कुरा । उहाँ महेन्द्रनगरमा आएर राम्रो व्यवसाय गरेर बसेको थाहा थिएन । तर, उहाँ अहिले कस्तो विचारको पक्षमा हुनुहुन्छ भन्ने कुरा रामकुमारलाई पनि एकिन थिएन । १६-१७ वर्षको अन्तरालमा को कहाँ पुग्यो, पत्तो हुँदैन । तर, उहाँ व्यक्तिगत रूपले पनि मसँग मिल्ने साथी भएकाले मैले सुरुमा व्यक्तिगत रूपमै कुरा गर्ने र पछिपछि मात्र पार्टी कामका बारेमा बताउने विचार गरें । उहाँको मनोविज्ञान बुझेर मात्र के गर्ने भन्ने निष्कर्षमा पुग्ने भन्ने सोचाइका साथ ऋषिरामसँग भेट्ने योजना बनायौं । रामकुमारले मलाई साइकलको पछाडि राखेर कलकत्ताबाट महेन्द्रनगर पुऱ्याए । दिनभर जङ्गलमा साइकलमा दौड्दा ज्यान थाकेर हैरान भएको थियो । साँझपख ऋषिरामको पसलमा पुगियो । ऋषिरामले निकै राम्रो व्यवहार गर्नुभयो । मेरो पेसा सोध्नुभयो । पत्रकारिता गर्दैछु भनेर टारी दिएँ । पसलमा ज्यादै व्यस्त भएकाले कुरा गर्ने राम्रो मौका मिलेन । उहाँले आफैं 'राती यहीं बसौं, दुःखसुखका कुरा गरौंला' भन्नुभयो । मलाई त 'के खोज्छस् कानो आँखो' भनेझैं भयो । ऋषिरामजीका बुबाआमा सबै परिवारसँग तानसेनमा सँगै पढेको साथी भनेर परिचय दिइयो । राती खाना खाएपछि दुई जनाका बीचमा मात्र कुरा भयो । तानसेनको हाम्रो बसाइ, त्यतिबेलाका साथीहरू को कहाँ पुगे आदि कुरा लामो भयो । उहाँले कुरैकुरामा आफैं 'होइन, तपाईं विद्यार्थी अवस्थामा राजनीतिमा निकै सक्रिय हुनुहुन्थ्यो, हिजोआज राजनीतिक हालखबर के छ ? हामी त त्यतिबेला पुष्पलालको पार्टीमा थियौं, त्यो पार्टी कता हरायो ?' यस्तै-यस्तै जिज्ञासाहरू राख्नुभयो । त्यसपछि मलाई झनै सजिलो भयो । मैले नीतिगत रूपमा कुराहरू गर्दै गएँ अनि आफू पत्रकार भए पनि वामपन्थी राजनीति नछाडेको कुरा बताएँ । त्यसबेला मैले सबै कुरा बताउन चाहिनँ । तर, पत्रकारिताको कामले समय-समयमा यहाँ आउनुपर्छ भन्दै भेट भइरहने बाटो खुलाइदिएँ । अर्कोपटक पुनः भेट हुने कुरा राख्दै बिदा भयौं । एक महिनापछि फेरि त्यसैगरी उहाँसँग भेट गरियो र यसपटक पार्टी काम खुलाउने सोच बनाएँ । उहाँसँग प्रस्ट कुरा राखेपछि उहाँ अलि गम्भीर बन्नुभयो र आफूसक्दो सहयोग गर्ने वचन दिनुभयो । यस्तै अन्य साथीहरूसँग भेट भयो । एकपटक उर्वादत्त पन्त चितवनबाट आएको थाहा लाग्यो र रामकुमारसँग उहाँको घरमा गयौं । एकदिन त्यहीं बसेर विस्तृत कुराकानी भयो । उहाँ पनि पार्टी काम गर्ने कुरामा सहमत हुनुभयो र भेटघाट निरन्तर जारी राख्ने कुरा भयो । यसरी अघि बढ्दै जाने क्रममा त्रिलोचन वत्स, स्थिरप्रसाद घिमिरेजस्ता साथीहरूसँग भेट घयो । स्थिरजी हरिद्वार पढ्नुहुन्थ्यो, त्यसैले त्रिलोचनजीलाई कमिटीमा राख्ने सल्लाह गरियो । कुराकानी गरेको केही महिनापछि नै उर्वादत्त पन्त चितवनको जागिर छाडेर महेन्द्रनगर आउनुभयो । अब जिल्लास्तरको कमिटी बन्ने स्थिति तयार भयो । अनि, ०४५ सालमै त्रिलोचन वत्सको घरमा उहाँहरूलाई पार्टी सदस्यता दिनुका साथै तीन सदस्यीय जिल्ला पार्टी सक्रिय दल गठन गरियो । तीन जनाका बीचमा कार्य विभाजन गरी व्यवस्थित रूपमा पार्टी काम अघि बढाउने योजना बन्यो । त्यसपछि कञ्चनपुरमा पार्टी काम केही व्यवस्थित हुँदै जान थाल्यो । उक्त कमिटीको सचिव उर्वादत्त पन्त हुनुभयो भने रामकुमार ज्ञवाली र त्रिलोचन त्यसको सदस्य ।

अब डडेल्धुरामा कसरी सम्पर्क गर्ने भन्ने कुरा मेरा लागि ठूलो समस्या थियो । त्यहाँ कतै सम्पर्क थिएन । रामकुमारबाट गोविन्द कलौनीका बारेमा सुनेको थिएँ । तर, उहाँको स्थिति के छ, थाहा थिएन । एकपटक यज्ञराज बाँस्तोलाले उहाँका बारेमा कुरा गर्नुभएको थियो । मैले एउटा चिट्ठी लेखिदिन भनेको थिएँ । त्यो चिट्ठी मसँगै थियो । अब त्यही चिट्ठीलाई हतियार बनाएर डडेल्धुरामा छिर्नुपर्छ भन्ने योजना बनाएँ ।

पछिपछि ऋषिरामको घर आफ्नै परिवारजस्तो हुँदै गयो, परिवारका सबै सदस्यबाट माया पाउँदै गएँ । एकदिन मैले उहाँलाई डडेल्धुरा जानुपर्ने कुरा बताएँ । कहिल्यै नगएको ठाउँ, चिनेको मान्छे कोही छैन, भाषा पनि बुझ्दिैन । साँझ ऋषिरामले 'कसरी त्यहाँ काम गर्नुहुन्छ ?' भन्नुभयो । 'जसरी पनि गर्नुपर्छ'- मैले दृढता व्यक्त गरेँ । अर्को दिन खाना खाएर उहाँले आफ्नो मोटरसाइकलमा दैजी खोलाको किनारसम्म पुऱ्याउनुभयो । केही पैसा बाटोखर्च दिनुभयो । बिदा हुने बेला ऋषिरामका आँखा रसाए, हात मिलाएर म बाटो लागेँ । दैजी खोला तरेर जोगबूढा जानका लागि निकै अग्लो पहाड चढ्नुपर्छ । घनाजङ्गल, चर्को घाम, उकालो बाटोभरि पानी कहीँ थिएन, कहीँ बस्ती थिएन । जङ्गलमै बाटो हराउने उत्तिकै सम्भावना थियो । उकालो चढ्दै गएँ, चढ्दै गएँ तर कहीँ एकजना मानिस पनि भेटिएन । वेदकोटको त्यो घनघोर जङ्गलमा अलिअलि डर पनि लाग्यो । भोक, प्यास र थकाइले गलित बनायो । तर, उकालो काटेर केही तल झरेपछि पानी भेटियो । पानी पिएँ, हिँड्दै गरेर साँझपख जोगबूढा बजारमा पुगेँ । एउटा चिया पसलमा चिया पिएँ । गोविन्द कलौनी जोगबूढाको माविमा शिक्षक हुनुहुन्थ्यो । चिया पसलेलाई उहाँका बारेमा सोधेँ । उनले उहाँ बस्ने डेरा बताइदिए । अँध्यारो हुनै लागेका बेला उहाँसँग भेट भयो । यज्ञराजले लेखेको पत्र दिएँ । उहाँले पत्र हेर्नुभयो, त्यहीअनुसारको गम्भीर व्यवहार गर्नुभयो । तर, कुरा गर्ने ठाउँबारे अलमल भयो, डेरा त्यति व्यवस्थित थिएन । त्यसैले भाइहरूलाई खाना बनाउने कुरा गरेर हामी खोलाको किनारतिर लाग्यौँ । अँध्यारो भइसकेको थियो, खोलाको किनारमा ढुङ्गामा करिब एक घण्टा बसेर कुरा गरियो । मैले उहाँलाई जति सक्यो बढी प्रेरित गर्ने उद्देश्यले कुरा राखेँ, पार्टीप्रति उहाँको राम्रै धारणा पाइयो तर काम गर्न ज्यादै अप्ठ्यारो भएको कुरा राख्नुभयो । मैले शनिबारको दिन पारेर एक रात भेट्ने प्रस्ताव राखेँ र मिति तय गरियो । अर्को दिन जोगबूढाबाट आलीताल हुँदै बुडर निस्कें र डोटीतिर लागेँ । दिनभरको चर्को घाममा हिँड्दा मेरो मनमा यो डडेल्धुरामा नेकपा (माले) लाई कसरी स्थापित गर्ने भन्ने कुरा मात्रै चलिरह्यो । कम्युनिस्टहरूको नामोनिसान नभएको ठाउँमा कसरी पार्टीलाई स्थापित गर्ने भन्नेजस्ता अनेक तर्कवितर्क मनमा उठिरहे । डोटीमा डिल्लीराज भट्टसँग भेट भयो । पार्टी काम अघि बढाउने कुराकानी गरियो । उहाँसँग धनगढीमै पनि भेट हुन्थ्यो । उहाँले आफूसक्दो प्रयास गरिरहनुभयो । डोटीमा अलि पहिले कमरेड गोविन्द कोइराला आएर हर्षबहादुर सिंह, पीताम्बर ढकाल र केशवराज जोशीका बीचमा सम्पर्क कमिटी बनाउनुभएको थियो । तर, त्यो कमिटी विघटित भएको थियो ।

अर्को समय निर्धारित मितिअनुसार कमरेड गोविन्द कलौनीको डडेल्धुरा आलीतालको घरमा साँझपख पुगेँ । शनिबारको दिन उहाँ घरमै हुनुहुन्थ्यो । राती खाना खाएपछि विस्तृत कुराकानी गरियो । उहाँ विस्तारै-विस्तारै काम गर्ने कुरामा तयार हुनुभयो । मैले उहाँसँग गाउँ-छिमेकको स्थिति र जोगबूढाको स्कुलमा शिक्षकहरूको स्थितिरबारे विस्तृत जानकारी लिएँ । गाउँमा एक जना सचेत र भरपर्दो साथी तयार गर्ने र स्कुलमा एक जना शिक्षक तयार पार्ने जिम्मा दिएँ । आउने-जाने क्रममा उहाँको परिवारका बुबाआमा र भाइहरूसँग घनिष्टता बढ्दै गयो र उहाँहरू मलाई आफ्नो परिवारको सदस्यजस्तै मान्न थाल्नुभयो । डडेल्धुराबाट त्यसै क्रममा म डोटी हुँदै अछामतिर लागेँ । कहिले नहिँडेको बाटो कति ठाउँ बिराउँदै फेरि बाटो हिँड्ने मान्छे र गाउँलेहरूलाई सोध्दै अघि बढ्दै गएँ ।

त्यसबेला मैले अछामका अगुवा कमरेडहरूलाई भेटेर कमिटीको पुनर्गठन गर्ने र बैठक बसेर व्यवस्थित योजना बनाउनु थियो । त्यसबेला भारतले नेपालमाथि नाकाबन्दी गरेको थियो । बाटोमा कतै पनि चियासमेत पिउन पाइँदैनथ्यो । चिनीको मात्र होइन, भारतबाट आउने सामानहरू त्यतातिर पाइन छाडेको थियो । यही हिँडाइका क्रममा अछामको साँफेबगर र जयगढ हुँदै भीम कडायतको गाउँ दर्ना पुग्नु थियो । साँफेबगरमा अलि दिउँसो भएकाले अगाडि बढ्दै गएँ, साँझमा दुकानदारहरूसँग सोध्दा जयगढसम्म पुग्न सके त्यहाँ बस्ने, खाने व्यवस्था हुनसक्छ भन्ने थाहा लाग्यो । भर्खर साँझ पर्न लागेका बेला जयगढ पुगेँ । थकाइ, भोक र प्यासले आलस-तालस परेको थिएँ । दिनभरको हिँडाइले निकै गलाइसकेको थियो । जयगढ बजार आइपुग्दा आफ्नै घरमा आएजस्तो लाग्यो । तर, बजारमा हेऱ्यो, यता बन्द छ, उता पनि बन्द छ, अघि बढ्दै गएँ बजार सबै बन्द । नाकाबन्दीको असर कति गम्भीर रहेछ, यसपटकको हिँडाइमा मलाई प्रत्यक्ष थाहा भयो । आफ्नो झोलामा खाने केही छैन, पसलहरू सबै बन्द छन् । त्यहाँका मानिस सबै गाउँ गएका रहेछन् । एक मन सोचेँ, भोकै भए पनि यही घरको पिँढीमा बसुँ, अर्को मन सोचेँ, 'अघि बढ्दै गए कहीं न कहीं मान्छे भएको ठाउँ त भेटिएला । बस्नुभन्दा बाटै काट्ने हो, हिँड्दै जान्छु, जे होला होला' भन्दै अघि बढेँ । हिँड्दै गएँ, गाउँघर होइन, जङ्गल आयो, बढ्दै गयो जङ्गल सकिँदैन, पूरै अन्धकार भयो ।

मसँग एउटा टर्च थियो, टर्च बालेँ । वारिपारि घुमाएँ, जङ्गलै जङ्गल, घर कतै देखिँदैन । अघि बढ्दै गएँ, आकाश गड्याङ-गुडुङ गर्न थाल्यो, पानी बर्सियो, के गर्ने छाता थिएन । मेरो भोक-थकाई सबै हरायो । जङ्गलमा कतै बाघ-भालुको सिकार पो भइने हो कि भन्ने डर पनि लाग्न थाल्यो । पानीले चुट्दै गऱ्यो, अघि बढ्दै गएँ, धन्न टर्चले साथ दियो । धेरै अघि बढेपछि जङ्गल पातलिँदै गयो, लेकको चिसो हावाले हान्न थाल्यो, अचानक अलि पर टर्चको उज्यालो देखेँ, आफ्नो टर्च निभाएर उभिएँ, घाँसको भारी बोकेका एक जना किसान आउँदै रहेछन्, उनी नजिकै आएपछि 'दाजु यहाँ कतै बास बस्न पाइँदैन ?' भनेर सोधेँ । केहीबेर त उनी आफैँ डराएजस्तो गरे । मैले आफ्नो कुरा विनम्रता साथ राखेँ, खै किन हो, कुन्नि उनको ममाथि दया पलायो । केही माथि गोठ रहेछ, उनी राती त्यहीँ बस्दा रहेछन् । उनले मलाई गोठमा लगे ।

एउटा फाटेको गुन्द्री रहेछ, बस्नुस् भने । तुरुन्तै बाहिर गए, मलाई अलि-अलि डर पनि लाग्यो, विश्वास पनि लाग्यो । उनी दिउँसो बाहिर सुकाएका कपडा अनि आगो बाल्ने दाउरा लिन गएका रहेछन् । बिछ्याउने कम्बल भिजेर पूरै चिसो भएछ, दाउरा सबै भिजेछन्, अरू कपडा पनि चिसै भएछन् । आगो बाल्न खोज्यो, बल्दैन । धेरै प्रयास गरेपछि आगो बल्यो । उनले मकैका मोटा-मोटा रोटी पकाए । तरकारी केही थिएन, नूनसँग मैले एउटा रोटी खाएँ । उनले मेरा लागि आगोमा कम्बल तताइदिए । आगो निभाएर सुतियो, कम्बलको तातो हराएपछि, कम्बल पहिलेको तस्तै फेरि चिसो भयो । भिजेका कपडा बरु आगोले केही सुकेका थिए तर चिसो कम्बलले पुनः लगाएका कपडासमेत भिजायो । उता उपियाँले बसी नसक्नु भयो, के गर्ने ! आगो तापेर रात बिताइयो । रातभरि धेरै दुःखका कुरा उनले बताए । यो देशमा गरिबहरूको जिन्दगी कसरी बितेको छ, आफ्ना कथा सुनाए । मलाई त्यसले अझै ठूलो प्रेरणा मिल्यो । अर्को दिन उनले रातभरि मैले दुःख पाएकोमा निकै पछुतो माने । उनलाई धन्यवाद दिँदै म बिदा भएँ ।

अर्को दिन भीम कडायतको घरमा बिहानको खाना खाने समयमा पुगेँ । हिजो रातीको घटना सुनाएँ । भीमसँग भेट गरेपछि बैठकको योजना बनाएर मङ्गलसेन आइपुगेँ, त्यहाँ जीवन राई बोर्डिङ स्कुलमा पढाउनुहुन्थ्यो । उहाँलाई अछामको सचिव बनाएर काम गर्ने उद्देश्यले पार्टीले स्कुलमा पढाउँदै पार्टी काम गर्ने भनेर खटाएको थियो । मङ्गलसेनबाट जगत बोगटीको गाउँ मिस्तुरु पुगेँ । उहाँसँग धेरै कुराकानी गरियो र मङ्गलसेन आएर जिल्ला पार्टी सङ्गठन कमिटी गठन गरियो । त्यसमा जीवन राई सचिव रहनुभयो भने भीम कडायत, जगत बोगटी, गोकुल खनालगायतका कमरेडहरू सदस्य हुनुभयो ।

०४६ साल भदौमा सम्पन्न नेकपा (माले) को चौथो महाधिवेशनमा म सेती-महाकालीबाट प्रतिनिधि भएको थिएँ । उक्त महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचित भएँ । चौथो महाधिवेशनपछि बसेको केन्द्रीय कमिटीको बैठकले सेती-महाकालीलाई अलग क्षेत्रका रूपमा विभाजन गर्‍यो र उक्त क्षेत्रको प्रमुखको रूपमा सचिवको जिम्मा दिई मलाई खटायो । त्यसबेला पार्टीले दाङबाट मेघबहादुर वीसी र चितवनबाट हरि सापकोटालाई सेती-महाकाली क्षेत्रमा पूर्णकालीन बनाई खटायो । उहाँहरू आएपछि क्षेत्रीय कमिटी पनि गठन गरियो । कार्य विभाजनमा मेघबहादुर वीसीलाई बझाङ र बाजुरा पठाइयो भने हरि सापकोटालाई कञ्चनपुरको सचिव भई दार्चुलासम्म हेर्ने जिम्मा दिइयो । गोविन्द कोइराला कैलालीको सचिव नै रहनुभयो । यसरी चौथो महाधिवेशनपछि सेती-महाकालीमा पार्टी काम व्यवस्थित बन्दै जान थाल्यो । चौथो महाधिवेशनको लगत्तै बसेको तत्कालीन नेकपा (माले) को केन्द्रीय कमिटीले नेपाली काङ्ग्रेसलगायत विभिन्न राजनीतिक पार्टीहरूसँग मिलेर निरङ्कुश राजतन्त्रका विरुद्धमा संयुक्त जनआन्दोलन गर्ने निर्णय गर्‍यो र संयुक्त आन्दोलन अघि बढाउनका लागि विभिन्न पार्टीहरूसँग कुरा गर्न नेताहरूका केही टिमसमेत बनायो । उक्त बैठकले अब हरहालतमा निरङ्कुश राजतन्त्रलाई ढाल्ने किसिमले आन्दोलनको तयारी गर्नुपर्छ भन्ने दृढ अठोट गरेको थियो । सोहीअनुसार, हामीहरू पनि आफ्नो क्षेत्रको आन्दोलनको तयारीमा जुट्यौँ । विभिन्न जिल्लामा आन्दोलन परिचालन कमिटीहरू गठन गरियो । सेती-महाकालीमा उल्लेख्य ठूला कार्यक्रम हुन नसके पनि विभिन्न ठाउँमा केन्द्रबाट निर्धारित कार्यक्रमहरू सक्दो रूपमा सञ्चालन गरिए ।

०४६ सालको आन्दोलनले सफलता प्राप्त गरेको दिन हामी घोषणाको प्रतीक्षा गर्दै अशोक मसला उद्योगमा बसेका थियौँ । घोषणापछि तुरुन्तै झन्डाहरू बनाउन लगाई साथीहरूलाई मोटरसाइकलमा घुम्न लगाइयो । एकपछि अर्को गर्दै साथीहरू जुट्दै गए । बजारमा क्रमशः ठूलै सङ्ख्यामा साथीहरूको उपस्थिति भयो । भव्य रूपमा विजय जुलुस मनाइयो । अन्य जिल्लाका सदरमुकाममा पनि विजय जुलुसहरू निस्के । अब जिल्ला सदरमुकाममा सम्पर्क कार्यालय खोल्ने, मानिसहरूलाई पार्टीमा प्रवेश गराउने क्रम बढ्न थाल्यो । केही पछि विभिन्न जिल्लामा भव्य कार्यक्रमहरूको आयोजना गरियो । केन्द्रले देशव्यापी रूपमा प्रचार अभियान सञ्चालन गर्‍यो । केन्द्रीय योजनाअन्तर्गत धनगढी र महेन्द्रनगरमा नेकपा (माले) को आयोजनामा विशाल आमसभाहरू भए । यस्ता कार्यक्रमहरू पहाडका जिल्लाहरूमा पनि तय गरियो । सदरमुकाम मात्र नभई विभिन्न जिल्लाका मुख्य ठाउँहरूमा आमसभा र र्‍यालीहरू सम्पन्न भए । यसै क्रममा जोगबूढा र डडेल्धुरा सदरमुकामको सभाको कार्यक्रम सकेर म बैतडीको पाटन पुगेँ । त्यहाँ पृथ्वीराज अवस्थीलगायत कतिपय साथीहरूलाई पार्टी प्रवेश गराउने र जिल्ला पार्टी सक्रिय दल गठन गरियो । आमसभाको कार्यक्रम भयो । त्यतिबेलासम्म डोटी, बझाङ र बाजुरामा समेत जिल्लास्तरका कमिटी बनिसकेका थिए । तर, दार्चुलामा कमिटी गठन गर्न गाह्रो भइरहेको थियो । धनगढीमा काम गर्ने दार्चुलाका साथीहरूमार्फत सम्पर्क बढाउने काम गरिएको थियो । ०४७ सालको माले-मार्क्सवादी एकिरणपछि नेकपा (एमाले) बन्यो । पार्टीले मलाई राप्ती अञ्चलमा सरुवा गर्‍यो । अहिले सेती-महाकाली अञ्चलमा एमालेको जनाधार र नेता-कार्यकर्ताको विशाल पङ्क्ति देख्दा अत्यन्त खुसी लाग्छ, त्यसले अझ बढी उत्साहित र प्रेरित गर्छ ।

# पुस्तक दिवसमा घोत्लिँदा

**' काशीनाथ अधिकारी**

मेरा लागि सबैभन्दा आनन्दको विषय ज्ञान हासिल गर्नु हो । अध्ययन नै मेरो जीवनको सोख हो । एउटा गहकिलो किताबले जति आनन्द दिन्छ, त्यति अरू कुनै चीजले दिँदैन । अक्षर चिनेको दिनदेखि फुर्सदको कुनै पनि क्षण म किताबबाट छुट्टिएको छैन । मेरो जीवनसाथी भन्नु नै किताब भएको छ ।

आज २३ अप्रिल, अङ्ग्रेजी साहित्यका महान् साहित्यकार सेक्सपियरको जन्म दिन तथा विश्व पुस्तक दिवस पनि हो । आज फेरि ज्ञान, अध्ययन र पुस्तकको ममताले गम्लङ्ग अँगालो हाल्यो । किताबहरू मुसारेँ । भावनात्मक रूपमा किताबको खात हेर्दै दिवाना बनेँ । पुस्तकको इतिहास स्मरण गरेँ ।

पाँच हजार वर्षअघिदेखि पुस्तकको प्रचलन सुरु भएको भनिन्छ । पुस्तक प्रकाशनको इतिहास हेर्दा प्राचीन इजिप्टका बासिन्दाले कागजमा लेखी तयार पारेको हस्तलिखित धार्मिक ग्रन्थलाई नै पहिलो पुस्तकका रूपमा लिइन्छ । मुद्रण पद्धतिको मेसिनद्वारा पुस्तक छापिने कामको प्रारम्भचाहिँ सन् १४४५ देखि जर्मनीमा भएको हो । नेपालको कुरा गर्दा जङ्गबहादुर राणाले बेलायतबाट गिद्धे प्रेस भित्र्याएपछि सन् १८५१ देखि मात्र पुस्तक छापिने कार्य सुरु भएको पाइन्छ । जेहोस्, नेपालमा किताब छापिन थालेको डेढ सय वर्ष मात्र भएको रहेछ ।

म सम्झन्छु, बिर्के टोपी लगाएका भानुभक्तको तस्वीर भएको पहिलो किताब । म आठ वर्षको हुँदा बाले उक्त पहिलो किताव ल्याइदिएपछि नै किताबसँग मेरा भेट भएको हो । मेरो जीवनको सन्दर्भमा त्यो महान् घटना थियो । त्यही किताब हो, जसले मलाई हिँड्न सिकायो, संसार हेर्न सिकायो र अघि बढायो । त्यस दिनदेखि मेरो हातमा किताब छ, त्यसले नै मलाई पथप्रदर्शन गरेको छ । संसारका सामु म इमानका साथ भन्छु- किताबले नै मेरो जीवनको यात्रा तय गरेको हो । आज म जहाँ आइपुगेको छु, किताबकै साथ लागेर आइपुगेको हुँ । राजनीतिसँगको मेरो सुरु सम्पर्कमाध्यम कोही नेता-कार्यकर्ता होइन, किताब नै थिए । किताब नै मेरो पहिलो राजनीतिक गुरु हो । धेरैपछि मात्र पार्टी सम्पर्कमा पुगेको हुँ ।

पुस्तकसँग जति मित्रता बढ्दै गयो, त्यति मलाई जीवन र जगत्का बारेमा थाहा हुँदै गयो । आफूलाई रूपान्तरण गर्ने आफूभित्रको आत्मिक यात्रा र समाजलाई बदल्ने राजनीतिक यात्रासँगसँगै चल्न थाले । अहिले पनि त्यो निरन्तर जारी छ । समाजका लागि थोरै पनि मबाट केही भएको छ भने र मभित्र कुनै राम्रा कुरा छन् भने त्यो किताबका कारणबाट नै भएको हो । मलाई व्यक्तिगत जीवनबाट सामाजिक जीवनमा ल्याउने किताबप्रति म आभारी छु । जतिजति म पुस्तकमा डुब्दै जान्छु, त्यतित्यति आफ्नो अज्ञानता र अयोग्यताको बोध हुँदै जान्छ । जति भित्र पस्यो, त्यति बढ्ता उज्यालो, त्यति बढ्ता मनोरम र आनन्ददायक लाग्ने गर्छ । अध्ययनको यो यात्राविवरण व्यक्त गर्ने शब्द नै पाउँदिनँ । मलाई विशेषगरी लक्ष्मीप्रसाद देवकोटा, भूपी शेरचन, मोदनाथ प्रश्रित, प्रदीप नेपाल, म्याक्सिम गोर्की, माओत्सेतुङ, राहुल सांकृत्यायन, चाङ्गिज आइत्मातोव, लियो टल्सटाय र खलिल जिब्रानका किताबहरूले उद्वेलित बनाएका छन्, मानसिक तरङ्ग पैदा गरेका छन् र प्रेरित गरेका छन् ।

ज्ञानको संवाहक मानिन्छ पुस्तकलाई । जीवनको सपना यिनले देखाउँछन् । बाँच्ने कला यिनैले सिकाउँछन् । नयाँ साथी यिनैले बनाउँछन् र नयाँ इतिहास बनाउन पनि पुस्तकले नै प्रेरित गर्छन् । बुद्धको त्रिपिटक होस्, क्राइस्टको बाइबल होस् वा मार्क्सको पुँजी होस् वा गोर्कीको आमा, त्यसका केही उदाहरण मात्र हुन् । मानिसका जीवनमा मात्र होइन, देशकै जीवनमा समेत पुस्तकले परिवर्तन ल्याएका छन् । आजको संसार पुस्तकद्वारा नै निर्देशित छ । प्रसङ्गवश भोल्तेयरले भनेका पनि छन्- 'असभ्य राष्ट्रहरूलाई छोडेर सारा संसारमा पुस्तकको नै शासन छ ।' पुस्तकको यही गरिमा र महत्त्वलाई बुझेर नै होला अमेरिकी विद्वान् थोरोले 'समय र मौका नमिल्न सक्छ, असल पुस्तक भेटाउँदा पढिहाल' भनेका छन् । पुस्तक खरिद गर्न गाह्रो भए पुरानो कोट लगाएर भए पनि नयाँ पुस्तक किन भनेर उनले जोड दिएका छन् । आजको दिन थोरोका उपरोक्त मननीय भनाइहरू आत्मसात् गर्नु जरुरी छ ।

समाजलाई उठाउन श्रमको संस्कृतिका साथसाथै ज्ञानको संस्कृति पनि विकास गर्नुपर्दछ । तब मात्र सुसभ्य, सिर्जनशील र समृद्ध समाजको निर्माण हुनसक्छ । त्यसका लागि पढ्ने संस्कार हुनुपर्छ । समाजमा किताब संस्कृतिको विकास हुनुपर्छ । पढाइलाई औपचारिक शिक्षाको घेराबाट बाहिर ल्याउनैपर्छ । अनौपचारिक अध्ययन जीवनभर चलिरहनुपर्छ । तर, कतिपय मानिसहरूमा पढ्ने रुचि नै देखिँदैन । 'पढ्यो गुन्यो के काम हलो जोती खायो माम' भन्ने लाकोक्तिलाई आदर्श मानेर चलिरहेका हुन्छन् । नेपालको मात्र होइन, संसारकै पठितहरूको यो एउटा गलत प्रवृत्ति हो । पुस्तक संस्कृति विकास नभएको महसुस गरेर नै मानिसहरूमा पढ्ने बानी बसोस् भन्ने उद्देश्यले सन् १९४९ मा जर्मनीको फ्र्याङ्कफर्टमा आयोजित प्रथम पुस्तक मेलामा आयोजकहरूले एउटा घतलाग्दो नारा लेखेर ठाउँठाउँमा टाँसेका थिए- 'गधाले मात्र पुस्तक पढ्दैन (Only an ass does not read) ।' साँच्ची नै शिक्षित भएर पनि नपढ्ने मानिस घीनलाग्दा हुन्छन् । पढ्ने आदत भएर पनि सिकेका कुरा जीवनमा लागू नगर्ने व्यक्ति तीभन्दा घृणित हुन्छन् । मेरो अनुभवमा गाह्रो कुरा पनि त्यही नै हो । जति कष्टकर भए पनि जीवन र समाज बदल्नका लागि व्यवहारको खेतमा ज्ञानको हलो जोत्नैपर्छ ।

*- ११ वैशाख, २०६१*

# भूमिगत यात्रा र अनेमसङ्घको पुनर्गठन

**' शान्ता मानवी**

२०२८ सालको चैत महिनामा दिल्लीबाट दाजु मोदनाथ प्रश्रितसित वनारस आउँदा मैले जीवनमा पहिलोपटक राजनीतिक गतिविधि नजिकबाट बुझ्ने अवसर पाएँ र कमरेड पुष्पलालको व्यवहारले प्रभावित भई पत्तै नपाई राजनीतिमा होमिन पुगेँ ।

०२८ सालमै कमरेड पुष्पलाल स्वयम् बसी पाँच सदस्यीय क्रान्तिकारी 'महिला सङ्घ' को गठन गर्नुभयो । जसमा शान्ता मानवी अध्यक्ष, द्रौपदी श्रेष्ठ सचिव र शान्ति श्रेष्ठ, रमा अर्याल तथा शोभा पोखेल सदस्य रहेका थिए । महिला सङ्गठन निर्माण

गरी मलाई पहिलोपटक राजनीतिक काममा कमरेड पुष्पलालले प्रवेश गराउनुभयो । वनारसमा छँदासम्म बर्सेनि नेपालबाट पढ्न भनी वनारस जाने नयाँ विद्यार्थीहरूलाई आवश्यक सरसहयोग गर्दै नेपाल कम्युनिस्ट पार्टीका पक्षमा गोलबन्द गर्ने र पुराना विद्यार्थीलाई पार्टी कामको जिम्मा दिँदै निरङ्कुश पञ्चायती तानाशाही व्यवस्थालाई भत्काउने योजना बनाउन एवम् आमशोषित-पीडित नेपाली जनतालाई राजनीतिक चेतनाले जागृत गर्ने उद्देश्यसहित नेपाल पठाउने कामहरू नै हाम्रा त्यतिबेलाका मुख्य कामहरू थिए ।

यसैक्रममा म स्वयम् पनि युपी बोर्डबाट आईएको प्राइभेट परीक्षा दिएर पार्टीको कार्यक्रम बोकेर नेपाल फर्किएँ । रूपन्देही जिल्लाबाट मैले आफ्नो भूमिगत राजनीतिक यात्राको सुरुवात गरेँ । २०३२ जेठ २ गते पूर्ण पेसेवर कार्यकर्ताका रूपमा रूपन्देहीको सौरैया गाउँस्थित तत्कालीन कमरेड भीमनारायण थारुको घरदेखि पोखाबारीका तत्कालीन कमरेड महेन्द्र थारुको नेतृत्वमा म भूमिगत भएकी थिएँ ।

हामीले खानपिन सकेर जाँदा रात अलि छिप्पिसकेछ । हामी छामछुम गर्दै पोखाबारी गाउँमा पुग्दा सुनसान अँधेरी रात थियो । एकै स्थानमा पचास-साठी जना जति स्थानीय बासिन्दा भेला भई मट्टीतेलको पिलपिले बत्ती बालेर हाम्रै प्रतीक्षामा बसेका रहेछन् । हामी त्यहाँ पुग्नेबित्तिकै जऱ्याकजुरुक उठेर सबै साथीहरूले हाम्रो स्वागत गरे । हामीले आ-आफ्नो आसनग्रहण गरिसक्दा वातावरण फेरियो र त्यहाँ सन्नाटा छायो । एक्कासि सुरु भएको कुकुरको भुकाइले कतै कोही जासुस गर्दै पो छ कि भन्ने आशङ्का सिर्जना गऱ्यो । आशङ्का मेटाउन स्थानीय साथीहरूले सशङ्कित हुँदै वरिपरि र छेउछाउका सबै ठाउँ निरीक्षण गरेपछि मात्रै हाम्रो कार्यक्रम सुरु भयो ।

कार्यक्रम परिचयबाट सुरु गरियो । नाम र आफू बसेको सङ्गठनको स्तर बताउँदै हात मिलाएर अभिवादन गर्ने चलन रहेछ । सबै पुरुष साथीहरूले पालैपालो उठेर आफ्नो परिचय बताउँदै पूरा आत्मविश्वास र आत्मीयताका साथ चरप्पचरप्प हातहरू मिलाउने क्रम सकिएपछि महिला साथीहरूको पालो सुरु भयो । गाउँले किसान महिलाले पनि पुरुषसरह फटाफट आ-आफ्नो परिचय दिँदै बडो जोशका साथ दह्रो गरी हामीसँग हात मिलाए । परिचयात्मक कार्यक्रमको अन्तिममा कमरेड महेन्द्रले आफ्नो परिचय दिएपछि मैले आफ्नो नाम 'बिना' र काम 'तपाईंहरूसँगै दुःख-सुख बाँडेर सँगसँगै हिँड्ने' भनेँ । त्यतिबेलै एक जना महिलाले 'घर कहाँ हो ?' भनेर सोधिहाल्नुभयो । म त अलमल्लमा पर्दै उत्तर दिने सुर गर्दै थिएँ तर त्यहीँकै स्थानीय साथीले भन्नुभयो, 'उहाँको घर भनेका यिनै हाम्रा घरहरू हुन्, छुट्टै घर छैन । उहाँ हामीहरूलाई राजनीतिक कुराहरू सिकाउन आउनुभएको हो । उहाँको घर भए पनि हामीले उहाँका विषयमा केही सोध्न मिल्दैन । हामीहरू यहाँ जे जति भेला भएका छौँ, हामीले मात्र यो कुरा थाहा पाउने हो, कसैलाई चुहाउन हुँदैन । जबसम्म हामीले उसको मनपेट पाउन सक्तैनौँ र उसको विश्वास जित्न सक्तैनौँ, तबसम्म हामीले यहाँ बुझेका कुराहरू अरूलाई बताउनुहुँदैन । उहाँहरू यहाँ आएको पनि हामीबीच मात्र गोप्य राख्नुपर्दछ । यदि कतै हाम्रा विरोधीले थोरै पनि सुइँको मात्र पाए भने उनीहरूले प्रहरी-प्रशासनमा रिपोर्ट पुऱ्याएर प्रहरीलाई गाउँमा बोलाई उहाँहरूलाई त लैजान्छन्, लैजान्छन्, तपाईं-हामीलाई पनि छाड्दैनन्, बेताहानी र दुर्वौलियाजस्तै गराउँछन् । त्यसैले हामीहरूले ज्यादै सतर्कता अपनाएर आफ्ना धेरै साथीहरू तयार पारी हाम्रो अधिकार खोसेर लिने हो ।' यसरी बडो स्पष्टका साथ गोपनीयताका केही नियमहरू बताउनुभयो । उहाँले यी कुरा स्थानीय अवधी भाषामा बताउनुभएको थियो । हिन्दी जानेका कारण मलाई पनि बुझ्न खासै गाह्रो भएन ।

रात निकै बितिसकेको थियो । त्यसले गर्दा कतिपयका आँखामा निद्राका स्पष्ट सङ्केतहरू देखिन्थे भने कसैले हाई काढ्न सुरु गरिसकेका थिए । कोहीले भने निकै उत्सुकतासाथ बसेकाले कार्यक्रम अघि बढाउनका लागि आग्रह गरे । कमरेड महेन्द्रले सुरु गरेर मलाई प्रशिक्षण अघि बढाउन जिम्मा लगाई आफू पनि श्रोताका रूपमा बसिरहनुभयो । मैले 'पृथ्वी' को उत्पत्ति, त्यसबाट जीवजन्तु र मानिसको उत्पत्ति, विकासक्रम, जङ्गली युगदेखि दास युगसम्म पुऱ्याएर बाँकी विषय अर्को दिन सुरु गर्ने भनेर त्यस दिनका लागि कार्यक्रम समापन गरेँ । छोटो रात, बिहानीको चिसो हावाले सरसर ऊर्जा दिएको थियो भने कुखुराको भालेले समयको सङ्केत गरिसकेको थियो । सबै साथीहरू बिदा भई आ-आफ्नो गन्तव्यतर्फ लागे । मलाई पनि एक जना साथीले आफ्नो घर लैजानुभयो । महेन्द्रजी अर्कै साथीसँग लाग्नुभयो ।

अर्को रात फेरि अर्कै घरमा बाँकी रहेका विषय सक्नुका साथै हामीले सङ्गठनसम्बन्धी विषयमा समेत प्रशिक्षण दियौँ । हामीले सङ्गठनको महत्त्व बुझाएर त्यही भेलाबाट ११ सदस्यीय क्रान्तिकारी महिला सङ्घ र नौ सदस्यीय क्रान्तिकारी किसान सङ्घ निर्माण गऱ्यौँ ।

यसरी हामीहरू गाउँगाउँ र बस्तीबस्ती हुँदै अति गोप्य ढङ्गले निरङ्कुश पञ्चायती व्यवस्थाअन्तर्गत विभिन्न नामले फैलाइएको जालोलाई भत्काउन क्रियाशील थियौँ । नयाँनयाँ रूपका सङ्गठनहरू निर्माण गरी नेपाल कम्युनिस्ट पार्टीको झन्डामुनि गोलबन्द गरी स्थानीय रूपमा भएको अन्याय-अत्याचार, शोषण, दमन र उत्पीडनका विरुद्धमा जनतालाई उतार्ने मुख्य लक्ष्य थियो- पार्टीको । विभिन्न नामका विभिन्न तहमा तहगत पार्टी सङ्गठनहरू निर्माण गरी परिभाषित संरचनाहरू बनाउँदै हिँड्दा जिल्लाका विभिन्न भागमा सयौँ सङ्गठनहरू बन्दै गएका थिए र जिल्लाभरिका विषयगत सङ्गठनहरूलाई एकीकृत ढङ्गले सञ्चालन गर्दा अन्य परिभाषित काम गर्न पनि सजिलो हुने भएकाले जिल्ला तहका विषयगत सङ्गठन बनाउने निर्णय भएको थियो ।

रूपन्देही जिल्लाको सीतापुर गाउँ तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले आफ्नै पहलमा बसाएको तिनाउ खोलाको किनारमा अवस्थित २८ घर परिवारको बस्ती हो । त्यहाँ विरोधीहरू झट्ट पस्न डराउने भएकाले हाम्रा लागि त्यो क्षेत्र अलि सुरक्षित मानिएको थियो । त्यसैले हामीले पार्टीको निर्णयअनुसार ०३६ पुस १७ गते पनि भीमकुमारी थापाको अध्यक्षतामा अति गोप्य रूपले दुईदिने जिल्लास्तरीय अगुवा महिला कार्यकर्ता प्रशिक्षण भेला आयोजना गऱ्यौँ । भेलामा पार्टीको जिल्ला कमिटीका

तर्फबाट मैले 'नारी मुक्ति आन्दोलन र नौलो जनवादी क्रान्ति' नामक कार्यपत्र प्रस्तुत गरेँ। कार्यपत्रमाथि दुवै दिन व्यापक रूपमा छलफल भयो र भेलाले त्यसलाई सानै भए पनि पुस्तिकाका रूपमा प्रकाशन गर्ने निर्णय गऱ्यो।

भेलामा ३५ जना अगुवा कार्यकर्ताको सहभागिता थियो। भेला अत्यन्त उपलब्धिमूलक ढङ्गले सफलतापूर्वक सम्पन्न भयो। भेलाले नै एउटा जिल्लास्तरीय महिला समिति गठन गर्ने आवश्यकता महसुस गरेर सात सदस्यीय 'जिल्ला महिला सम्पर्क समिति' गठन गऱ्यो। त्यसमा शान्ता 'मानवी' अध्यक्ष, चन्द्रकला शर्मा सचिव र तुलसा थापा, गोमा केसी, माया भण्डारी, बिना सिंहलगायतका साथीहरू सदस्य रहनुभयो। भेलाले प्रथम जिल्लास्तरीय 'महिला सम्पर्क समिति' लाई केही काम र कार्यक्रम तोकिदियो।

जिल्लाभरि छरिएर भूमिगत रूपमा कार्यरत क्रान्तिकारी महिला सङ्घहरूलाई एकीकृत गर्ने हाम्रो पहिलो दायित्व थियो। खुला रही खुलै काम गर्ने विभिन्न नामका सङ्गठनहरू, जस्तै : भूमा थापाको 'महिला सुधार समाज', हीरादेवी पौडेलको 'महिला सुधार समूह', देवी थापा र गोमा केसीको 'महिला किसान क्लब', माया भण्डारीको 'क्रान्तिकारी महिला सङ्घ' आदिलाई भूमिगत ढङ्गले सक्दो रूपमा सहयोग गरी महिलामाथि हुने कुनै पनि ज्यादतीका विरुद्ध खुला रूपले नै उतार्ने हाम्रो योजना थियो। महिला उत्थानका लागि प्रौढ शिक्षा, प्रारम्भिक कानुनी शिक्षा सञ्चालन गर्ने हाम्रो अर्को उद्देश्य थियो। राजनीतिक चेतना उठाउनका लागि समाजमा विद्यमान सामन्तवादी संस्कारलाई तिरस्कार गरी समाजका सबै क्षेत्रमा जनवादी केन्द्रीयता कायम गर्दै 'पितृप्रधान' संस्कारका विरुद्ध महिला मुक्ति आन्दोलनलाई जीवन्त र निरन्तर बनाउन नेपाल कम्युनिस्ट पार्टीको झन्डामुनि गोलबन्द गरी जनवादी आन्दोलनमा आन्दोलित गर्ने मुख्य लक्ष्यका साथ रूपन्देहीका महिलाहरू आन्दोलित हुँदै गए।

अन्य जिल्लाहरूमा पनि सयौँ सङ्गठनहरू निर्माण हुँदै गए। त्यसबाट राष्ट्रियस्तरमा एउटा एकीकृत सङ्गठनको आवश्यकता खट्कियो। तत्कालीन नेकपा (माले) को सक्रियतामा ०३७ वैशाख ४ र ५ गते हेटौँडामा प्रथम राष्ट्रिय अगुवा महिला कार्यकर्ता भेला सम्पन्न भयो। भेलाले व्यापक रूपले छलफल गरी ०३७ सालभित्र राष्ट्रिय सङ्गठन गठन गर्ने निर्णय गऱ्यो। त्यसअनुरूप ०३७ फागुन १६ र १७ गते कास्कीको पुरनचौरमा कमरेड गोविन्द पौडेलको सक्रिय सहयोगमा भएको महिला भेलामा सङ्गठनको संरचना कस्तो हुने ? कुन तहसम्म पुऱ्याउने ? कस्ता र कुन वर्गसम्मका महिलाहरूलाई सङ्गठनमा आबद्ध गर्ने ? कति उमेर भएका महिलालाई सदस्यता दिने ? सदस्यता प्राप्त गर्ने र सङ्गठनमा आबद्ध गर्ने कस्तो मापदण्ड बनाउने ? सङ्गठनको चरित्र कस्तो हुने ? नाम के हुने ? आदि विषयमा दुई दिनसम्म व्यापक छलफल चल्यो। पार्टीबाट हामीलाई मार्गनिर्देशन गर्न कमरेड सुनील (माधवकुमार नेपाल) जानुभएको थियो। सबै विषयलाई एउटा-एउटा गरी हामीले निचोडमा पुऱ्यायौँ। हामी तीन भाग, नौ धारा र १२ उपधाराको मस्यौदा विधान बनाउने टुङ्गोमा पुग्यौँ। त्यस्तै छ बुँदा र ३९ उपबुँदाको कार्यक्रम र सात शीर्षकको उद्देश्यसमेतका सबै विषय एउटैमा समावेश गरी विधान टुङ्गो लागेपछि उक्त विधानअनुरूप १७ गते सात सदस्यीय 'अखिल नेपाल महिला सङ्घ' केन्द्रीय तयारी समितिको निर्माण भयो। त्यसमा शान्ता मानवी अध्यक्ष, स्वस्ती वज्राचार्य उपाध्यक्ष, राधा ज्ञवाली सचिव र जया घिमिरे, शोभा कुँवर, कमला राई र सञ्जिता गिरी सदस्य रहनुभएको थियो।

लामो समयदेखि विविध नामले सङ्गठित हुँदै आएको महिला सङ्गठन ०३७ सालमा आई पुनः अखिल नेपाल महिला सङ्घका नामले स्थापित भई वाम आन्दोलनका पक्षमा हुने महिलाहरूलाई परिचालित गर्दै आएको छ। खास गरेर हामी सङ्गठित अखिल नेपाल महिला सङ्घ नै अहिले महिला मुक्ति आन्दोलनको मूलधार बन्न पुगेको छ। पञ्चायती कालरात्रिका समयसमेत पुरुषहरूजस्तै करिब २८ जना महिलाहरूले आफ्नो घरबार छाडेर भूमिगत रूपमा काम गरेका थिए। त्यस्तै सयौँ महिलाले अर्धभूमिगत र सयौँ महिलाले खुला रही साङ्गठनिक काम गरेका थिए। त्यसरी क्रियाशील भएकै कारण महिला मुक्ति आन्दोलनलाई राष्ट्रिय मूलधारका रूपमा उठाउन सकिएको हो।

सङ्गठनलाई सुदृढ र विस्तार गर्नका लागि अखिल नेपाल महिला सङ्घले देशभित्र मात्र सीमित नरही भारत प्रवासलाई समेत आफ्नो कार्यक्षेत्र बनाएर आफ्नो काम फैलाएको थियो। छरिएर रहेका आमशोषित-पीडित नेपाली महिलाहरूलाई संयोजन गरी एकीकृत ढङ्गले निरन्तर नेतृत्व दिने काम अखिल नेपाल महिला सङ्घले गरेको छ र यसले महिला उत्थानका काममा महिलाहरूको आत्मबल बढाउने कामसमेत गरेको छ।

पञ्चायतीकालमा समेत पोखरामा भएको ०३८ सालको नमिता-सुनीता बलात्कार र हत्याकाण्डका विरुद्ध कार्यक्रम गरेर अनेमसङ्घले भित्रभित्रै भुसको आगोझैँ सल्काएर राष्ट्रिय रूपमै उक्त मुद्दा उठाएको थियो। त्यस्तै पोखराकै भुर्जुङखोलामा भएको ०४५ सालको बलात्कार काण्डको पर्दाफास गर्ने काम गरी अपराधीलाई दण्डसजाय गराउने कामका साथै रूपन्देही, नवलपरासी, मकवानपुरमा समेत महिलामाथि भएका तमामखाले उत्पीडनको पर्दाफास गराउने काम अनेमसङ्घले गऱ्यो। इतिहासको त्यो परम्परालाई अनेमसङ्घले अहिलेसम्म पनि जारी राखेको छ र यो नेपाली महिलाहरूको नेतृत्वदायी सङ्गठन बनेको छ।

# कति कठिन हुँदोरहेछ आफूलाई बदल्न !

**' अष्टलक्ष्मी शाक्य**

सिद्धान्तलाई व्यवहारसँग मिलाउने र आफूलाई रूपान्तरण गर्ने काम कति गाह्रो हुँदो रहेछ भन्ने कुरा मैले सिन्धुपाल्चोकको पिस्कर गाउँ बसाइबाट सिक्न पाएँ। म जन्मेको घरको सम्पन्नता र ऐंयासी जीवन छोडेर भूमिगत भई पार्टी काम गर्न

पहिलोचोटि पिस्करमा पुगेकी थिएँ । त्यसकारण पनि काठमाडौँबाट पिस्कर पुग्न मेरा लागि त्यति सजिलो थिएन । काठमाडौँबाट बाह्रबीसेसम्म बसको सुविधा भए पनि राजनीतिक व्यक्तिहरूका लागि बसबाट यात्रा गर्नु जोखिमपूर्ण थियो । पञ्चायती शासकहरूले राजनीति गर्ने व्यक्तिहरूलाई 'देशद्रोही' का नाममा जे पनि गर्न सक्थे । त्यतिबेला पार्टी भूमिगत मात्र थिएन, पार्टीमा काम गर्नेहरू पनि अर्धभूमिगत र भूमिगत हुनुपर्ने अवस्था थियो । किनभने, पार्टी राजाको पञ्चायती तानाशाही शासनका विरुद्ध राजनीतिक र सङ्गठनात्मक काममा जुटेको थियो ।

०३६ साल पुसमा मैले घर छोडेर भूमिगत भई राजनीतिक जीवन सुरुवात गरेँ । पार्टीले मलाई काम गर्न सिन्धुपाल्चोकमा पठाउने निर्णय गरेको थियो । अमृत बोहरा (श्याम) र माधव पौडेल (प्रभात) दुई जना तारो बन्नुभएको थियो । हामी तीन जना पाटनका सुशील र कमला अमात्यको घरबाट त्यहाँ पुगेका थियौँ । कमरेड अमृतमाथि पञ्चायती शासकहरूले कडा वारेण्ट जारी गरेका थिए । उहाँलाई जहाँ भेट्टायो, त्यहीँ मारेर टाउको ल्याउन पञ्चायती शासकहरूले आदेश दिएका थिए । पिस्कर कमरेड अमृत बोहराको घर भएको ठाउँ पनि हो । तर, सरकारी निगरानीका कारण उहाँको घरमा आउन-जान धेरै कठिनाइ थियो । हामीहरू कहिलेकाहीँ लुकेर उहाँका दाइहरू कमरेड छत्रबहादुर बोहरा, वीरबहादुर बोहरा र भाउजू एवम् पोखराका अन्य साथीहरूसँगै कुरा गर्न जाने गर्दथ्यौँ । उहाँहरूले हामीलाई धेरै माया गर्नुहुन्थ्यो । कमरेड माधव नख्खु जेलविद्रोहमार्फत बाहिर आउनुभएको केही समय मात्र भएको थियो । दुवै जना कठिन भूमिगत अवस्थामा रहेका कमरेडहरू भएकाले निरङ्कुश शासकहरूको निगरानीबाट जोगिँदै हामी रातदिन हिँडेर पिस्कर पुगेका थियौँ । त्यसरी पैदल हिँड्नु मेरो जीवनको नयाँ अनुभव पनि थियो । रातदिनको हिँडाइले मेरा खुट्टा सुन्निएका थिए, जीउ थिलथिलो भएको थियो । जुनेली रातमा हिँडडुल गर्न केही सजिलो भए पनि उकाली-ओराली तथा खोल्साखोल्सी तरेर म त्यसरी कहिल्यै लगातार हिँडेकी थिइनँ । पहिले ०३१/०३२ सालतिर साथीहरूसँग त्रिशूलीबाट हिँडेर गोसाईकुण्डसम्म पुगेकी थिएँ । हुन त हामी ०२७/२८ सालदेखि नै प्रगतिवादी क्रियाकलापमा सक्रिय हुने गर्दथ्यौँ । त्यसबेला हामीहरू नेकपा (श्यामप्रसाद समूह) मा आबद्ध भएर 'मार्क्सवादी अध्ययन' समूह बनाउँदै काठमाडौँ र त्यसका वरपरका गाउँबस्तीहरूमा किसानहरूबीच जाने गर्दथ्यौँ । त्यसैक्रममा म कहिले धादिङ, कहिले सिन्धुपाल्चोक र कहिले मकवानपुरका कतिपय गाउँहरूमा पुगेकी छु ।

त्यतिबेला नेकपा (श्यामप्रसाद समूह) सँग विवाद बढेपछि हामी त्यो समूह छोड्न बाध्य भएका थियौँ । सुलोचना, सुमनलगायतका साथीहरू मिलेर हामीले अध्ययन समूह गठन गरेका थियौँ ।

गाउँमा गएर चेतना जगाउनुपर्छ भन्ने भावना हामीभित्र तीव्र रूपमा बढिरहेको थियो । अध्ययन समूह गठनपछि हामीले गाउँ जाने अभियान चलाएका थियौँ । त्यसैले थोरै मात्रामा भए पनि मेरो पहाड चढ्ने अभ्यास सुरु भएको थियो । तर, रातभरि हिँड्ने अभ्यास भने मेरो जीवनका लागि पहिलो नै थियो । त्यसैले पिस्कर जाँदा अत्यन्तै कष्ट सहेर हामी राती दुई बजेतिर तौथलीको चाकाचुङ गाउँमा एक जना कमरेडका घरमा पुगेका थियौँ । थकाइले गर्दा मलाई बोल्नसमेत मन लागेको थिएन । तर, मेरो थकाइलाई बिर्साउने गरी थामी समुदायकी सम्भवतः च्यानु नामकी एक जना महिला कमरेडले आफ्नो घरमा नुनपानीले खुट्टा धुन लगाउनुभयो । उहाँले त्यति राती हतारहतार खोले पकाएर 'तातो खोले खाए आराम हुन्छ' भन्दै अत्यन्त मीठो वर्गीय स्वागत गरेर मलाई ढाडस दिनुभयो । उहाँले हामी आएको वल्लोपल्लो घरमा थाहा नहोस् भनेर अत्यन्तै मसिनो स्वरमा कौतूहलपूर्वक 'अहिले पार्टीका नयाँ कुराहरू के छन् ? देशमा के भइरहेको छ कमरेड ? नयाँ, त्यसमा पनि महिला कमरेड आउनुभएछ' भन्दै खुसी भएर नयाँ-नयाँ कुराहरू सोध्नुभयो । उहाँले गरिबी, अभाव र दुःख-कष्ट सहेर पनि पार्टी र देशप्रति त्यस्तो चिन्ता प्रकट गरेको देख्दा त्यो परिवार र महिला कमरेडबाट म सुरुमै प्रभावित भएँ । कमरेडली माया कति चोखो हुँदो रहेछ भन्ने मैले त्यसैबेला थाहा पाएँ । मैले मनमनै सोचेँ- वास्तवमा ढिला भएछ, मैले घर पहिल्यै छोड्नुपर्ने रहेछ ।

पिस्कर राजनीतिक-साङ्गठनिक रूपमा बलियो तर आर्थिक रूपले अत्यन्तै कमजोर थामी जातिको बाहुल्य भएको प्राकृतिक रूपमा सुन्दर गाउँ हो । गाउँलेले त्यहाँका स्थानीय सामन्तहरूबाट अत्यन्तै शोषण र दमन सहनुपर्ने स्थिति थियो । पेटभरि खोले मात्रै खान पनि धौधौ पर्ने अवस्था थियो । त्यस अवस्थामा पनि त्यहाँका जनतामा पार्टीप्रति उच्च भावना रहेको पाउँदा म प्रभावित बनेकी थिएँ । गाउँमा 'पार्टीलाई बलियो बनाउनुपर्छ, सहयोग गर्नुपर्छ' भन्ने भावनाका प्रशस्त उदाहरणहरू भेटिन्थे । आफ्नो खानाबाट एक भाग झिकेर पार्टीलाई दिने कुरा त्यस गाउँका लागि सामान्य नै थियो । आफूले नखाएर पनि पार्टीलाई सहयोग गर्ने व्यवहारका लागि पिस्कर नमूना गाउँ थियो । जाली-फटाहाहरूको शोषण र दमनका विरुद्ध सङ्गठित र जुझारु आन्दोलनका क्रममा वीरबहादुर थामी, इले थामीजस्ता वीर योद्धाहरूले पञ्चायती शासकहरूका विरुद्ध जुध्दै ०४० सालमा जीवन बलिदान गरेका कारण त्यो पिस्करका लागि मात्र नभई सिङ्गो मुलुक र पार्टीका लागि थप परिचायक बनेको हो ।

सुरुमा पार्टीले मलाई इलाकाको जिम्मेवारी दिएको थियो । मैले पिस्कर, तौथली, धुस्कुन, जलजले, टेकनपुरलगायतका गाउँहरूको कामलाई व्यवस्थित गर्ने जिम्मा पाएकी थिएँ । कमरेड अमृतले त्यहाँको वस्तुस्थिति र अवस्थाका बारेमा जानकारी दिनुभयो भने कमरेड माधवले काम गर्ने तौरतरिकाहरू सिकाउनुभयो । वास्तवमा मेरा लागि पिस्करमा बसेर राजनीतिक र साङ्गठनिक काम गर्नु एकातिर चुनौती थियो भने अर्कातिर अवसर पनि । वास्तवमा त्यो मेरा लागि राजनीतिक जीवन कसरी अगाडि बढाउने भन्ने अग्निपरीक्षा थियो । कामका दौरान आउने समस्याहरूसँग जुध्दै पार्टी कामलाई निरन्तर अगाडि बढाउन उहाँहरू दुवै जनाले मलाई निरन्तर हौसला दिनुभएको थियो ।

अग्निपरीक्षामा कसरी उत्तीर्ण हुने भन्ने कुराले मलाई सधैँ चिन्तित तुल्याएको थियो । पिस्करमा पार्टी सङ्गठन गर्नु निश्चितै रूपमा सजिलो थिएन । अनेकौँ दुःख र समस्याको सामना गर्नुपर्थ्यो । घरको सम्पन्नता र सहरको बसाइले मेरा सबै बानी बेहोराहरू सोखीन बनेका थिए । दुःखमा कसरी साथी बनाउने र प्रतिकूलतासँग कसरी जुध्ने भनेर म सधैँभरि सोचिरहन्थेँ । पिस्करमा टिकेर काम गर्नका लागि मैले वास्तवमा मेरो मनमस्तिष्कलाई नै परिवर्तन गर्नुपर्ने थियो । यदि म अग्निपरीक्षामा अनुत्तीर्ण भएँ भने त्यसपछि के गर्ने र कहाँ जाने ? भविष्यका बारेमा सोच्ने गर्दथेँ । तर, जेजस्ता कठिनाइ आइपरे पनि पार्टी र क्रान्तिको काममा निरन्तर जुट्नुपर्छ भन्ने मेरो दृढ धारणा थियो । म चीनको क्रान्तिकारी आन्दोलन र

माओका विचारबाट अति नै प्रभावित थिएँ । म 'दृढ प्रतिज्ञा गर, बलिदानबाट नडराऊ, लाखौँ कठिनाइ हटाई विजय पाउन अगाडि बढ' भन्ने माओको उक्तिलाई अप्ठेरो बेलामा सम्झिने गर्थें ।

त्यहाँका जनता जसरी बसेका छन्, त्यसरी नै बस्ने मैले अठोट गरेँ तर अठोटले मात्रै नहुने रहेछ । मलाई खान, बस्न र सुत्न धेरै समयसम्म गाह्रो भइरह्यो । नरम ओछ्यानको सट्टा गुन्द्रीमा सुत्नुपर्थ्यो, त्यो पनि नपुगेर आधा जीउ भुइँमा हुन्थ्यो । ओढ्नका लागि एउटा खास्टो हुन्थ्यो । जाडोले रातभरि कठ्याङ्ग्रिनुपर्थ्यो । पेटभरि खानका लागि दाल-भातको त कुरै छोडौँ, खोलेसम्म पनि पाइँदैनथ्यो । त्यहाँ बस्दा बानी परेको सिस्नुको तरकारी अहिले पनि मेरो सम्झनामा छ र अहिले पनि भेटेसम्म खाने गर्दछु । बिहानको चियाको सम्झनाले मलाई धेरै समयसम्म सताइरह्यो । म दैनिक सफासुग्घर र नुहाइधुवाई गरेर बस्थेँ तर त्यहाँ नुहाउनका लागि समय मिलाउनुपर्थ्यो । सधैँ साबुन पाइँदैनथ्यो । सिँउडीका दाना र कमेरोले काम चलाइन्थ्यो । गरिबी र अभावका कारण सधैँभरि काममा व्यस्त हुनुपर्ने त्यहाँको जनजीवनका लागि घरको सरसफाइको कुरा त निकै पर थियो । शिक्षाको अभाव, लेखपढको समस्या, भाषाको समस्याजस्ता कुराहरू विद्यमान थिए । यी सबै समस्याहरू समाधान गर्नसक्ने अवस्थामा म थिइनँ तर राजनीति र सङ्गठनात्मक कामसँगै जनताको जीवनमा सुधार ल्याउनुपर्छ भन्ने हाम्रो धारणा थियो ।

सेल्टरमा बस्ने क्रममा घरभित्र सरसफाई गर्ने, भाँडाकुँडा सफासुग्घर गर्ने, लिपपोत गर्ने, शौचालयको व्यवस्था गर्ने, समय मिलाएर पढ्न सिकाउने, नयाँ चीजको उत्पादन गर्न प्रेरित गर्ने र नुहाइधुवाई गरेर आफ्नो शरीर सफासुग्घर राख्नेजस्ता अनेकौँ कामहरू हुन थाले । 'बाजे-बराजुले नउब्जाएको चीज खानहुँदैन, खाँदा मरिन्छ' भन्ने धारणा विस्तारै मेटिँदै गयो । नौला कुराहरूले जनतामा धेरै उत्साह र पार्टीप्रतिको आकर्षण बढाएको थियो ।

मैले पिस्कर बसाइमा थप नयाँ कुराहरू पनि सिक्ने मौका पाएँ । राजनीति र सङ्गठन गरेर मात्रै पुग्दैन, जनतामा नयाँ सामाजिक चेतनाको विकास गर्नुपर्छ । उनीहरूको शिक्षा र स्वास्थ्यमा ध्यान दिनुपर्छ । जनताले भनेका सबै राम्रा कुराहरू सुन्नुपर्छ र बेठीक कुराहरू फेर्न हामीले प्रयत्न गर्नुपर्छ । मैले यस्ता कुरालाई राम्ररी पक्रेकी थिएँ । जनतासँग भिजेर यसरी काम गर्ने तरिकाका कारण मलाई त्यहाँ बस्नका लागि केही सजिलो भएको थियो । राम्रा कामहरूको सुरुवात अगुवा कार्यकर्ताहरूबाटै गर्नुपर्छ भन्ने कुरा पनि मैले पिस्करबाट सिकेँ । जनताका बीचमा बस्दा परिवारका कसैलाई पनि मेरो कारणले अप्ठ्यारो र दुःख नहोस् भनेर म सधैँ सचेत हुन्थेँ । माओका 'तीन मुख्य नियम र ध्यान दिनुपर्ने आठ कुरा' लाई व्यवहारमा उतार्न मैले सकेसम्म प्रयास गरेकी थिएँ । हामी कुनै पनि कुरा छलफलबाट निर्णय गर्ने गर्थ्यौं । जनताका बीचमा काम गर्दा भोक र निद्राको वास्ता नै हुँदैनथ्यो । सङ्गठनको काममा रातभरि व्यस्त हुँदा निद्रा पनि डरले भाग्थ्यो । हामीहरू रातीराती टुकी बालेर छलफल गर्ने र राजनीतिक कुराहरू सिकाउने गर्दथ्यौं । शोषण र दमनबाट मुक्ति पाउने जनताको तीव्र इच्छा र चाहनाले दिनरात गएको पनि मलाई पत्तै हुँदैनथ्यो ।

गाउँमा शिक्षाको अभावले गर्दा राजनीति र सङ्गठनको काम कसरी गर्ने होला भनेर मलाई चिन्तित तुल्याइरहन्थ्यो । सहरमा जस्तो सिद्धान्तको ठूलो व्याख्या-विश्लेषण त्यहाँ चल्दैनथ्यो । 'फलानो पुस्तक पढ्नुस् है' भनेर पनि हुँदैनथ्यो । त्यसैले सहरबाट चित्रकथा, जनवादी गीत, नाटकजस्ता चेतना जगाउने सामग्री गाउँमा पुऱ्याइन्थ्यो । तिनै सामग्रीहरूबाट जनता किन सचेत हुनुछ, किन शोषणका विरुद्ध लड्नुपर्छ, किन अत्याचारका विरुद्ध सङ्गठित हुनुपर्छ र जनताको मुक्तिपछि आउने उज्यालो दिन कस्तो हुन्छ ? भन्नेबारे हामी बताउँथ्यौं । त्यहाँका आमा-बुबाहरूले समेत ती सामग्रीहरू आफ्नो पटुकामा पोको पारेर शत्रुको आँखा छल्दै अरू साथीहरूलाई बुझाउनुहुन्थ्यो ।

घरका भाइबहिनीहरू पार्टीको 'बाल रेड गार्ड' का रूपमा खटिन्थे । हामी सेल्टरमा बस्दा घरका सबै परिवारहरू दिनभरि कोही जङ्गल त कोही काममा जानुहुन्थ्यो । ती भाइबहिनीहरूले हाम्रो दिनभरि सुरक्षा दिने गर्थे । बाहिर कोही आउँदा घरभित्र हामी भएको कुरा थाहा नहोस् भनेर कुनै प्रकारले सूचना दिइन्थ्यो । भाइबहिनीलाई पनि बालचित्रकथा र जनवादी गीतहरूबाट हामी कुरा बुझाउँथ्यौं, पढ्न-लेख्न र सफासुग्घर हुन सिकाउँथ्यौं । हामीले सिकाएका गीतहरू जङ्गलमा गाईवस्तु चराउँदादेखि पार्टीका विभिन्न कार्यक्रमहरूमा समेत गाउनुहुन्थ्यो । स-साना भाइबहिनीहरूले फटाहाहरूको आँखा छल्दै परपरसम्म गएर पार्टीको सूचना पुऱ्याउने गर्दथे । पार्टीले यसरी स-साना भाइबहिनीहरूबीच 'बाल रेड गार्ड' समेत गठन गरी काम अघि बढाएको थियो । कामकै दौरान हामीले धेरै किसानहरू त्यसमा पनि महिला किसानहरूलाई सङ्गठित गरेका थियौं । उहाँहरू पार्टीका ज्यादै भरपर्दा र दृढ योद्धा हुनुहुन्थ्यो ।

मैले पिस्करमा बसेर पार्टी काम गर्ने दौरानमा महिला दिदीबहिनीहरूको ठूलो पङ्क्ति नै पार्टी काममा सक्रिय हुनुभयो । महिलाहरू पनि पार्टीका पूर्णकालीन कार्यकर्ताका रूपमा सक्रिय हुन थाल्नुभयो । मीरा थामी, पूर्णमाया थामीलगायतका महिलाहरू पूर्णकालीन नै बन्नुभएको थियो । म पार्टी काममा यताउता जानुपर्दा महिला कमरेडहरूले पनि मसँगै रातभरि हिँडेर मलाई गन्तव्य स्थानसम्म पुऱ्याउनुहुन्थ्यो । मेरो बसाइ र स्वास्थ्यका बारे बढी ध्यान दिनुहुन्थ्यो । उहाँहरूले 'कमरेड बलियो र स्वस्थ हुनुभयो भने पार्टीको काम धेरै गर्न सक्नुहुन्छ' भन्नुहुन्थ्यो । म सेल्टरमा रहँदा उहाँहरूले दिनभरि काम गर्न गएको ठाउँमा दिएको खाजासमेत पटुकामा पोको पारेर साँझ फर्केपछि मसँगै बाँडीचुँडी खानुहुन्थ्यो । मलाई लाग्छ- मान्छेका लागि सबभन्दा गाह्रो काम भनेको आफू भोकै रहेर अरूलाई खुवाउने नै हो । पिस्करका कमरेडहरूको यस्तो निस्वार्थी व्यवहारबाट म धेरै प्रभावित भएकी थिएँ । मेरो स्वार्थी मनस्थिति र व्यवहारलाई परिवर्तन गर्न यसले ठूलो सहयोग पुऱ्याएको थियो ।

त्यहाँ पुगेको केही समयपछि म तत्कालीन नेकपा (माले) को जिल्ला कमिटीमा सङ्गठित हुने मौका पाएँ । त्यसपछि हाम्रो सङ्गठित शक्ति र कामको क्षेत्र अरू विस्तार हुन पुग्यो । पार्टीमा नयाँ-नयाँ साथीहरू सङ्गठित हुन थाल्नुभयो । पिस्करमा केन्द्रित भएर काम गर्ने क्रममा नै मेरो कमरेड काशीनाथ अधिकारी, विजय सुब्बा, तारा पन्तलगायत धेरै कमरेडहरूसँग भेटघाट भएको थियो । कमरेड काशी त्यसबेला सघन पहाडी विकास आयोजना डाँडापाखरमा काम गर्नुहुन्थ्यो भने विजय सुब्बा सुनकोशी जलविद्युत् आयोजनामा । उहाँहरूसँगको भेटघाटले काममा अझ उत्साह थपेको थियो । यसरी मैले त्यस क्षेत्रमा लगभग तीन वर्ष रहेर काम गरेँ ।

काम गर्दै जाँदा उहाँहरूले मलाई गर्नुभएको सहयोग, देखाउनुभएको आत्मीयता र मायाले मेरो काममा अहिलेसम्म थप सहयोग र ऊर्जा थपेको छ । त्यहाँको दुःख र कष्टलाई नजिकको साथी बनाउन मलाई सहयोग पुगेको थियो । काम गर्ने दौरानमा त्यहाँको दुःख-कष्ट मेरो नजिकको साथी बन्दै गएको थियो । पिस्करको बसाइमा मैले मेरो जीवनको महत्त्व र वास्तविकतालाई बुझ्न सकेँ । देशको स्थिति र अवस्थालाई नजिकबाट चिन्ने मौका मलाई मिल्यो । अभाव, गरिबी, दुःख-कष्ट र शोषण भोगिरहेका जनताको मुक्तिका लागि निरन्तर अगाडि बढ्न पिस्करले मलाई सधैँ हौसला र प्रेरणा प्रदान गरिरहेको छ ।

# अनेरास्ववियु : आरम्भिक दिनहरू सम्झँदा

## ' भीम रावल

अनेरास्ववियु (एकताको पाँचौँ) पुनर्गठनका आरम्भिक दिनहरूबारे संस्मरण लेख्दा कहाँबाट सुरु गर्ने र सम्झनाका कुन पत्रहरूलाई पल्टाउने भन्ने द्विविधामा छु म । मेरो स्मृतिपटलमा अनेरास्ववियु (एकताको पाँचौँ) को धार विकसित गर्ने सिलसिलाका राजनीतिक, सङ्घर्षपूर्ण, विवादपूर्ण, उल्लासमय र चुनौतीपूर्ण परिघटना तथा आरोह-अवरोह रहेका छन् । ती सबै कुराहरू ठेलमठेल गरी अगाडि आउँछन् । तर, ती सबै सम्झनाहरू यस छोटो लेखमा पोख्न सम्भव छैन । त्यसैले स्मृतिका मोटा रेखाहरू मात्र यहाँ कोरिएका छन् ।

**१) विद्यार्थी आन्दोलन पुनर्गठनको राजनीतिक पृष्ठभूमि**

२०३२ सालपछि नेपालको वामपन्थी आन्दोलनमा उत्पन्न गठन-पुनर्गठनको तीव्र प्रक्रियाको प्रभाव युवा विद्यार्थीहरूमा पनि पर्‍यो । विभाजन, अवसरवाद, पलायन र सङ्कीर्णताबाट ग्रसित वामपन्थी आन्दोलनलाई क्रान्तिकारी मार्गमा डोर्‍याउनका लागि कम्युनिस्ट पार्टीका विभिन्न समूहहरूभित्र भइरहेको प्रयासले वामपन्थी विद्यार्थीहरूलाई पनि प्रभावित गरिरहेको थियो । ०२८ सालमा झापामा कम्युनिस्ट क्रान्तिकारीहरूको नेतृत्वमा भएको विद्रोहको प्रभावमा विद्यार्थी समुदायको एउटा हिस्सा प्रभावित भएको थियो । झापामा भएको विद्रोह उग्र वामपन्थी विचारबाट प्रेरित थियो । ती उग्रवामपन्थी सोच र त्यसबाट निर्देशित उग्र हिंसात्मक व्यवहारहरू अवस्तुवादी एवम् गलत थिए । तर, त्यस विद्रोहमा सामेल क्रान्तिकारीहरूको उद्घोषले नेपालको कम्युनिस्ट आन्दोलनमा रहेको निस्क्रियता तथा अकर्मण्य प्रवृत्तिमाथि भने ठूलो प्रहार गर्‍यो । देशभर एउटा तरङ्ग ल्याइदियो । यस तरङ्गले पूर्वाञ्चलका जिल्लाहरू र काठमाडौँ उपत्यकामा विशेष प्रभाव पार्‍यो । २०३२ सालको विद्यार्थी आन्दोलनमा केन्द्रीय कारागारमा थुनामा परेपछि उक्त तरङ्गले मलाई पनि छोयो ।

विद्यार्थी आन्दोलनमा केन्द्रीय कारागारमा सुरक्षा कानुनअन्तर्गत थुनामा पर्ने हामी विद्यार्थीहरूको सङ्ख्या मलाई सम्झना भएसम्म ३९ थियो । त्यहाँ राधाकृष्ण मैनाली, केपी ओली, घनेन्द्र बस्नेत, मनकुमार गौतमलगायतका झापाली राजबन्दीहरू हुनुहुन्थ्यो । मोहनचन्द्र अधिकारी कारागारको गोलघरमा हुनुहुन्थ्यो । हाम्रो खाने भान्छा एउटै भयो । राजनीतिक छलफल र क्रान्तिकारी विचारबाट मलगायत विभिन्न साथीहरू प्रभावित भयौँ । अहिले राजनीतिमा सक्रिय सुवास नेम्वाङ, भीम न्यौपाने, माधव पौडेल, सुनील राई, बलराम बाँस्कोटासँग विद्यार्थी आन्दोलनका क्रममा नै मेरो भेट भएको थियो । कारागारबाट मुक्त भएपछि हामीहरू राजनीतिमा झनै चाख राख्न थाल्यौँ । यही क्रममा ०३३ सालमा हामीले 'श्री ५ को सरकारको घुँडा टेकुवा नीति मुर्दावाद' शीर्षकको पर्चा निकाल्यौँ । यो पर्चा काचमाथि लिथो मसी पोतेर कपडा राखी स्टेनसिल कागजमा हातले लेखेर निकालिएको थियो । यो काम बागबजारस्थिति सुनील मानन्धर (पुलिस क्लबको पछाडि) को घरको माथिल्लो तलामा बसेर भीम न्यौपाने, सुवास नेम्वाङ, सुनील राई, माधव पौडेल, दिव्यध्वज खड्का र मसमेतले गरेका थियौँ । तत्कालीन प्रधानमन्त्री तुलसी गिरीले भारत भ्रमणका बेला नेपालको अस्मिता र स्वतन्त्रतामा आँच आउने गरी भारतसँग विशेष सम्बन्धको कुरा गरेकोमा त्यसका विरुद्ध पर्चा निकालिएको थियो । पर्चाले काठमाडौँमा खैलाबैला मच्चाएको थियो । त्यसको केही दिनपछि राजतन्त्रका विरुद्ध अर्को पर्चा प्रदीप नेपाल, माधव पौडेल, गोपाल शाक्य, वीरबहादुर लामासमेतको संलग्नतामा निस्केको रहेछ । यी दुवै पर्चा छरेको आशङ्कामा काठमाडौँमा थुप्रै विद्यार्थी नेताहरू गिरफ्तार भए ।

रातभर पर्चा तयार गर्ने हामी सबै तथा अर्को पर्चा निकाल्ने र छर्ने प्रदीप नेपाल, गोपाल शाक्य र बम देवान, झिल्के रुम्बा तामाङ, गयाप्रसाद यादव, सीताराम पोखेल पनि गिरफ्तार हुनुभयो । हामीलाई राजकाजसम्बन्धी मुद्दामा हनुमानढोका प्रहरी हिरासत, डिल्लीबजार सदरखोर हुँदै केन्द्रीय कारागार त्रिपुरेश्वर लगियो । त्यहाँ हामी १४ जनालाई दुई समूहमा विभाजित गरी आधालाई भद्रबन्दीगृह र आधालाई केन्द्रीय कारागारमा राखियो । केन्द्रीय कारागारमा त्यस बखत सीपी मैनाली पनि हुनुहुन्थ्यो । उहाँसँगको गहिरो राजनीतिक छलफल र सम्बन्धले त्यहाँ रहनुभएका साथीहरूलाई अझै प्रतिबद्ध हुन योगदान पुर्‍यायो । यसरी दोस्रोपटकको काराबासले हामीलाई झापाली राजबन्दीहरूसँग पार्टीगत र सङ्गठनात्मक रूपमा समेत एकाकार तुल्यायो । रिहा भएपछि हामीहरू पार्टीको नियमित सम्पर्कमा रहेर काम गर्ने स्थितिमा पुग्यौँ । विद्यार्थीहरूमाझ हामी छुट्टै सङ्घर्षशील पहिचानका साथ परिचित भयौँ । यो अवस्था र हाम्रा उक्त राजनीतिक गतिविधिहरूले काठमाडौँमा अनेरास्ववियुलाई गतिशील किसिमले पुनर्गठित गर्ने काममा पृष्ठभूमिको काम गरे । सुरुमा पार्टी र हाम्राबीच सम्पर्क गर्ने काम अधिवक्ता विष्णु राउतले गर्नुभएको थियो ।

हामीहरू जेलमुक्त भएर बाहिर आउँदा नेकपा (चौथो महाधिवेशन) समर्थक विद्यार्थीहरूले त्यस पार्टीको मार्गनिर्देशनमा भारतको दरभङ्गामा पाँचौँ राष्ट्रिय सम्मेलन गरिसकेका थिए । त्यसको समर्थनमा उभिनका लागि हामीसँग कुरा गर्न बलराम बाँस्कोटाजीलगायतका व्यक्तिहरू आउनुभएको थियो । तर, हामीहरू अखिल नेपाल क्रान्तिकारी को-अर्डिनेसन कमिटी (माले)-कोके, को राजनीतिमा प्रतिबद्ध भइसकेका थियौँ । हामीले भारतको दरभङ्गामा भएको उक्त विद्यार्थी सम्मेलनलाई मान्यता

नदिने निधो गर्‍यौं । काठमाडौंमा विद्यार्थीहरूका बीच रेडगार्ड सङ्गठन खोल्दै कोकेको राजनीति क्रमशः अगाडि बढ्दै गयो । प्रमुख राजनीतिक कार्यदिशा बुर्जुवा शिक्षा बहिष्कार, सशस्त्र सङ्घर्ष र आमूल परिवर्तन थियो । नौलो जनवादी गणतन्त्रको स्थापना हाम्रो लक्ष्य थियो । डिल्लीबजार सदरखोरबाट राजकाज मुद्दा लगाई केन्द्रीय कारागार सरुवा गर्दा राइफल बोकेका प्रहरीले घेरेको खुला जीपमा हामीले राजतन्त्रका विरुद्ध चर्का नारा लगाएको र गीत गाएको मलाई अहिले पनि सम्झना छ । म दोस्रोपटक जेलबाट छुटेपछि बिरामी भएका कारणले मात्र पढाइ छोडेर भूमिगत हुनबाट रोकिएको थिएँ ।

विद्यार्थीलगायतका क्षेत्रमा खुला सङ्गठन निर्माण नगर्ने कोकेको नीति थियो । अतः कडा भूमिगत सम्पर्कबाट पार्टी राजनीतिलाई युवा विद्यार्थीहरूमाझ पुर्‍याएर सकेसम्म बढी युवाहरूलाई भूमिगत लैजाने उद्देश्य रहन्थ्यो । म पनि अत्यन्त भूमिगत किसिमले रेडगार्ड सङ्गठनअन्तर्गत अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी (माले) को सम्पर्कमा आएँ । सुरुमा सम्पर्क दिने व्यक्ति अधिवक्ता विष्णु राउत हुनुहुन्थ्यो । मण्डलेको आक्रमण तथा वामपन्थी विद्यार्थीहरूबीचको तीव्र विभाजन र विवादका कारण सङ्गठनको कामले गति लिइरहेको थिएन । यस्तै स्थितिमा ०३५ सालमा पाकिस्तानी नेता जुल्फिकर अलि भुट्टोलाई त्यहाँका सैनिक शासकहरूले फाँसी दिएका विरुद्धमा प्रदर्शनबाट सुरु भएको विद्यार्थी आन्दोलनले राष्ट्रव्यापी रूप लियो । त्यस बखत मलगायत कतिपय साथीहरू स्नातकोत्तर अध्ययनको अङ्गका रूपमा राष्ट्रिय विकास सेवाअन्तर्गत गाउँगाउँमा थियौं । हामी जहाँजहाँ थियौं, त्यहीबाट सम्भव भएसम्म आन्दोलनको समर्थन गर्‍यौं । खासगरी काठमाडौंमा विद्यार्थी आन्दोलनलाई राजतन्त्र र निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध अगाडि बढाउने काममा कोकेबाट नेकपा (माले) बनेको पार्टीको मार्गनिर्देशनमा विद्यार्थीबीच बनेका रेडगार्ड सङ्गठनहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए । आन्दोलनलाई सम्झौतामा टुङ्ग्याएको भन्दै नेविसङ्घका नेता बलबहादुर केसी र नेपाल विद्यार्थी फेडरेसनका नेता कैलाश कार्कीलाई काठमाडौंमा ठेलागाडा चढाएर घुमाउने काममा रेडगार्डहरूको प्रमुख भूमिका थियो ।

**२) सङ्घर्षशील इतिहासको निरन्तरताका निम्ति सङ्घर्ष**

०३५/३६ सालको विद्यार्थी आन्दोलनमा खेलेको सक्रिय सङ्घर्षशील भूमिकाले नेकपा (माले) समर्थित विद्यार्थी धारलाई विद्यार्थीहरूमाझ सशक्त रूपमा उपस्थित गरायो । अनेरास्ववियुलाई पुनः सशक्त बनाउन आन्दोलनपछि लगत्तै उपत्यकास्तरीय तयारी समिति गठन भएको थियो । केही हप्तापछि टङ्क कार्कीको संयोजकत्वमा राष्ट्रियस्तरको अनेरास्ववियु पाँचौं राष्ट्रिय सम्मेलन तयारी समिति गठन भयो । म पनि यसको सचिवालय सदस्य थिएँ । पहिलेदेखि रेडगार्ड सङ्गठनमा क्रियाशील टङ्क कार्की, रामचन्द्र आचार्य, ठाकुर श्रेष्ठ र मैले ०३५ सालमा नै संयुक्त रूपमा पार्टी सदस्यता प्राप्त गर्‍यौं । पार्टीका तर्फबाट जीवराज आश्रित र विद्यार्थी क्षेत्रको काममा खटिनुभएका युवराज कार्कीले हामीलाई सङ्गठिन सदस्यता दिई शपथ गराउनुभएको थियो । त्यसपछि हामीहरू रहेको केन्द्रीय विद्यार्थी फ्र्याक्सनको गठन भयो । यसलाई ०३९ सालसम्म समयसमयमा बैठक गरी सीपी मैनालीले स्वयम् निर्देशन दिनुहुन्थ्यो । उहाँ त्यसबेलासम्म पार्टी महासचिव हुनुहुन्थ्यो । भरत श्रेष्ठ विद्यार्थीहरूमाझ खुला रूपमा नउभिए पनि ०३५/३६ सालको आन्दोलन तथा अनेरास्ववियुको पुनर्गठनको अवधिभर (०३७ साल) सम्म विद्यार्थी राजनीतिमा अत्यन्त सक्रिय हुनुहुन्थ्यो । उहाँको डेरामा हाम्रा धेरै बैठकहरू हुन्थे । नरदेवी नजिकैको ध्रुव खतिवडाको डेरा र ढोकाटोलनजिकै रहेको सुब्बा लामा टुल्कुको डेरा हाम्रा भूमिगत बैठकका लागि सबभन्दा बढी प्रयोग हुन्थे ।

०३६ सालमा पार्टीले जनमतसङ्ग्रहमा भाग लिनेबारे के गर्ने भनी छलफल गरिरहेका बेला सीपी मैनालीसमेत उपस्थित एउटा बैठकमा हामीले विद्यार्थी फ्र्याक्सनका तर्फबाट जनमतसङ्ग्रहलाई पञ्चायती व्यवस्थाको अन्त्यका लागि उपयोग गरिनुपर्ने धारणा राखेका थियौं । त्यसपछि पार्टीले पनि जनमतसङ्ग्रहमा मतदान गर्न जाने जनतालाई नरोक्ने र पञ्चायती व्यवस्थाका विरुद्ध त्यसलाई उपयोग गर्ने नीति अगाडि ल्याएको थियो । आन्दोलन र जनमतसङ्ग्रहले ल्याएको राजनीतिक चहलपहल शिक्षणसंस्थाहरूमा पनि राम्रैसँग प्रवेश भएको थियो । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा विभिन्न विद्यार्थी सङ्गठनहरूका बीचमा अत्यन्त कडा प्रतिस्पर्धाको अवस्था थियो । हामीले एकातर्फ नेविसङ्घसँग सबै प्रकारले प्रतिस्पर्धा गर्नुपर्ने स्थिति थियो भने अर्कोतर्फ अनेरास्ववियुको पाँचौं र छैठौं राष्ट्रिय सम्मेलनको विवाद तीव्र बनिरहेको थियो । छैठौंका साथीहरूसँग राजनीतिक वादविवाद मात्र होइन, कतिपय ठाउँमा घम्साघम्सी नै हुन्थ्यो । भित्ता र सडकमा नारा लेख्ने र मेट्ने प्रतिस्पर्धासमेत थियो । स्ववियुको निर्वाचनमा पनि त्यस्तै भयो । त्रिविअन्तर्गत कीर्तिपुर केन्द्रीय क्याम्पसमा निर्वाचनका समयमा हाम्राबीच इटा हानाहान नै भएको थियो । छैठौंका तर्फबाट मैदानमा उत्रने लीलामणि पोखरेल, बलराम बाँस्कोटा, पम्फा भुसाल र देव गुरुङलगायतका व्यक्तिहरू हुनुहुन्थ्यो । नेविसङ्घको प्रतिस्पर्धा झनै कडा थियो । त्यस्तो स्थितिमा हामीले चलाएको व्यापक राजनीतिक-सैद्धान्तिक सङ्घर्ष र आवश्यक पर्दा चालेका प्रतिकार र प्रतिवादका पाइलाहरूले हामीलाई विद्यार्थीहरूका माझ देशव्यापी रूपमा स्थापित गर्न सहयोग पुग्यो । अनेरास्ववियुको मुखपत्र *विद्यार्थी आवाज* र *स्टुडेन्ट्स भ्वाइस* त्यसैबेलादेखि प्रकाशित भएका हुन् । त्यसबेलाका विद्यार्थी प्रकाशनहरू हेरेमा कस्तो व्यापक र दृढ राजनीतिक-सैद्धान्तिक सङ्घर्ष चलाइएको रहेछ भन्ने कुरा छर्लङ्ग हुन्छ । क्याम्पसक्याम्पस र विद्यालयहरूमा समेत हामीले अभियानकै रूपमा व्यापक राजनीतिक प्रशिक्षण चलाएका थियौं । छैठौंसँग हाम्रो प्रतिस्पर्धा कतिपय पक्षमा अत्यन्त कटु थियो । हामीले ०३६ चैत १४ मा देशव्यापी विरोध प्रदर्शन गर्ने निधो गरेपछि त्यसलाई प्रभावित पार्नेगरी छैठौंले विरोध प्रदर्शनको कार्यक्रम अगावै राख्ने निर्णय सार्वजनिक गर्‍यो । यससम्बन्धमा के गर्ने भनी भएको एउटा भूमिगत बैठकमा जीवराज आश्रितले छैठौंले गर्ने भनेकै दिन हामी पनि कार्यक्रम जुधाएर देखाइदिऔं भन्नुभएको मलाई अहिले पनि सम्झना छ । यद्यपि, पछि हामीले चैत १४ मा नै प्रभावकारी रूपमा देशव्यापी विरोध प्रदर्शन गर्‍यौं ।

हाम्रो राजनीतिक-सैद्धान्तिक अभियान र दृढताले अनेरास्ववियु सम्पूर्ण प्रगतिशील, जनवादी, देशभक्त विद्यार्थीहरूको साझा सङ्गठन हो भन्ने हाम्रो मान्यतालाई स्थापित गर्‍यो । यो मूलतः आफ्ना सामुदायिक माग र समस्याहरूलाई लिएर विद्यार्थीहरूमाझ अघि बढ्ने भए पनि देश र जनताको मुक्ति, आमूल परिवर्तन र जनअधिकारका लागि चलाइएको आन्दोलन

तथा त्यस आन्दोलनमा अगुवाई गर्ने राजनीतिसँग आवद्ध भएर अघि बढ्छ भन्ने स्पष्ट कार्यदिशा अनेरास्ववियुले लिएको थियो । द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादमा आस्था राख्दै सोहीअनुरूप युवा विद्यार्थीहरूलाई शिक्षित र दीक्षित तुल्याउने कुरा स्पष्ट गर्दै हामीले अख्तियार गरेको नीतिले वास्तवमा धेरै नेता र कार्यकर्ताहरू पार्टीलाई दियो । सुरुमा यस विषयमा केही अस्पष्टता थिए । विद्यार्थी फाँटमा काम गर्न आउनुभएका युवराज कार्कीले त्यसबेलाको हाम्रो शैलीअनुरूप पातलो टाइपिङ्ग कागजलाई सानो पारेर 'अनेरास्ववियुसम्बन्धी केही कुरा' भनी हातले लेख्नुभएको छ पृष्ठको अवधारणापत्र मसँग अहिले पनि छ । 'देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी र देशभक्त विद्यार्थीहरू एकजुट होऔँ' भन्ने नारा घन्काउँदै हामीले विद्यार्थी आन्दोलनलाई गुटगत सोचबाट मुक्त गर्ने धारणालाई त्यत्तिकै प्रवल रूपमा उठाएका थियौँ । वामपन्थी आन्दोलनमा रहेको विभाजन र गुटबन्दीबाट विद्यार्थी समुदायलाई मुक्त गरी एकीकृत र शक्तिशाली अनेरास्ववियुको निर्माण गर्ने हाम्रो सशक्त आवाज र व्यापक अभियानले निकै सफलता हासिल गर्‍यो । नेकपा (चौथौ महाधिवेशन) ले उठाएको 'देशभक्त जनतान्त्रिक शक्तिको सरकार' को नारालाई हामीले खुला चुनौती दिएका थियौँ । पछि त्यो नारा त्यत्तिकै हराएर गयो पनि ।

अनेरास्ववियुको सम्मेलन गर्ने सम्बन्धमा व्यापक छलफल भएपछि हामीले त्यसलाई 'एकताको पाँचौं राष्ट्रिय सम्मेलन' नामकरण गर्‍यौं । यसको तयारीका सन्दर्भमा भएका कतिपय बैठकहरूमा अमृत बोहरा र जीवराज आश्रित पनि उपस्थित हुनुहुन्थ्यो । केही समयका लागि सुरेन्द्र पाण्डे पनि विद्यार्थी फाँटमा काम गर्न आउनुभएको थियो । तर, पछि माधवकुमार नेपाल विद्यार्थी फाँटको कामको समेत जिम्मेवार भएर आउनुभयो । पशुपति मावि, चाबहिलमा ०३६ चैतमा सम्पन्न अनेरास्ववियुको एकताको पाँचौं राष्ट्रिय सम्मेलन सबै दृष्टिबाट अभूतपूर्व थियो । त्यो सम्मेलन सम्पन्न गर्न पार्टी सम्पूर्ण रूपमा लागेको थियो । त्यहाँ को नेता हुने भन्ने विवाद र तानातान थिएन । बरु अर्को साथी होस्, म सहयोग पुर्‍याउँछु भन्ने भावना बलियो थियो । म स्वयम्लाई पार्टीका तर्फबाट अनेरास्ववियुको महासचिव हुने प्रस्ताव आएको थियो तर मैले सचिवालय सदस्य भएर बस्ने कुरा गर्दै त्यस पदमा रामचन्द्र आचार्यको समर्थन गरेको थिएँ । टङ्क कार्की सर्वसम्मत किसिमले अध्यक्ष हुनुभयो । सम्मेलनमा खाद्यान्न, टपरी र दुनासमेत धादिङ तथा काभ्रेपलाञ्चोक जिल्लाहरूबाट पार्टीको पहलमा प्राप्त भएका थिए । राष्ट्रिय सम्मेलनलाई हामीले सरकारी दमन तथा छैठौँसँगको तीव्र राजनीतिक सङ्घर्षका बीच एकताबद्ध भएर सफल पारेका थियौँ । सम्मेलनको तयारी, बैठक कक्षभित्रको काम तथा सम्मेलन भइसकेपछि गर्नुपर्ने काममा त्यसबखत केन्द्रीय तयारी समितिमा रहनुभएका साथीहरू एवम् स्वयम्सेवकहरूले खेल्नुभएको अभूतपूर्व भूमिका यहाँ स्थानाभावले चर्चा गर्न सम्भव छैन । सम्मेलनमा प्रस्तुत गरिने प्रतिवेदनमा नेपाली विद्यार्थी आन्दोलन र विशेषगरी अनेरास्ववियुको इतिहासलाई सकेसम्म अङ्कित गर्न हामीले निकै परिश्रम गरेका थियौँ । यसमा पार्टीले हरसम्भव सहयोग गरेको थियो । सीपी मैनाली, माधव नेपाल र युवराज कार्की स्वयम्ले त्यसमा प्रत्यक्ष सहयोग पुर्‍याउनुभएको थियो । हामीले वासुदेव ढुङ्गाना, विश्वकान्त मैनाली, मुकुन्दबहादुर श्रेष्ठ, उमा रिजाल, बालमुकुन्द खरेल, हिरण्यलाल श्रेष्ठ आदिजस्ता भूतपूर्व विद्यार्थी नेताहरूबाट विद्यार्थी आन्दोलन र अनेरास्ववियुको यथार्थ इतिहास प्राप्त गर्ने प्रयत्न गरेका थियौँ । उहाँहरूबाट हामीले तथ्य-विवरणहरू प्राप्त पनि गरेका थियौँ । प्रतिवेदनमा यथासम्भव ती कुराहरू समेट्ने प्रयास गरियो ।

स्ववियुको निर्वाचनमा पनि हामीले देशव्यापी रूपमा उल्लेखनीय सफलता हासिल गर्‍यौँ । यसले नेकपा (माले) को राजनीतिलाई अगाडि बढाउन अत्यन्त सकारात्मक योगदान पुर्‍यायो । सुवास नेम्वाङले हङकङका एक जना साथीबाट प्राप्त गर्नुभएको एसियन स्टुडेन्ट युनियन (आसा) को मुखपत्र मलाई दिनुभयो । विदेश विभाग र प्रकाशनको जिम्मेवारी मलाई दिइएको थियो । त्यही मुखपत्रमा उल्लिखित ठेगानालाई उपयोग गरेर हामीले विदेश सम्बन्धलाई अगाडि बढायौं । आसासँग र आसामार्फत विभिन्न देशका विद्यार्थी सङ्गठनहरूसँग हाम्रो सम्बन्ध विस्तार भयो । खासगरी हङकङ स्टुडेन्ट्स फेडरेसन, फिलिपिनो स्टुडेन्ट युनियन, इन्टरनेसन स्टुडेन्ट्स एसोसिएसन अफ जापान र इराकी स्टुडेन्ट्स युनियनसँग अत्यन्त छोटो समयमा हाम्रो गाढा सम्बन्ध भयो । ती देशका विद्यार्थी नेताहरूले नेपालको भ्रमण गरे । हामीले ती देशहरूको भ्रमण गर्‍यौं । पछि थाइल्यान्डको कोनक्यान विश्वविद्यालयमा भएको आसाको सम्मेलनमा गौरी प्रधान र मैले भाग लियौँ । पछि गएर अनेरास्ववियुले आसाको महासचिवको जिम्मेवारी नै पायो । अहिले पनि अनेरास्ववियुले त्यो जिम्मेवारी पाइरहेको छ । यसरी अनेरास्ववियुलाई एकातर्फ विद्यार्थीहरूको हक-हितका लागि लड्ने प्रभावकारी सङ्गठन तथा अर्कातर्फ जनअधिकार, आमूल परिवर्तन, देशको स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण एवम् सम्वर्द्धनका लागि सङ्घर्षरत राजनीतिक शक्तिसँग एकाकार भएर अगाडि बढ्ने शक्तिका रूपमा विकसित गर्ने हाम्रो उद्देश्य धेरै हदसम्म हामीले हासिल गर्‍यौँ । हाम्रो प्रतिबद्धता र अभियान ०२१ सालदेखि विद्यार्थीहरूका हकहित तथा निरङ्कुशतन्त्रका विरुद्ध जुझारु सङ्घर्ष गर्दै आएको नेपालका प्रगतिशील, जनवादी र देशभक्त विद्यार्थीहरूको नेतृत्व गर्ने अनेरास्ववियुको सङ्घर्षशील परम्परा र एकतालाई निरन्तरता दिँदै अझ उन्नतस्तरमा लैजाने थियो ।

**३) दमन र आन्तरिक विवादको सामना**

एकताको पाँचौं राष्ट्रिय सम्मेलनपछिका दुई वर्षहरू हाम्रा लागि सङ्घर्ष तथा सङ्गठन विस्तारका वर्षहरू रहे । ०३८ सालको चैत महिनामा हामीले छैठौँ राष्ट्रिय सम्मेलन ललितपुरको पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा गर्ने निधो गर्‍यौं । त्यस क्याम्पस स्ववियुको सभापति केन्द्रीय कमिटीका सहसचिव ठाकुर श्रेष्ठ हुनुहुन्थ्यो । सम्मेलनको भव्य तयारी गरेका थियौँ । मैले विदेशी अतिथिहरूलाई विमानस्थलबाट स्वागत गर्ने जिम्मेवारीसमेत लिएको थिएँ । सम्मेलनको पूर्वसन्ध्यामा विमानस्थलतर्फ जान रत्नपार्क बसपार्कतर्फ गइरहेका बेला विद्युत् प्राधिकरणअगाडिबाट मलाई सादा पोसाकका प्रहरीले गिरफ्तार गरी हनुमानढोका प्रहरी हिरासत हुँदै डिल्लीबजार सदरखोर पुर्‍याइयो । पछि नेतृत्व पङ्क्तिमा रहनुभएका कतिपय महत्त्वपूर्ण साथीहरूसहित ४२ जनालाई सदरखोरमा थुनियो । सम्मेलनस्थलमा प्रहरीले प्रवेश गरी सबै भताभुङ्ग पारे । विदेशबाट आउनुभएका कतिपय अतिथिहरू अलपत्र हुने स्थिति उत्पन्न भयो । तर पनि, बाहिर रहनुभएका साथीहरूको पार्टीको

सहयोगबाट आसाका महासचिव लोचिकिनसँग सम्पर्क भएको र उहाँले सरकारी दमनको भर्त्सना गर्नुभएको हामीले पछि थाहा पायौँ । सरकारी दमनलाई चिर्दै भूमिगत रूपमा प्रतिनिधिहरूको व्यवस्थापन गरी छैठौँ राष्ट्रिय सम्मेलन सम्मपन्न भयो । टङ्क कार्की पुनः अध्यक्ष हुनुभयो । सम्मेलनको तयारीका बेला मलाई अब अध्यक्ष बन्ने पार्टीको प्रस्ताव थियो । तर, मैले त्यो प्रस्ताव स्वीकार गरिनँ । मेरो स्नातकोत्तरको पढाइ ०३८ सालमा पूरा हुँदै थियो । मेरो विचार विद्यार्थी जीवन पूरा भइसकेपछि फेरि विद्यार्थी नेता बन्नु उचित हुन्न भन्ने थियो । हामी विद्यार्थीको नाममा छिप्पिएका मानिसहरू नेता हुने कुराको आलोचना गर्थ्यौं । मलाई अहिले पनि वास्तविक विद्यार्थीका रूपमा रहेका, विद्यार्थीहरूमाझ सक्रिय व्यक्तिहरू नै विद्यार्थी नेता हुनुपर्छ भन्ने नै ठीक हो भन्ने लाग्छ ।

हाम्रो छैठौँ राष्ट्रिय सम्मेलनमाथि निरङ्कुश पञ्चायती शासकहरूले गरेको क्रुर दमनको देशभित्र र बाहिर भर्त्सना भयो । डिल्लीबजार सदरखोरमा रहेका हामी ४२ जनाले त्यहाँ विरोध कार्यक्रम सञ्चालन गर्दै अन्तमा विद्रोह गरी खोरको मूल ढोका कब्जा गर्दै धर्ना दियौँ । सदरखोरका सेलमा थुनिएका हाम्रा दुई जना साथीहरूलाई त्यहाँबाट मुक्त गरेर हामीले जेल प्रशासनका दुई जनालाई त्यहाँ थुनिदियौँ । सदरखोर हाम्रो कब्जामा आयो । कब्जा गरेको झन्डै २४ घण्टापछि चारैतिर बन्दुक तेर्स्याएर प्रहरीले हामीलाई अञ्चलाधीशसँग भेट्न जानुपर्‍यो भन्दै बाहिर निकाले । सोझै पुलिस क्लबमा लगियो । हामीलाई लगिएपछि सदरखोरका अन्य बन्दीहरू र प्रहरीका बीच भिडन्त भई त्यहाँ ठूलो दमन भएको हामीले पछि थाहा पायौँ । पुलिस क्लबमा हामीलाई निकै धम्क्याइयो । तर, हामी दृढ थियौँ । हामीले सदरखोरबाट नै अनशनको घोषणा गरिसकेका थियौँ । साँझपख हामीलाई हनुमानढोका प्रहरी हिरासतमा लगियो । रातभर हामीलाई पानी पनि दिइएन । भोलिपल्ट बिहान मिर्मिरेमा नै हामीलाई तीनवटा बसमा सशस्त्र पहरासहित पोखरा, भैरहवा र वीरगन्ज जेल चलान गरियो । पोखरा लगिएका साथीहरूमध्ये केहीलाई स्याङ्जा पुर्‍याइयो । अन्य आठ जना साथीहरूसँगै मलाई भैरहवा लगियो । त्यहाँ हामीले अनशन जारी राख्यौँ । वैशाख महिनाको गर्मी थियो । एक हप्ता नाघेपछि हामी बिरामी पर्न थाल्यौँ । आठौँ दिनमा मेरो अवस्था अत्यन्त गम्भीर भयो । यो कुरा थाहा पाएपछि काठमाडौँबाट पार्टीले सञ्जितालाई भैरहवा जेलमा मलाई भेट्न पठायो । मेरो र सञ्जिताको भर्खरै विवाह भएको थियो । अनशनको नवौँ दिनमा अत्यन्त गम्भीर अवस्थामा भित्रबाट बोकेर ल्याई जेलबाहिरको चारपाईमा सञ्जितासँग जेल प्रशासनले मलाई भेट्न दियो । पार्टीले अनशन भङ्ग गर्न आदेश दिएको खबर सञ्जिताबाट पाएपछि हामीले अस्पताल भर्ना हुने सर्तमा अनशन तोड्यौँ । अस्पतालमा सबैलाई भर्ना गरी स्लाइन चढाइयो । मलाई तीन दिन अस्पतालमा राखियो र चौथो दिन जेलभित्र पठाइयो । पाँचौँ दिनमा भैरहवाबाट विमानद्वारा काठमाडौँ ल्याई ललितपुरको नक्खु कारागारमा थुनियो । नक्खु कारागारमा आइपुग्दा मलाई झापाली राजबन्दीहरूले गरेको गहिरो माया मेरा लागि अविस्मरणीय रहेको छ ।

नक्खु कारागारबाट निस्केपछि म एसियन स्टुडेन्ट एसोसिएसनको शिक्षासम्बन्धी कार्यक्रममा भाग लिन जापान तथा आसाद्वारा आयोजित एसियाली युवाहरूको भूमिका र अधिकार विषयक सेमिनारमा भाग लिन फिलिपिन्स गएँ । नेपाल फर्केको केही समयपछि भने हामीले आरम्भ गरेको सङ्घर्षशील एकताको धारविपरीत पुनः आन्तरिक विवादको तीतो चरणमा प्रवेश गर्‍यौँ । ०३९ सालमा पार्टी महासचिवबाट सीपी मैनाली हट्नुभएपछि पार्टीभित्र तीव्र मतभेद र विवाद सुरु भयो । म अछामको भ्रमणलगत्तै बिरामी भएर नरदेवी अस्पतालको शय्यामा थिएँ । अस्पतालमा आएर टङ्क कार्कीले सीपी मैनालीलाई कारबाही गरिएकाले त्यसका विरुद्ध लाग्नुपर्ने कुरा गर्नुभयो । मैले अध्ययन गरेर मात्र बोलौँ र पाइला चालौँ भन्ने कुरा गरेँ । सबै यथार्थ हामीलाई थाहा थिएन । तर, म अस्पतालबाट निस्कनुभन्दा अगावै उहाँले विवादलाई विद्यार्थीमाझ पुर्‍याइसक्नुभएको थियो । त्यसपछिका दिनहरू तीव्र आन्तरिक विवाद र सैद्धान्तिक सङ्घर्षका दिनमा परिणत भए । म विद्यार्थी क्षेत्र छोडेर बुद्धिजीवी क्षेत्रको काममा लागिसकेपछि पनि विद्यार्थी क्षेत्रमा जारी विवाद र पार्टीको आन्तरिक राजनीतिक वादविवादमा जहिले पनि पार्टी निर्णयको पक्षमा अन्य कैयौँ साथीहरूसँगै अग्रपङ्क्तिमा डटिरहेँ ।

**४) अब इतिहासबाट सिक्ने**.....

अनेरास्ववियु (एकताको पाँचौं) का आरम्भिक दिनहरूको सेरोफेरोका संस्मरणका मोटा रेखाहरूले पनि वर्तमानको दायित्व र भविष्यको गन्तव्यबारे हामीहरूलाई सचेत पार्दै घच्घच्याउँछ जस्तो लाग्छ । हामीले तय गरेको आरोह-अवरोह र चुनौतीपूर्ण बाटोलाई फर्केर हेर्दा शिक्षाका धेरै पत्रहरू देखिन्छन् । अनेरास्ववियुका सदस्यहरू, विशेषगरी नेताहरूले विगतका अनुभव, काम र तिनका परिणामहरूलाई मनन गरेर आज विवेकपूर्ण, एकताबद्ध एवम् दृढ पाइला चालेमा अनेरास्ववियुले विद्यार्थी समुदाय, जनता र देशको हक-हितका लागि महत्त्वपूर्ण योगदान गरिरहन सक्छ । अझ आजको सङ्क्रमणकाल र जटिल राजनीतिक स्थितिमा अनेरास्ववियुले खेल्ने सकारात्मक, रचनात्मक र जुझारु भूमिकाले देशलाई आमूल परिवर्तनको दिशातर्फ अग्रसर गराउन, पार्टीलाई अपेक्षित सफलता दिलाउन, जनतालाई सार्वभौमसत्ता सम्पन्न तुल्याउन, देशलाई स्वभिमानी बनाउन तथा विद्यार्थी समुदायका हकहितको पूर्ण संरक्षण गर्न उल्लेखनीय योगदान पुगनसक्छ । विगतका सम्झनाले वर्तमान र आगतका बारेमा यस्तैयस्तै सोचतर्फ डोर्‍याउँछ...।

**- २५ असोज २०६३**

# दसैँ-तिहारका अवसरमा चियापान

काठमाडौँ । नेकपा (एमाले) ले विगतमा झैँ यस वर्ष पनि दसैँ-तिहारका अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ । पार्टी केन्द्रीय कमिटीका तर्फबाट महासचिव माधवकुमार नेपालले आयोजना गर्नुभएको सो कार्यक्रममा सबै क्षेत्रका लब्धप्रतिष्ठित महानुभावहरूको सहभागिता रहेको छ ।

असोज २० गते मध्यान्ह १२ बजे केन्द्रीय कार्यालय परिसरमा आयोजित चियापानमा त्यसको एक घण्टाअघिदेखि नै कार्यकर्ता, समर्थक र शुभेच्छुकहरू उपस्थित हुन थालेका थिए । आगन्तुकहरूलाई महासचिव नेपालका साथै पार्टीका नेताहरू अमृतकुमार बोहरा, झलनाथ खनाल, भरतमोहन अधिकारी, सहाना प्रधान, युवराज ज्ञवाली, अशोक राई, विष्णु पौडेल, सिद्धिलाल सिंह, काशीनाथ अधिकारी, अष्टलक्ष्मी शाक्य, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, प्रदीप ज्ञवालीलगायतले स्वागत गर्नुभएको थियो । सभामुख सुवास नेम्वाङ कार्यक्रम अवधिभर अतिथिहरूलाई स्वागत गर्दै बस्नुभएको थियो । राष्ट्रसङ्घको साधारणसभामा भाग लिएर सोही दिन फर्किनुभएका स्थायी समिति सदस्य तथा उपप्रधानमन्त्री केपी ओली मध्यान्ह चियापानमा आउनुभएको थियो । १२ देखि दुई बजेसम्म पार्टी कार्यकर्ता, समर्थक, शुभेच्छुक, पेसाव्यवसायी, बुद्धिजीवीलगायतलाई आमन्त्रण गरिएको थियो भने दुईदेखि चार बजेसम्म अन्य राजनीतिक दलका नेता, संवैधानिक निकायका प्रमुख, कूटनीतिक नियोगका प्रमुखहरूलाई बोलाइएको थियो ।

चियापानमा भाग लिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला अपरान्ह तीन बजे केन्द्रीय कार्यालय आइपुग्नुभएको थियो । नेपाली काङ्ग्रेसका उपसभापति सुशील कोइराला, महामन्त्री रामचन्द्र पौडेल, प्रजातान्त्रिक काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, उपसभापति प्रकाशमान सिंह, महामन्त्री विमलेन्द्र निधि, माओवादीका नेताद्वय कृष्णबहादुर महरा र देव गुरुङ, जनमोर्चाका अध्यक्ष तथा उपप्रधानमन्त्री अमिक शेरचन, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे (रोहित), नेकपा (माले) का महासचिव सीपी मैनाली, सद्भावना (आनन्दीदेवी) का महासचिव राजेन्द्र महतोलगायतका नेताहरू चियापानमा आउनुभएको थियो । यसैगरी मन्त्रीहरू रामशरण महत, कृष्ण सिटौला, प्रभुनारायण चौधरी, मंगलसिद्धि मानन्धर, ज्ञानेन्द्रबहादुर कार्की, दीलेन्द्रप्रसाद बडुका साथै प्रधानसेनापति रुक्माङ्गत कटुवाल, प्रहरी महानिरीक्षक ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय, पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्याय, मुख्य सचिव डा. भोजराज घिमिरेलगायत उच्चपदस्थ व्यक्तिहरू कार्यक्रममा सहभागी हुनुभएको थियो ।

चियापानमा नेपालस्थित कूटनीतिक नियोगका प्रमुखहरू, कूटनीतिज्ञ, सांसद, सरकारका सचिव, विभिन्न संस्थाहरूका प्रतिनिधिहरूका साथै नागरिक समाजका प्रबुद्ध व्यक्तिहरूको सहभागिता रहेको थियो ।

पार्टीका तत्काली अध्यक्ष मनमोहन अधिकारीले सुरुवात गर्नुभएको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम ०५६ मा उहाँको निधन भएपछि महासचिव नेपालले आयोजना गर्दै आउनुभएको छ । कार्यक्रममा आउने बौद्ध समुदायका व्यक्तिहरूले महासचिव नेपाललाई खादा पहिराएका थिए ।

कार्यक्रममा पत्रकारहरूको जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री कोइरालाले एक चरणमा नभए अनेकौं चरणमा आयोजना गरेर भए पनि माओवादीसँगको वार्तालाई सफल पारिने बताउनुभएको थियो । महासचिव नेपालले निकास निकाल्न कुनै हालतमा ढिलाइ गर्न नहुने उल्लेख गर्दै त्यसका लागि रातदिन लागेर भए पनि पर्याप्त गृहकार्य गर्नुपर्ने बताउनुभएको थियो ।

# लुम्बिनीको किसान आन्दोलन र बर्रे सङ्घर्ष

## ' बेदुराम भुसाल

लुम्बिनी अञ्चल कम्युनिस्ट सङ्गठन र किसान आन्दोलनका निम्ति एक उर्वरभूमिका रूपमा रहेको छ । नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएलगत्तै मृगेन्द्रध्वज जोशीको सक्रियतामा पाल्पाको तानसेनमा नियालाल वज्राचार्य सचिव र मृगेन्द्रध्वज जोशी एवम् पूर्णमान थैव सदस्य रहेको सेल कमिटी गठन भई लुम्बिनीमा कम्युनिस्ट आन्दोलनको प्रारम्भ भयो । त्यसरी सुरु भएको कम्युनिस्ट सङ्गठन क्रमशः विकास हुँदै गयो । २००८ सालको सुरुमै कर्णाली प्रान्तीय कमिटी गठन भयो र ००९ सालमा त्यसलाई पुनर्गठन गरी तत्कालीन पाल्पा, बुटवल र प्यूठानलाई समेटेर पश्चिम गण्डक प्रान्तीय कमिटी गठन गरियो । त्यसरी बनेको नेतृत्वदायी कमिटीले आफ्नो मातहतमा विभिन्न कमिटीहरू निर्माण गर्ने तथा जनसङ्गठनहरू बनाउने र तिनको अगुवाइमा आन्दोलन उठाउने काम गर्न थाल्यो ।

००८ सालको भदौमा कमलराज रेग्मीको नेतृत्वमा पाल्पामा नेकपाको पाल्पा जिल्ला सङ्गठन कमिटी गठन भयो । केआई सिंहको विद्रोहसँग गाँसेर ००८ सालमै नेकपामाथि प्रतिबन्ध लगाइएपछि पार्टीका नेता-कार्यकर्ताहरू गाउँ पस्ने र किसानहरूलाई सङ्गठित एवम् आन्दोलित गर्ने काम भयो । तराईमा जमिनदारविरोधी आन्दोलन र पहाडमा तालुकदार (मुख्या, जिम्माल) एवम् रजौटाविरोधी आन्दोलन उठाउने काम भयो । 'फटाहाले फट्याइँ छोड, नत्र हाम्रो गावै छोड' भन्ने नाराका साथ बेठ-बेगारी, झराली, ओलक आदि सामन्ती प्रथाका विरुद्ध व्यापक आन्दोलन भयो । मोहियानी हक बहाली आन्दोलन, गोदाम तोड आन्दोलनजस्ता ठूला आन्दोलनका साथै स्थानीय जाली-फटाहाविरोधी आन्दोलनहरू व्यापक रूपमा हुँदै गए ।

आन्दोलनका साथै कम्युनिस्ट पार्टीको सङ्गठन निर्माण गर्ने काम पनि घनिभूत हुँदै गयो । ०१० सालमा रूपन्देही ( तत्कालीन पाल्ही-माझखण्ड) मा जिल्ला पार्टी कमिटी गठन भयो भने ००९ सालमा पाल्पा र बागलुङको प्रशासनिक अधिनताबाट मुक्त भई हालको गुल्मी र अर्घाखाँची जिल्ला क्षेत्र समेटिएर बनेको गुल्मी जिल्लामा पनि ०१६ पुस २२ मा जिल्ला पार्टी कमिटीको निर्माण भयो । त्यसरी पार्टी कमिटीहरू बनेपछि तिनीहरूले आन्दोलनलाई अझै व्यवस्थित ढङ्गले अगाडि बढाउन थाले ।

०१५ सालको आमनिर्वाचन हुँदा पहाडमा छ र तराईमा पाँच गरी अहिले लुम्बिनी अञ्चलमा पर्ने भूगोलभित्र जम्मा ११ निर्वाचन क्षेत्र कायम भएका थिए । तीमध्ये पहाडका दुई (पाल्पा पूर्व र पाल्पा पश्चिम) र तराईका दुई (पाल्ही पश्चिम तथा माझखण्ड मध्य र माझखण्ड पश्चिम) गरी जम्मा चार निर्वाचन क्षेत्रमा नेकपाले उम्मेदवारी दिएको थियो र पाल्पा पूर्वबाट निर्वचन जिती कमलराज रेग्मी नेकपाका त्यसबेला निर्वाचित चार जना सांसदमध्ये एक बनेका थिए ।

निर्वाचित संसद्ले धेरै समय काम गर्न पाएन । ०१७ पुस १ गते राजा महेन्द्रले सैनिक शक्तिको आडमा निर्वाचित संसद् र सरकार दुवै भङ्ग गरी आफ्नो स्वेच्छाचारी शासनको सुरुआत गरे । राजाको त्यस स्वेच्छाचारी कदमका विरुद्ध लुम्बिनीले तुरुन्तै प्रतिक्रिया जनायो । एकातिर ०१७ पुस ६ गते गुल्मी जिल्लामा पार्टीको प्रथम जिल्ला सम्मेलन गरियो भने अर्कोतर्फ राजाको प्रतिगामी कदमका विरुद्ध अर्घा रजस्थलमा मसाल जुलुस निकाल्ने र पाल्पामा 'संसद्को पुनःस्थापना गर' भन्ने नाराका साथ व्यापक रूपमा वालिङ, पोस्टरिङ गर्ने काम भयो ।

०१७ सालपछि पार्टीमा मतभेद र विभाजन भएपछि लुम्बिनीको मूल पार्टी शक्तिले कमरेड पुष्पलालद्वारा अगाडि सारिएको नयाँ जनवादी कार्यक्रमलाई समर्थन गर्‍यो । त्यसैबीच, ०२१ .... मा कपिलवस्तुमा पनि जिल्ला पार्टी कमिटी गठन भयो । ०२५ सालमा सम्पन्न पार्टीको तेस्रो राष्ट्रिय सम्मेलनपछि लुम्बिनीमा पार्टी काम र आन्दोलनको गति तीव्र भयो ।

राजा महेन्द्रले 'भूमिसुधार' का नाममा चलाएको कथित अभियानले जमिनदारहरूलाई फाइदा पुर्‍याउने र किसानहरूमाथिको शोषण-दमनलाई झनै चर्काउने काम गर्‍यो । मालपोतको वृद्धि र 'अनिवार्य बचत' को बोझलाई किसानहरूले थाम्नै सकेनन् । त्यसैले लुम्बिनीका किसानहरू राज्यको नीति र योजनाका विरुद्ध आन्दोलित हुन थाले । ०२६ सालमा लुम्बिनी, परासी र कपिलवस्तुको अजगरा क्षेत्रका किसानहरू मालपोत वृद्धि र अनिवार्य बचत नीतिका विरुद्ध सशक्त ढङ्गले आन्दोलनमा उत्रिए । राजाको निरङ्कुश सत्ताले ती आन्दोलनकारी किसानहरूमाथि सशस्त्र दमनचक्र मच्चायो । नेपाल आमाका कैयन् धरतीपुत्रहरूको रगतले मातृभूमि नेपालको छाती लतपतियो । थुप्रै किसान योद्धाहरूले सामन्ती शोषणविरुद्धको मुक्तिसङ्ग्राममा आफूलाई समर्पित गरेर सहादत प्राप्त गरे । सहिदहरूको रगतले आन्दोलनमा ऊर्जा थप्यो । ०२७-३० को अवधिमा स्थानीय जाली, फटाहा, शोषक-सामन्तका विरुद्ध अनेकौं प्रकारका आन्दोलनहरू भए । आन्दोलनकै दौरान म स्वयम् पनि ०२७ सालदेखि पार्टीको सम्पर्कमा पुगें र आन्दोलनमा सक्रिय हुन थालें । आन्दोलनहरू धेरै भए । तीमध्ये ०३० सालका दुईटा घटना लुम्बिनीको कम्युनिस्ट आन्दोलनमा मात्र होइन, देशकै कम्युनिस्ट आन्दोलनमा विशिष्ट स्थान राख्ने स्तरका छन् । ती हुन् : (क) २०३० कात्तिक २६ को अञ्चलव्यापी किसान र्‍याली र (ख) २०३० फागुन २८ को बर्रे सङ्घर्ष । उपयुक्त दुवै सङ्घर्षमा म प्रत्यक्ष रूपले संलग्न भएको थिएँ । कात्तिक २६ को किसान र्‍याली अञ्चलका छवटै जिल्लामा गर्ने भनिएकोमा तराईका जिल्लाले प्रचारात्मक रूपमा मात्र लगे भने पहाडका तीन जिल्लामा किसानहरूको विशाल जुलुसद्वारा जिल्ला सदरमुकाम घेर्ने काम भयो । पाल्पामा प्रशासनले जुलुसका अगुवाहरूलाई गिरफ्तार गरी जुलुस तितरबितर पार्‍यो । गुल्मीमा जुलुसले बजार परिक्रमा गरिसकेर आमसभामा परिणत हुनलाग्दा अन्धाधुन्ध लाठीचार्ज गरी जुलुसमाथि ठूलो दमन गरियो । अर्घाखाँचीमा जुलुसले सदरमुकाम घेरा हाली आमसभासमेत गरेर फर्कियो । अर्घाखाँचीको कार्यक्रम निर्विघ्नतापूर्वक सम्पन्न भयो । म आफू जिन्दगीमा पहिलोचोटि सहभागी भएको त्यो किसान जुलुस करिब तीन हजारको थियो । गुल्मीको जुलुस करिब सात हजारको थियो भन्ने जुलुसमा सहभागी साथीहरूको कथन छ । त्यसबेला पहाडका जिल्लामा त्यति ठूला जुलुस निकाल्नु चानचुने कुरा थिएन ।

'हाम्रो बचत फिर्ता गर', 'घरकर तिर्दैनौं', 'बन्दुक कर तिर्दैनौं', 'नयाँ शिक्षा खारेज गर' भन्ने लगायतका नाराहरू लगाउँदै किसान जुलुसले जिल्ला सदरमुकाम घेरेर फर्किएपछि अर्घाखाँचीका पार्टी कार्यकर्ता र जनसमुदायमा हौसला वृद्धि भयो । पार्टी कार्यकर्ताहरूमा अब सङ्घर्षलाई लडाकू रूप दिनुपर्छ भन्ने सोचको विकास भयो । त्यही सोचलाई पक्रेर अञ्चल पार्टी नेतृत्वले सशस्त्र सङ्घर्षका निम्ति आर्थिक कोष निर्माण गर्ने नीति ल्यायो । त्यही नीतिअनुरूप जिल्लाको पार्टी नेतृत्वले जिल्लाका सामन्त तथा जाली-फटाहाहरूका विरुद्ध कारबाही गर्ने सोच बनायो र पहिलोपटक सिद्धारा गाविसका रविलाल बेल्बासे र उनका छोरा शोभाकर बेल्बासेका विरुद्ध तथा खनका रुद्रप्रसादका विरुद्ध कारबाही गर्ने योजना बनायो ।

०३० फागुन २८ मा भएको बर्रे सङ्घर्षका तीनवटा उद्देश्य थिए : (१) हतियार (बन्दुक) कब्जा गर्ने, (२) जाली तमसुकलगायतका कागजपत्रहरू जलाउने र (३) नगद तथा सुनचाँदी जफत गर्ने । यी उद्देश्यका साथ बनाइएको योजनाअनुसार, ०३० फागुन २५ मा १५ जना क्रान्तिकारीहरूको एक शस्त्रसज्जित टिमले बर्रेका साहू रविलाल बेल्बासेको घरमा धावा बोलेको थियो । बर्रे एकताको विस्तृत योजना धञ्चौर गाविसको पाकु भन्ने गाउँमा बनाइएको थियो । र, उक्त योजना कार्यान्वयन गर्ने सम्पूर्ण तयारी पनि त्यहीँ नै गरिएको थियो । एक्सनमा जाने सदस्यहरू फागुन २६ गतेको साझ पाकुमा भेला भएर राती भल्डाँडा भन्ने ठाउँमा गएका थियौं । २७ गते दिउँसो भल्डाँडाको जङ्गलमा बन्दुक पड्काउने सिक्ने र सिकाउने काम गरिएको थियो । त्यसदिन साँझ सबैले झोलाभरि खानपिनका सामान र हातमा हतियार लिएर भल्डाँडाबाट हिँडेका थियौं । धेरैबेर जङ्गल हिँडेपछि मात्रै गाउँ आउने बाटो हामीले रोजेका थियौं । दान्सिङ्ग भन्ने ठाउँको तल पुगेपछि कमरेड लीलामणि ढुङ्गानाको पेट दुख्यो । कतिपय साथीहरूबाट बहाना गरेको हो कि भनेर शङ्का पनि गरियो । कमरेड लीलामणिले शीर्षासन र अन्य केही क्रिया गरेर आफ्नो पेट ठीक पार्नुभयो । अनि, हामी फेरि अगाडि बढ्यौं । रातभर हिँडेपछि बिहानपख हामी बर्रे गाउँदेखि केही तलको जङ्गलमा पुग्यौं । दिनभर त्यहीँ जङ्गलमा बस्ने योजना थियो । बाटोबाट निक्कै टाढा निक्कै नै घनाजङ्गलभित्र पुगेर हामीले झोला बिसायौं । खोल्साको पानीमा हातमुख धोएर केही खाने कुरा खायौं । त्यसपछि केशरमणिजीले केही निर्देशनहरू दिए । अनि, पालो गरीकन केहीले ड्युटी गर्ने र केही सुत्ने काम भयो । साँझ परेपछि सबै उठ्यौं । खोल्साको पानीमा हातमुख धोएर केही खाने कुरा खायौं । त्यसपछि केशरमणिजीले केही निर्देशनहरू दिए । अनि, पालो गरीकन केहीले ड्युटी गर्ने र केही सुत्ने काम भयो । साँझ परेपछि सबै निर्देशनहरू दिए । अनि, पालो गरीकन केहीले

ड्युटी गर्ने र केही सुत्ने काम भयो । साँझ परेपछि सबै उठ्यौं । केही खाना खायौं र फेरि आफ्ना झोला एवम् हतियार बोकेर बाटो लाग्यौं । सीधै उकालो चढ्नुपर्ने थियो । केही माथि पुगेपछि भालु कराउँदै आएको सुनियो । बन्दुक पड्काउने कि भन्ने कुरा चल्दै थियो, त्यत्तिकैमा भालु टाढा भागेको बुझियो र हामी अगाडि बढ्यौं ।

रविलाल नाताले मेरा ठूलाबा पर्थे । त्यसैले म त्यस घरमा केहीपटक आतेजाते गरेको र केही परिचित थिए । सायद त्यसैले होला घरको नजिक पुगेपछि केशरमणिले मलाई घरको जायजा लिन पठाएका थिए । त्यसबेला साँझको करिब आठ बजेको थियो र घरमा खानपिनको बेला भएको थियो । खाना खानका निम्ति परिवारका सबैजना घरभित्र पसेका बेला हामीले बाहिरबाट हमला गऱ्यौं र सबैलाई आतङ्कित तुल्यायौं । बूढा रविलाल गाउँका कसैको बिहेमा गएका रहेछन् र एक जना बुहारी दिसा बस्न बाहिर गएकी रहिछन् । बाँकी सबै घरमै थिए । हामीबीच कसले के गर्ने भन्ने कार्य विभाजन भएको थियो । सोहीअनुसार, काम गर्दै गयौं । घरभित्र भएका सबै मानिसलाई हामीले बाँधेका वा कोठामा थुनेका थियौं । दिसा बस्न गएकी बुहारी उतैबाट गाउँमा बिहे भएको घरमा गएर खबर गरिछन् । जन्तीहरू सबै हाम्रो प्रतिकारमा आए र ढुङ्गाले हान्न थाले । तर, एक फायर बन्दुक पड्काएपछि उनीहरू भागाभाग भए । हामीले डेढ-दुई घण्टाजति छापामार शैलीमा नै काम गऱ्यौं र बाँधिएका वा थुनिएकाहरूलाई त्यत्तिकै छाडेर हिड्यौं । तल जङ्गलमा आएर सबै मानिस र सामानको गिन्ती भयो । शशीधरले आफ्नो हतियारको खोल घटनास्थलमा छाडेको थाहा लाग्यो । उसले एक्सनका बेला आफ्नो नकाब पनि खोलेको कुरा थाहा भयो । केही कमरेडहरूले उसलाई त्यहीं सफाया गर्नुपर्ने कुरा उठाउनुभयो तर केशरमणिले मानेनन् । हामी फर्केर पहिले बसेको भल्दादा नजिक बंसारी खोलामा आइपुग्यौं । जफत गरी ल्याइएका नगद तथा सुनचाँदी र अन्य सामानहरू सबै केशरमणि, देवराज भार र पीताम्बर भुसालले जिम्मा लिए र उनीहरू फेरि भल्दादातिर नै लागे । बाँकी हामी सबैलाई आ-आफ्नो घर जान भनियो । हामीले त्यसै गऱ्यौं ।

एक्सनबाट फर्किएको केही दिनपछि एक्सन टिममै सामेल रहेको शशीधर आचार्य भन्ने व्यक्तिले प्रशासनसमक्ष एक्सनको सम्पूर्ण नालीबेली बताइदिएछ । पञ्चायती प्रशासनले अञ्चलकै कम्युनिस्ट आन्दोलनमाथि दमन गर्ने एउटा गतिलो निहुँ पायो । शशीधरकै सुराकीमा बर्रे सङ्घर्षको प्रमुख कमाण्डर र अञ्चल पार्टीका इन्चार्ज केशरमणि पोखरेललाई ०३० चैत १५ गतेका दिन प्रशासनले गिरफ्तार गऱ्यो । त्यसपछि क्रमशः बर्रे सङ्घर्षमा सहभागी भएका हेमनाथ भुसाल, वेदुराम भुसाल, बुद्धिबहादुर रायमाझी, नेत्रप्रसाद ढुङ्गाना, रामचन्द्र पौडेल, भेषराज ढुङ्गाना, लीलामणि ढुङ्गाना र प्रभाकृष्ण पौडेललगायत जिल्लाका ६०/७० जना पार्टी कार्यकर्ता एवम् समर्थक-शुभेच्छुकहरूलाई गिरफ्तार गरी चरम यातना दिइयो । करिब तीन महिनासम्म क्रूर यातनाका साथ प्रहरी थानामा राखेर बर्रे सङ्घर्षमा संलग्न नौ जनालाई डकैती मुद्दा लगाई जेल चलान गरियो भने अन्यलाई विभिन्न ढङ्गले दुःख दिने काम गरियो ।

हाम्रो जेल जीवन सुरुका चार/पाँच वर्षसम्म ज्यादै नै कष्टप्रद रहे । घर-परिवारका मान्छेसँग समेत भेट गर्न नदिने । कागजको पन्ना र सिसाकलमको टुक्रोसमेत राख्न नदिने । खुट्टामा नेल र हातमा हत्कडीसहित करिब १०×१४ फिटको सानो कोठामा नौ-नौ जनालाई कोचेर राखियो । ०३५/३६ को आन्दोलनपछि मात्रै हाम्रो स्थितिमा केही सुधार आयो । त्यसबेलादेखि मात्रै हामीलाई राजबन्दीको रूपमा व्यवहार गर्न थालियो र लेखपढ गर्ने सुविधा पनि दिइयो । त्यसबेला हाम्रो नेताका रूपमा रहेका केशरमणि पोखरेल जेलमा भोग्नुपरेको कष्टले अलि बढी नै आत्तिए । ०३७ को आममाफीमा नपरिसकेपछि उनले राजासँग माफी मागे र त्यसै वर्षको साउनमा जेलबाट छुटे । उनले हामीलाई पनि आफूले राजालाई लेखेको बिन्तीपत्रमा सही गर्न भनेका थिए तर हामीले निर्विकल्प भनिएको पञ्चायती व्यवस्था जनमतको कठघरामा उभिएको अवस्थामा त्यसलाई समर्थन गरेर जेलबाट छुट्न उपयुक्त ठानेनौं र जेलमै बस्ने निधो गऱ्यौं ।

०३५ साउन ७ मा कमरेड पुष्पलालको दुःखद निधन भइसकेको थियो । हामी जसलाई नेता मानेर सङ्घर्षमा होमिएका थियौं, तिनले हामीलाई छोडेर जेलबाट बाहिरिइसकेका थिए । देशको कम्युनिस्ट आन्दोलन विभिन्न चिरामा विभाजित थियो । यस्तो अवस्थामा अब के गर्ने भन्ने प्रश्न हाम्रासामु गम्भीर प्रश्नजत्तिकै गम्भीर भएर खडा भयो । राष्ट्रिय-अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अध्ययन गऱ्यौं । आफैं संलग्न भएर चलाइएको आन्दोलनको समीक्षा गऱ्यौं । देशको अवस्था र भावी सम्भावनाको पनि अध्ययन गऱ्यौं । आवश्यक अध्ययन गरिसकेपछि हामीले देशमा तत्काल कार्यरत कम्युनिस्ट समूहहरूमध्ये तत्कालीन नेकपा (माले) लाई अरूभन्दा ठीक ठहऱ्यायौं र अब त्यसैमा प्रवेश गरेर आफूसक्दो योगदान गर्नुपर्दछ भन्ने टुङ्गोमा पुग्यौं । ०३९ को असोजमा हामी जेलभित्रैबाट एक प्रस्तावसहित 'बर्रे सङ्घर्ष समूह' को नामले नेकपा (माले) मा एकीकृत भयौं । यसरी मालेमा एकीकृत भएको हुनाले हामीलाई अदालतले तोकेको कैद भुक्तान भएपछि पनि शान्ति-सुरक्षा ऐनअन्तर्गत थप डेढ वर्षसम्म जेलमै राखियो । तर पनि निराश भइएन । जेल परेको करिब सवा बाह्रवर्षपछि ०४३ को जेठमा हामी सबै जेलबाट छुट्यौं र त्यसपछि पनि पार्टी काममा निरन्तर लागिरह्यौं । यसरी लाग्ने हामीजस्ता धेरै नेता-कार्यकर्ताको योगदानले नै आजको विशाल पार्टी बन्न सकेको हो ।

*– २३ असोज २०६३*

# भूमिगतकालका केही अनुभूति

## ' राधा ज्ञवाली

काठमाडौंबाट कमरेड मुकुन्द न्यौपानेसित बाइरोडको बाटो हुँदै म हेटौंडा पुगें । कर्रा खोलाभन्दा केहीमाथि गुरुजुको पसलघर छ, त्यहीं केही दिन बसेर कमरेड माधव नेपालसित जनकपुरका लागि अर्को बसयात्रा सुरु भयो । धनुषाको महेन्द्रनगर

ओर्लेर पश्चिम लाग्यौं । बाटोमा माधव कमरेडले क्रान्तिकारीहरू कसरी प्रहरीको आक्रमणबाट बँच्छन्, कलकत्ताको एउटा घटना सुनाउनुभयो । मैले पनि भारतीय नक्सलाइट आन्दोलनका क्रान्तिकारीहरूको यस्तै घटना सुनाएँ । झमक्क अँध्यारो भएको थियो, उहाँ भूमिगत भइसक्नुभएको रहेछ । नन्दलाल सुसुलिङ र राइटर भनिने (नाम थाहा भएन) दुई व्यक्तिको हत्या तीन दिनअघि मात्र भएको रहेछ । सिङ्गो माहौल आतङ्कपूर्ण र सनसनी बनेका बेला हामी त्यो गाउँमा पुगेका रहेछौं । माधव कमरेड त्यही दिन हिँड्नु भो, म अर्को दिन गिरफ्तारी हुनबाट बल्लबल्ल बचेँ । त्यसपछि अर्को गाउँमा एक जमिनदार परिवारकहाँ पुऱ्याइयो । सख्त दमनका बेला नयाँ मान्छे टिकाउन गाह्रो भयो । त्यस घरमा माथिल्ला तहमा बाहिरबाट साँचो लगाएर राखियो । बेलाबेलामा खाने कुरा त्यहीँ पुऱ्याइन्थ्यो, कोपरा र पानीको पनि व्यवस्था थियो । म कानमा एरोफोन लगाएर समाचार सुन्थेँ । मध्यरातमा मात्र दिसापिसाबका लागि बाहिर निस्कने । उनीहरूको घरआँगनमा नचिनेको व्यक्ति आउँदैनथ्यो, चारैतिर बन्द थियो । केही दिनपछि, माधव कमरेड आएर मलाई राती नौ बजेतिर अन्यत्र लानुभो । त्यसै राती प्रहरीले घर घेरा हाली घरबेटी कमरेडलाई गिरफ्तार गरेछ । उहाँलाई बिनाआरोप डेढ वर्ष थुनामा राखेको थाहा पाएँ ।

हामी गाउँभन्दा बाहिर गएपछि बाटोमा झाडी थियो । 'कमरेडले मलाई त्यहीँ बस्नुहोस्, अर्को साथीले ताली पिटेपछि निस्कनुहोला' भनेर जानुभो । निकैबेरसम्म कोही आएन, सर्पको डर लागेको थियो । पछि रामलखन महतो आउनुभो र रातभरि हिड्यौं, बिहानपख एउटा गाउँमा पुगियो । एउटा कोठा धुलोमैलो, माकुराको जालो, चिसो भुइँ ! 'यो हाम्रो पार्टीको कोठा हो' महतोले भन्नुभो । सटेको घरकी किसान महिलाले कुचो दिनुभो, एक पुरानो गुन्द्री पनि दिनुभो । कोठाको बीचमा एक खाँबो थियो । कोठा सफा गरेपछि हामी गुन्द्री ओच्छ्याएर बस्यौं । केही समयपछि थकित कमरेड निदाउनुभो । गुन्द्रीको अर्को छेउ त्यही खाँबोमा अडेस लागेर बसेकी थिएँ । उडुस सलसली जिउभरि हिँड्न थाले । त्यो खाँबो, गुन्द्री र भित्तामा जतातत्तै उडुसैउडुस रहेछ । मान्छेको गन्ध पाएपछि सलह भएर निस्किए । म जीउ टक्टक्याउँदै थिएँ । भुइँको एक छेउमा सर्प निस्कियो । मैले कमरेड रामलखनलाई जगाएँ, छतमा घुसारेको लौरो थुतेर सर्पलाई मारिदिनुभो । त्यो घोटक्राइस्ट अत्यन्त विषालु सर्प रहेछ । यो घरको अघिल्लो भाग किसान परिवारले प्रयोग गर्दो रहेछ । तर, कसैलाई पनि पछाडि अर्को कोठा भएको थाहा पाउन गाह्रै हुँदोरहेछ । एउटा गाई पनि थियो । किसान महिला, उनको बच्चा र मसँगै सुत्यौं, दुईजना पुरुष अर्कोतिर सुते । गाईको गहुँत र गोबर हामीतिर पनि आउँथ्यो । तीन-चार दिन म त्यहीँ बसेँ । हाट लाग्ने दिन उत्साहित हुँदै मलाई गगँटाको मासु खान दियो- त्यो किसान परिवारले ।

यो परिवार भूमिहीन, दैनिक कृषि मजदुरी गरेर खान्थ्यो । यो ठाउँ नकटाझिलतिर होला भन्ने अनुमान लगाएकी छु । त्यसपछि म जनकपुर गएँ । कमरेड पाण्डवराज घिमिरेको ब्रह्मपुरीको घर र कर्मचारी साथी तीर्थ न्यौपानेको डेरामा बसेँ । राजेन्द्र थापा र तीर्थ न्यौपाने दुवै जना साहित्यकार, म पनि साहित्यप्रति रुचि राख्ने पाठक, साहित्यिक छलफल भए, रमाइलो लाग्यो । त्यसपछि कमरेड माधवसित पुनः बस चढेर म धनुषाकै भरतपुरको नजिक गौतम परिवारमा टङ्कप्रसाद आचार्यको नातेदार भएर केही दिन बिताएँ । गौतमजी प्रजा परिषद्का पुराना नेता हुनुहुन्छ । त्यहाँ बस्दा अनुसन्धान कार्यका लागि आएको भन्ने बहाना बनाइयो । यसरी म धनुषाका विभिन्न गाउँहरूमा बसेँ । मलाई भाषाको समस्या थियो । म हिन्दी त जान्दथेँ तर मैथिली गाउँमा बोलिने ठेट भाषा आउने कुरै भएन । नौलो परिवेश ! राजनीति गर्न गएको मान्छे ! फट्कारेर बोल्न सक्दिनँ । मैथिली भाषाको गीत गाउँथेँ, बच्चाहरूको स्याहार गर्थे, घरलु काममा सघाउँथेँ, यसरी विस्तारै भाषा सिक्न थालेँ । भूमिहीन, गरिब किसानदेखि लिएर धनी किसानसम्म सङ्गठन थियो । केही जमिनदारहरू पनि हामीलाई सघाउँथे । भर्खर छठ पर्व सिद्धिएको थियो । एक कुम्लो ठेकुवालगायत तराईका अन्य मीठा खाने कुरा लिएर विद्यार्थीजस्ता देखिने भर्खरका कमरेड आउनुभो । भर्खर जुँगाको रेखी बसेको थियो । महतो थरका ती कमरेड हाल शिक्षक हुनुहुन्छ । उहाँसित दिनभरि हिँडेर एउटा सेल्टरमा पुग्यौं । फेरि माधव कमरेडसित भेट भयो । त्यसपछि उहाँसँगै म सिराहा गएँ । चौरहवाबाट बुडियाचाप कमरेड उत्तम महतको सुसुरालीमा पुग्यौं । कमरेड गणेश, कमरेड उत्तम, आशा, जेठी बुहारी, आमा, उत्तम कमरेडकी श्रीमती कमरेड चुनु सबैको आत्मीयता र हार्दिक व्यवहार म सधैं सम्झन्छु । माधव कमरेड त्यहीँबाट फिर्नुभो । त्यसपछि यही गाउँको एउटा टोल जहाँ भूमिहीन, गरिब किसानको बस्ती छ, त्यहीँ गयौं । यो टोल नै मेरो सिराहा बसाइको केन्द्र थियो ।

त्यहाँ केही मुस्लिम परिवार, केही चमार र अन्य बस्छन् । अशोक राई, सुरेश कार्की, ईश्वरी आचार्य, उत्तम महतलगायतका कमरेडहरूको सिराहा-सप्तरी संयुक्त सङ्गठन कमिटी रहेछ । यही टोलमा हँसिया-हथौडाअङ्कित सुनौलो पाँचकुने तारा भएको रातो झन्डा अघि राखेर मलाई कमरेड उत्तम महतले पार्टी सदस्यताको शपथ ग्रहण गराउनुभयो ।

पहिलोपटक सदस्यता लिएको दस वर्षपछि यो दोस्रोपटक किन सदस्यताको शपथ खुवाइयो । यसको जवाफ आजसम्म कतैबाट पाउन सकेकी छैन । मैले विभिन्न कमिटीमा रहेर काम गरिसकेकी थिएँ । केन्द्रीय विस्तारित बैठकमा ०३२ सालमा बनारसमा समेत प्रवासको प्रतिनिधि भई भाग लिएकी थिएँ । कोअर्डिनेसन कमिटीअन्तर्गत गुल्मीमा सिद्धिनाथ ज्ञवाली सचिव रहेको पहिलो कमिटी निर्माण गर्दा म सदस्य रहेकी थिएँ । रूपन्देहीमा पनि पार्टी काममा सामेल थिएँ । त्यहीँ कमरेड प्रदीप नेपालसित सल्लाह भएअनुसार भूमिगत हुने निर्णय भएको थियो । यो दोस्रो शपथग्रहणको अनुत्तरित प्रश्न मेरो मनमा आजपर्यन्त रहेको छ ।

त्यसपछि मलाई सिराहा सङ्गठन कमिटीमा सामेल गराइयो । भूमिगत नाउँ रेणुबाट म अरूणा भएँ । सेतो धोती मगाएर खयरमा पकाएपछि खैरो भयो । त्यही सारी तराईका गाउँले महिलाले जस्तो गरी लाउन थालेँ । बाहिर हिँड्दा चप्पल, घडी र चस्मा झोलामा राख्थेँ । झोला पोको पारेर कोखिलामा समाउँथेँ, सहर बजारतिर जाँदा भिन्दै भएर हिँड्थेँ । तराईको गर्मीमा बिनापङ्खा बस्ने बानी लाग्यो । बिहान-बेलुका दुईपटक खाएर बस्ने, कहिलेकाहीं भोकै हिँड्ने बानी पर्न थाल्यो । तर, धेरै चिया पिउने बानी भने छाड्न गाह्रो भयो । दुई-तीन महिनासम्म चिया पिउन पाइनँ । एकदिन बिहानै गोलबजार पुगेर चिया पिएर आएँ । त्यो चिया पिउन आठ घण्टाको बाटो हिँडेकी थिएँ ।

सिराहामा भूमिगत बस्दाको क्षण सम्झँदा त्यो मीठो भात सम्झन्छु । पुस महिनाको किसान परिवार बिहान सातै बजे मलाई भात खान दिएर काम गर्न निस्कियो, मलाई भित्र थुनेर । साँझ चार बजेतिर घरकी छोरी आइन् र नूनखुर्सानी पिसेर बिहानको चिसो भातको डल्ला खान दिइन्, गइन्, त्यो भात र नूनखुर्सानी साँच्चै मीठो थियो- कुनै पकवानभन्दा पनि । म कहिले पनि ती थारु परिवारकी विवाहित तर गौना नभएकी छोरीलाई बिर्सन्नँ र त्यो भात पनि । कामको व्यस्तता थियो, झसक्क रात परेपछि मात्रै त्यो परिवार कामबाट फर्कियो ।

जनकपुरमा पनि कमरेड पाण्डवराजलाई सीडीओले आसमबाट रेणु नाम गरेकी महिला आएकी छन् भन्ने सुन्छु भन्दै केरकार गरेछ । त्यसबेला घर परिवारसित मेरो सम्पर्क थिएन । मात्रै नेपालका साथीहरूबाट आउने पत्र सिराहा बजारका विन्दुबाबुको घरमा आउँथ्यो, अरू नै नाउँमा । काठमाडौँमा हुँदा केही साथीहरूको बीचमा त्यही नाउँमा प्रयोग गरेका थियौँ । सुराकी पसेको रहेछ भन्ने अनुमान लगाएँ । सिराहामा मेरो कामको रफ्तार विस्तारै बढ्दै थियो, प्रहरी प्रशासन पनि सक्रिय रूपले हाम्रा विरुद्ध लागिपरेको छ भन्ने थाहा पाएँ । खेत खलिहानमा काम नगरेका हातखुट्टा, देख्दा केही गोरो, गाउँले जस्तो बोल्न नसक्ने, केही अस्वाभाविक लाग्ने हुनाले होला मलाई मान्छेले सोधखोज गर्थे, कतिपय अवस्थामा म सारीले घुम्टो हालेर मुख छोप्थेँ र टाउको मात्र हल्लाउँथेँ । जवाफ फर्काउँदिनथेँ ।

मेरो त्यो नयाँ भूमिगत जीवनमा सहयोग पुऱ्याउने कमरेड उत्तम महत, जो पार्टीको सचिव पनि हुनुहुन्थ्यो । सहरबजारमा पढेर आएका हामी मध्यम वर्गका मानिस धेरै कमीकमजोरीहरू छन्, एउटा कम्युनिस्टले पहिले आफूलाई रूपान्तरण गर्नुपर्छ र मात्रै समाजको रूपान्तरण गर्न सकिन्छ भन्दै भूमिहीन किसानसित एकाकार भएर मात्रै त्यही वर्गको स्वार्थको प्रतिनिधित्व गर्दै राजनीति गर्नुपर्छ भन्दै निरन्तर वर्ग आधारित रहन प्रेरणा दिनुहुन्थ्यो । हाम्रो कार्यशैली, चिन्तन, व्यवहारका विषयमा छलफल हुन्थ्यो । उहाँकी जीवनसाथी कमरेड चुनु महतलाई पनि म भुल्न सक्दिनँ । उहाँको पनि प्रशस्त सहयोग थियो । सुरुका दिनमा शिलाङ आमालाई सम्झेर म निकै चिन्तित हुन्थेँ । हामीलाई दुःख गरेर पढाउनुभयो, हुर्काउनु भयो, मैले केही गर्न सकिनँ । मैले मात्र मेरो कान्छो भाइ ऋषिलाई यसरी भूमिगत भएर जाँदैछु भनेकी थिएँ । उसले सानैदेखि पार्टीमा काम गरेको छ, प्रतिबद्ध छ, यसर्थ मैले भनेँ । हिँड्ने बेलामा एउटा झोलामा एकजोर लुगा, दुईवटा किताब, एउटा डायरी, दैनिक प्रयोगका काइयो, ब्रस, नङ्कटजस्ता सीमित सामान लिएर हिँडेँ । दिएको पैसा पनि बाटाखर्च मात्र राखेर अरू फर्काइदिएँ । यस्तो व्यवहार देखेर आमा सशङ्कित हुनुभयो । हिँड्ने बेलामा बूढीआमा झम्टेर रुनुभयो । मेरा पनि आँखाबाट आँशु आए । यसरी बिदा भएको महिनौँ भयो, कुनै सम्पर्क छैन । जब आमाको सम्झना हुन्थ्यो, मैले यो गीत गाउने गरेकी थिएँ- 'आमा नरोऊ क्रान्तिकी छोरी सम्झेर ...., शोषित पीडित नहाँसे हामी त हाँस्न सक्दनौँ ।' जब म गाउँमा पार्टी काममा व्यस्त भएँ, सयौँ आमाहरू ३५/४० कै हाराहारीमा बूढी हुन्थे, उनीहरूको छाती लाम्टिएको देखेँ, भोक, रोग गरिबीले ग्रस्त छन् । बच्चाले चुसिरहन्थ्यो, दूध नआएपछि गोडाफालेर रुन्थ्यो । बूढी आमाहरू दिनभरि बनी गर्न जान्थे । यिनै तमाम आमाहरूको बीचमा मैले सिलाङकी आमालाई पनि राखेँ । विस्तारै मेरो चिन्ता कम हुँदै गयो ।

तत्कालीन हाम्रो पार्टी नेकपा (माले) को नीतिअनुसार हामी भूमिहीन गरिब किसान, जसलाई आधारभूत जनता भन्थ्यौँ, यिनैका बीच कामलाई केन्द्रित गरेका थियौँ । रातभरि म क्लास चलाउँथेँ, दिनभरि सुत्ने र अध्ययन गर्थें तर किसानहरू बनी गर्न जान्थे । प्रायः हिँड्दा मैले कुरियर लिएर हिँड्थेँ । तर, कतिपय ठाउँ, व्यक्तिलाई हामी एकअर्कामा चिनाउँदैनथ्यौँ । दमनका बेला खुल्ला भनेर । हाम्रो कार्यक्रम प्रायः पहिले नै तय हुन्थ्यो । म चमार बस्तीमा जाँदा, जमिनदारको घरमा जाँदा कुरियर बाटैबाट फर्काउँथेँ । यसर्थ, कहिले तस्करहरूको हूल देखेर गोलगाडा हिँड्ने बाटोमा ढिस्कोमा लुक्थेँ । चमार बस्तीमा बसेपछि अन्यले राख्न रुचाउँदैनथे । बसेको होइन भनेर टार्नुपर्थ्यो । रामेश, मञ्जुल, सांस्कृतिक कार्यक्रम लिएर गोलबजार आउँदा सुरक्षार्थ एक सय ५० किसानको दस्ता पठाएकी थिएँ, सायद उहाँहरूलाई थाहै भएन । लर्कन्हा भन्ने सिराहाको सानो भित्रीबजार, त्यहाँ कमरेड उत्तम महतको सालीको घर छ । त्यो घरमा राती १२ बजेतिर जाँदा घरका बुबा जो गजेडी थिए, भूत भनेर चिच्याउँदा झन्डै पक्राउ परियो । म मात्र होइन, अलिपर आमाको बगैँचामा गएका साथी पनि झन्डै चोरको आरोपमा पक्राउ परेका थिए । त्यो घरमा बाबुछोरी मात्र बस्थे । छोराबुहारी बाहिरै थिए । मैले म ललिता बैनीको साथी भनेर टर्च लाइटले आफ्नो अनुहार देखाएँ तर बूढा त भूतभूत भनेर चिच्याउन थाले । विचरा ललिता बैनी ढोका खुलै राखेर पर्खेर बस्नुभएको रहेछ । यसो निदाउन लाग्दा यति ठूलो हल्ला भयो । हाल उहाँ वीरगन्जमा हुनुहुन्छ । उहाँकै सहयोगमा मैले धेरै प्रकारका मान्छे भेट्न पाएँ । डाँकाकी रखौटी भएकी महिलाले रुँदै भनिन्- कसरी उनको श्रीमान्लाई मारेर डाँकाले रखौटी बनायो । चोरेको, लुटेको सामान कसरी लुकाइन्छ, त्यो उनले बताइन् । उनका सारा बिलौना सुनेँ । सिराहाको सदरमुकाम सिराहा बजारमा डीएसपीलाई मासिक आठ हजार रुपियाँ बुझाउनुपर्छ । तस्करी, लुट र चोरीमा प्रहरीहरूको पूर्ण संरक्षण रहन्छ भन्ने जानकारी दिइन् । यो लर्कन्हामा जमिनदार परिवारको सामन्तका बाबु, छोरा र नातिसमेत कसरी दिनदहाडै किसानका छोरीहरूको इज्जत लुट्छन् भन्ने पनि किसान महिलाहरूले आफैँ बताए । भर्खरै गौना गरेर ल्याएकी नौली दुलहीलाई जमिनदार उसको लोग्नेलाई सामान किन्न बाहिर पठाएर बलात्कार गरेको पनि उनै महिलाले भनिन् । त्यस क्षेत्रका धेरै किसानहरूसित हामीले सम्पर्क बढाएका थियौँ । यसरी सामन्तवादको तहगत संरचना र शोषण उत्पीडनमा परेका किसानहरू, महिलाहरू, दलितहरूलाई वर्गीय शोषणका विरुद्ध, पञ्चायती व्यवस्थाका विरुद्ध राजनीतिक प्रशिक्षण, सङ्गठन निर्माण र आन्दोलनमा सरिक हुन अगुवाइ गर्न किसान जागरणको अभियान चलाइएको थियो । उनीहरू हामीलाई अति नै माया गर्थे, विश्वास गर्थे, आँप पाकेपछि हाम्रो भाग रहन्थ्यो, माछा मार्थे, ताडी खुवाउँथे, तामाङ गाउँमा नै मकैको जाँड खाएँ । हामी किसानका अत्यन्त नजिकका मित्र थियौँ ।

हाम्रै पार्टीकी बूढी आमा छोरीज्वाइँसित बस्थिन्, ज्वाइँ पनि राम्रो कार्यकर्ता थिए। उनकी गर्भवती श्रीमती, धेरै केटाकेटी थिए, आफू दुब्ली पातली पहेँलो अनुहार, एउटा छोरो दूध खान खोजिरहने, आफ्नी आमा र श्रीमान् बनी गर्न गएका बेला मलाई बिलौना सुनाइन्। उनका श्रीमान् बढी आशक्त, उनलाई श्रीमान्बाट भएको पीडा भन्दै गइन्, मैले सुनिरहेँ। केही असजिलो लाग्यो। टाउको निहुराएँ। म अविवाहित थिएँ, मैले बुझ्न सकिनँ। महिलाका यस्ता आन्तरिक पीडा सुनेर म चिन्तामा परेँ। महिला आन्दोलनमा लाग्नेले लोग्नेहरूको यो पीडा आत्मसात् गर्न खास अवस्थाबाट गुज्रिनैपर्छ भन्ने लाग्यो।

सिराहाको सुदूर उत्तरी गाउँमा कमरेड हीराबहादुरको घर छ। त्यो क्षेत्रमा जाँदा पनि राती बाटोमा सर्पबाट बचेर पुगियो। सर्प र बिच्छी भएको घनाजङ्गल भएर जानुपर्ने भूमिगत बाटो, टर्च लाइट बाल्दा खयर काट्न आएको तस्कर भनेर समातिने डर। उहाँको घरबाट फर्कंदा लामो बाटो हिँडेपछि विश्राम गरौँ, थकाइ मारौँ भन्ने उहाँ। मचाहिँ सर्प, बिच्छी, हिंस्रक पशुभन्दा पनि स्वयम् उहाँसित डराएँ र कुदिरहेकी थिएँ, कतै विश्राम नगरीकन। त्यो घनाजङ्गलमा बलात्कार हुनसक्छ भनी म साह्रै नै डराएँ। यो कुरा मैले बहुदल आएपछि कमरेड हीराबहादुर सुनुवारलाई सुनाएँ, उहाँ हाँस्नुभो। विष्णुपुर कम्युनिस्टहरूको गढ। त्यहाँका कमरेड ईश्वरी आचार्य, कमरेड मणिलाल राई, हरि, निर्मला, वशु, अञ्जु पोखेलहरू र उहाँका बुवाआमाहरूलाई म सम्झिरहन्छु। बुबा हालै मात्र खस्नु भयो।

कमरेड ऋषि देवकोटालाई आफ्नो पार्टीले लुगाफाटासहित सेन्टरबाट बेदखल गरेका बेला सेल्टरको व्यवस्था गरी दुई दिनसम्म सँगै बसेर विचारविमर्श गर्न आएकी थिएँ। पछि पञ्चायती निरङ्कुश शासकहरूले उहाँको निर्मम हत्या गरे।

धेरै तराईवासी साथीहरू हुनुहुन्छ, जसको सानिध्यमा रहेर मैले काम गर्ने मौका पाएँ। धर्मनाथ साह (मास्टर साप), जो एक असल कम्युस्टि हो। सुखीपुर स्कुलमा पढ्न बसेका बहिनीहरू बीना केसी, उहाँकी भदैनी, वडहरीका मास्टर साप, धनगढीनजिकको पानवीर विश्वकर्माको परिवार, बुडियाचापका कमरेड हनिफलगायत सेल्टरदाता ती बाबु र आमाछोरा सबै आदरणीय छन्।

उनीहरूकै घरआँगनमा ०३६ को फागुन महिनामा सिराहाको बुडियाचापमा पार्टीको विस्तारित बैठक भयो। किसानहरूकै सहयोगमा टहरो बनाएका थियौँ- दुईवटा शौचालयसहित। देशभरिबाट पार्टीका नेताहरू र सबै जिल्ला सचिवहरूको त्यो भेलामा काठमाडौँबाट कमरेड सीता खड्का र कमरेड शोभा मैनाली सहभागी थिए। कमरेड उत्तम महत मूल व्यवस्थापक र म सहव्यवस्थापक थिएँ। केही दिनसम्म चलेको त्यो भेलामा मैले आफ्नै हातले ठूल्ठूला दुई झण्डा बनाएकी थिएँ। ७२ डिग्रीको अनुपातमा पाँचकोण सुनौलो तारा, हँसिया, हथौडाअंकित ती राता झन्डाहरू साँच्चै आकर्षक थिए। यसरी कठिन भूमिगतकालमा पनि राष्ट्रिय कार्यक्रम सम्पन्न भयो। कतिपय कमरेडहरूले मलाई तराईवासी गाउँकै कमरेड भन्नुभएछ, खुसी लाग्यो।

एउटी प्रवासी परिवेशमा हुर्केको र स्वदेशको माटो, हावापानी र परिस्थितिसित नभिजेको कोरा क्रान्तिकारी रोमान्टिसिज्मले भरिएको व्यक्ति, पार्टीका विभिन्न तहमा नेतृत्व गरे पनि प्रत्यक्ष सहभागी भएर भूमिहीन, गरिब किसानहरूसित एकाकार भएर वर्गसङ्घर्ष, वर्गविश्लेषण, जनताको चेतना, उत्पादनमा सिङ्गो परिवारको सहभागिता मात्र होइन, तिनै शोषितपीडित जनताबीचको अन्तरविरोधहरू पनि अध्ययन गर्ने मौका पाएँ। म भारतीय नक्सलाइट आन्दोलनबाट प्रभावित थिइनँ तर निरन्तर अध्ययन गरेकी थिएँ। प्रतिक्रियावादीहरू जनतालाई मारेर कम्युनिस्ट पार्टीप्रति आरोप लगाउँछन्, पश्चिम बङ्गालमा सिद्धार्थ शङ्कर रायको शासनकालमा भएका ज्यादती र दमनले यही पुष्टि गरेको थियो। म गोदावरी पारुलेकर (भारतीय नेता) को *आदिवासी विद्रोह*, एडगार स्नोको *चीनको आकाशमा रातो तारा*, ज्याक बेल्डनको *चीनले विश्व हलाउँछ* जस्ता पुस्तक निकै रुचिका साथ पढेकी थिएँ। त्यति मात्र होइन, मोहनचन्द्र गान्धीको सत्यवादिताले पनि गहिरो छाप पारेको थियो। भूमिगतकालमा धेरै झूठ बोल्नुपर्ने, सुरुमा साह्रै असमञ्जस्यमा परेँ तर क्रान्ति र जनताको हितमा झूठो बोल्न थालेँ। म गाउँ जाँदा एउटा अठोट गरेकी थिएँ कि म पनि कस्तै विषय परिस्थिति आए पनि विचलित हुने छैन। बाँचे क्रान्तिकारी भएर देश र जनताको मुक्तिमा लागिरहनेछु, मरेँ भने सहिदको सम्मान प्राप्त होला। यिनै भावनाले निर्देशित मेरो सिराहा बसाइ देश, जनता र क्रान्तिप्रति समर्पित थियो। सम्मानित थियो साथै आनन्दित पनि।

आधा सारी बिच्छ्याउने, आधा ओढ्ने र झोला सिरानमा राख्ने गर्थें। कहिलेकाहीँ गुन्द्री पनि उपलब्ध हुँदैनथ्यो। कारण बिहानपख धेरै जाडो हुनाले पसल र पुराना गुन्द्रीधरी जलाउँछन्, नयाँ बनाएको हुँदैन। एउटा भात पकाउने भड्डु, कराही, डाडु, तावा, लोटा र केही सिल्टीका थालहरू, सिलौटो, केही भुल्ला पुराना लुगाले टालेको ओड्ने, एक-दुई जोर लुगा र छतमा घुसारेको लौरो यिनै हुन् जनताका सम्पत्ति। हजारौँ-लाखौँ जनता यसरी नै भोक, रोग, जाडो, गर्मी, बढी लामखुट्टे, उडूस, उपियाँ, सर्प, बिच्छी, साहूको ऋण आदिबाट पीडित छन्। पिँढी-दरपिँढी यसरी नै सिर्जनाका शक्ति, उत्पादनका आधार मानिसहरूको जीवन मूल्यहीन बनाइएको छ। सामन्तवादको जाँतोमुनि थिचिएको छ।

यी पङ्क्ति लेखिरहँदा मेरो मनमा केही प्रश्नहरू जबर्जस्त उठ्ने गर्छन्। के हामीले बाँडेको सपना साकार भयो ? हामी राजनीति गर्नेहरूको हैसियत, स्तर धेरै माथि उठेको छ। तर, ती हजारौँ-लाखौँ जनता, जसले आफ्ना जहान-बालबच्चाको गाँस काटेर हामीलाई खुवाएका थिए, दिनभरि बनी गरेर ल्याएको ज्यालामा हामी निर्भर थियौँ, ती जनताको कुनै स्वार्थ छैन, छ त केवल परिवर्तन र सामन्तवादको उन्मूलन गर्ने दृढ सङ्कल्प। यसर्थ, क्रान्तिकारी भूमिसुधार गरेर किसानलाई जमिनको मालिक बनाउने कार्यक्रमतिर हामी लाग्छौँ त ?

# शिखर–पुरुष

' ध.च. गोतामे

राजधानीको मध्यभाग, काष्ठमण्डपभन्दा केही दखिनका टोलहरू चिँकमुगल, जैसीदेवल, लगन आदि ठाउँका घरहरू यसरी गजमाउरा भएर ठडिएका छन् जस्तै : ठूलो मेलामा मानिसको आङ ताछ्ने कुनै भीड होस्। त्यस्तै एउटा घरको एकान्त कोठामा हामी दुई जना बसेका थियौं- मनमोहन अधिकारी र म। तिथिमिति त मानसपटलबाट हराइसक्यो। तर, लाग्दछ त्यो ०११ सालतिरको कुरा हो। ००८ सालमा बन्देज लागेको कम्युनिस्ट पार्टी फुकुवा हुनमा अझै दुई वर्ष बाँकी थियो।

अरू परम्परागत घरहरूजस्तै हामी बसेको घर पनि जीर्णशीर्ण अवस्थामा थियो। सडकबाट दुई-तीन चोक तर्दै गएपछि मात्र हामी आफू भूमिगत भएको घरमा पुग्थ्यौं। घर थियो- नगरपालिकाका प्रथम निर्वाचित मेयर जनकमानको। अतः घरका लागि त उनले खास के नै गर्न सक्थे र तर कोठा भने ताजा कमेरो र रातो माटो लाएर रङ्गरोगन गरी चिटिक्क पारिदिएका थिए। ओछ्यान र सुत्ने-ओढ्ने लुगाफाटा सफासुग्घर थिए। जाडोको याम भएकाले माटाको भए पनि एक हिटर राखिदिएका थिए। सुरक्षाले गर्दा हामी बस्ने कोठा दुई वा तीन तलामाथि एक्लो कोठा थियो। कोठा बाहिर दखिनपट्टि उदयकालदेखि अस्तकालसम्म झलमल्ल घाम लाग्ने एक सानो न सानो बरण्डा थियो। यस्तो घरको घमसान भएको टोलमा जबकि एक ढ्याग घाम छिर्ने छिद्रलाई पनि मानिस बरदान भनिठान्थे भने हाम्रा लागि मुस्किलले दुई जना च्युँडो च्युँडो जोरेर बस्न सकिने बार्दली भए पनि त्यो देखेर हामी दुवै यति प्रशन्न भयौं कि कुनै ठूलो खजाना हामीले हात पारेजस्तो भयो। रातको मुटु छेड्ने जाडो पनि हामी भोलि घामको चर्को पार नाङ्गो पिठ्युमा थापेर साटो फेरुँला भनेर ओल्टेकोल्टे गरी काटिदिन्थ्यौं। त्यो बेला केन्द्रीय कमिटी र पोलिटब्युरोको बैठक हुँदै थियो क्यारे काठमाडौंमा। नत्र भने यस्तो मध्य जाडोयाममा मनमोहनलाई काठमाडौं उनको स्वास्थ्यलाई ध्यानमा राखेर पनि भित्र्याउँदैन थिए होलान्। त्यस बखत म पनि केन्द्रीय समितिमा छनोट भएर आइसकेको थिएँ तर पोलिटब्युरोमा भने थिइनँ र पुग्न पनि सकिनँ। बैठक धेरैजसो रातमा हुन्थ्यो। हामीलाई लिन दुई-तीनजना स्थानीय कामरेडहरू आउँथे र टाउकोदेखि सिङ्गै जीउ च्यादरले घुम्लुङ्ग छोप्न लाएर सकभर अँध्यारा, साङ्ग्रा गल्लीहरूबाट लिएर जान्थे। पोलिटब्युरोको बैठक भएका बेला मनमोहन मात्र जान्थे र कहिलेकाहीं चार-पाँच बजे बिहान मात्र आइपुग्थे।

जनकमानले हाम्रा लागि खानपिनको सकेसम्म राम्रै प्रबन्ध मिलाएका थिए। नगरपालिकाका मेयर भएकाले अन्हौटे काम गर्ने मानिसको उनलाई कुनै कमी थिएन। एकाबिहानै थर्मसमा चिया र बिस्कुट वा जेरी स्वारी पठाइदिन्थे भने ठीक दस बजे दुईवटा थालमा ढाकेर तातो-तातो दालभात-तरकारी आदि आइपुग्थ्यो। भोजनपछि एक लामो पट्यारलाग्दो दिन लम्पसार परेर तेर्सिरहेको हुन्थ्यो।

मनमोहन अधिकारीको नाउँ उनी ००३ सालको मजदुर आन्दोलनमा लागेदेखि विद्यार्थीकालमै सुनिसकेको थिएँ तर भेट हुन पाएको थिएन। बीए पढ्न वनारस गएर नोना कोइरालाको माइतीमा बस्न पुगें। उनका दाजुहरू सबै वामपन्थी विचारधाराका रहेछन्। तिनीहरूसितको घनिष्टताले मेरो पनि विस्तारविस्तार कम्युनिस्ट सिद्धान्तप्रति रुचि बढ्दै गयो। वनारसका वामपन्थी विचारधाराका एक उद्भट विद्वान् सुनिल दादा भन्ने बङ्गाली सज्जन हाम्रो घरमा आएर सधैं एक घण्टा मार्क्सवादबारे प्रवचन गर्थे। म, विजयकुमार उपाध्याय, अम्बिका उपाध्याय (नोनाका दाजु र भाइ) शैलेन्द्रकुमार, महेशमणि दीक्षित, कमलराज रेग्मी आदि हुन्थ्यौं। सुनिल दादाको व्याख्या गर्ने शैली अद्भुत राम्रो थियो। उनले अर्थ्याएका सैद्धान्तिक पक्षका तथ्यहरू यति दिनपछि पनि मनमा अमिट भएर कोरिएका छन्।

त्यही बखत ००७ सालको क्रान्ति प्रारम्भ भयो। भारतमा सर्वत्र छरिएर अध्ययन गरिरहेका नेपाली विद्यार्थीहरूलाई पनि क्रान्तिलाई सफल तुल्याउन आह्वान गरियो। हामी पनि पढ्दापढ्दैका पुस्तकहरू थन्क्याएर आ-आफ्ना घरतिर लाग्यौं।

वीरगन्जमा एकपटक क्रान्तिको लहर आएर पनि पुनः राणा सैनिकहरू पस्न सफल भएका थिए। क्रान्तिमा भाग लिने युवकहरूलाई समातेर यातना दिन थालियो। म पनि अरूजस्तै थुनथानको यस हुमेलोबाट उम्किएर विराटनगर पुगें। विराटनगरमा मेरो ससुराली थियो तर त्यहाँ मलाई चिन्ने कोही थिएन। मेरा ससुराली खलकले अझ सुरक्षाका लागि मलाई लगेर रानुदेवीको घरमा राखिदिए। वनारसमा रानुदेवीकै माइतीमा पढ्न बसेकाले उनका पति तीर्थ अधिकारी पनि मेरा घनिष्ट मित्र भइसकेका थिए। अतः त्यहाँ मेरो केही दिनको बसाइ रमाइलै थियो।

म विराटनगरमा पुगेको दुई-तीन दिनपछि नै त्यहाँ पनि क्रान्तिको राँको दन्कियो र त्यो सफल पनि भयो। एउटा ट्याक्टरलाई ठूलो युद्धहरूमा प्रयुक्त हुने ट्यांकको सुरक्षित रूप दिएर बडाहाकिम उत्तमशमशेरको दरबारमा आक्रमण गरेर निजलाई आत्मसमर्पण गर्न बाध्य तुल्याए।

त्यहीं मैले पहिलोपटक उनकै घरमा मनमोहन अधिकारीसित भेट गरें। उनीसितको स्वल्प भेटघाट भयो, किनभने बेला पनि त्यस्तै परेको थियो। गोरा वर्णका अग्ला कायाको व्यक्तित्व भएका मनमोहन अधिकारीको समग्र छवि मलाई निकै प्रभावकारी लाग्यो। मितभाषी तर बोलेपछि तर्कपूर्ण र तौलका कुरा झिक्ने। अलि गाम्भीर्य भएका मानिस रहेछन्। म छात्र जीवनकै आलोकाँचो मानिस केही अनावश्यक बोलीठोलीले गर्दा हावादारी होइला भनी सतर्क थिएँ। अतः उनको अतिशय गाम्भीर्य र मेरो बहिर्मुख र वाचाल स्वभावलाई कोचकाच पारी ठेकीमा बिर्को लाएजस्तै गरी फर्किएँ। आज भने मैले खाँटी नेताको दर्शन पाएछु जस्तो लाग्यो।

यसभन्दा अघि दुई ठूला नेतालाई भेटिसकेको थिएँ- कृष्णप्रसाद भट्टराई र पुष्पलाल। ००४ सालमा रक्सौल धर्मशालाको प्राङ्गणमा भेट्दा मलाई एक हातले अँगालो हाल्दै किसुनजीले भने- 'अरे यार ! म पनि त विद्यार्थी हुँ। तिमीहरू बीएको पढाइ छाडेर आएका होलाउ, म एमएको। यहाँ नेता र कार्यकर्ता कोही छैन। हामी सबै स्वतन्त्रताका लागि लड्ने सिपाही हौं।' अनि, होटलका मालिकलाई कराए- 'पण्डितजी, ये हमारे नए मित्र है यिनके लिए एक-एक बढिया चाय होजाए, मलाइ डालके !' यस प्रकार भट्टराईको ऐनाजस्तो पारदर्शिताले उनीसित मित्रताको साइनो लाउन हामीलाई आधा घण्टा पनि लागेन।

पुष्पलालसित भेट्न ००७ साल लाग्दानलाग्दै हामी सुनिल दादाको एक पत्र बोकेर वनारसबाट कलकत्ता गएका थियौं। कम्युनिस्ट पार्टी गठन भएको एक वर्षजति भएको हुँदो हो।

पुष्पलालसितको पहिलो भेट पनि अति स्नेहपूर्ण वातावरणमा भएको थियो। उनको नामको जुन आतङ्क, कुनै दस्यु-सरदारलाई भेट्न गएजस्तो थियो। त्यो भेट्नासाथ समाप्त भयो। उनी भने न मनमोहनजस्तो चिटिक्क परेको लवाइमा थिए न कृष्णप्रसादजस्तो अनौपचारिक लुङ्गी र घोक्रे गलाकट गन्जीको परिधानमा थिए। उनले आर्मीले लाउने बोटल ग्रीन पैन्ट, काँधमा लोता भएको कमीज र त्यही रङ्गको ज्याकेट लाएका थिए। जाडो हुँदा शिर छोप्ने भुवा भएको टोपी पिठ्युँमा लत्रिरहेको थियो। अनुहारले पुष्पलाल उपरोक्त दुवै नेताभन्दा राम्रा र गोरा थिए। उनले भेट्नासाथ सोधे- 'सुनिलदाको के हाल छ ?' मैले गोजीबाट तहलाएको पत्र दिएँ। पत्र सानै थियो, पढेर गदगद भए। 'सुनिलदाले तपाईंहरूको निकै प्रशंसा गरेका छन्। उनी भारतीय पार्टीका रत्न मानिन्छन्। त्यस्तासँग तपाईंहरूले ट्रेनिङ लिने मौका पाउनुभो, ठूलो कुरा हो यो। लौ त कामरेड, सुरक्षाका कारणले हामीलाई दस मिनेटभन्दा बढी बियाँलो नगर्नु भनेका छन्। उनले गम्म भालु-अँगालो दिएर हिँडी हाले। तर, फर्किंदा तीनै नेताको भेटघाटको रेलमा बसेर मूल्याङ्कन गर्दा के पनि लाग्यो भने पुष्पलालकोमा क्रान्तिकारिता प्रदर्शन गर्ने नजानिँदो आडम्बरयुक्त कृत्रिमता थियो, जो कि मनमोहन र भट्टराईमा स्वभावगत सरलताका रूपमा स्वतःस्फूर्त अभिव्यक्ति हुनगएको थियो।

त्यस्ता नरिवलजस्ता जटाधारी मनमोहन भेटघाट हुँदै जाँदा उनको पाप्रो उप्किँदै गयो र पछि यस्तो नरम गुबोको रूपमा प्रकट भए कि कहिलेकाहीँ लाग्थ्यो कि यस्तो देशव्यापी विस्तार भएको पार्टीको एकमात्र शीर्षस्थ नेतामा पनि यस्तो शिशु-स्वभावको सरलता हुनसक्छ।

पछि रहँदाबस्दा यस्तो हुन गयो कि विराटनगरपछि दोस्रो घर मनमोहनको मेरै वीरगन्जमा हुन गयो। कुनै भ्रमणमा, सभा गोष्ठीमा, सङ्गठनात्मक कार्यमा गयो भने दुई तीन दिनपछि मनमोहन आएर आफ्नो खाटमा जुत्तामोजा खोलेर पल्टिरहेका हुन्थे र त्यहीँबाट कराउँथे- 'शान्ता, चिया पाकेन अहिलेसम्म ?' 'पाक्यो काका ल्याउँदैछु' भनी भान्छाबाट कराएको सुनिन्थ्यो। मेरी पत्नी पनि अधिकारीकी कन्या थिइन् र मनमोहन शान्ताका पितालाई 'बौओ दाजु' भनी केटाकेटी अवस्थादेखि सम्बोधन गर्थे। अतः शान्ताका लागि अति प्यारा थिए 'मनमोहन काका'। उनी भएसम्म उनैको छनोटको खानपान मेरो घरमा तयार हुने गरेको थियो। मेरा भाइहरू पनि मनमोहन भनेपछि हुरुक्क हुन्थे। माइलो भाइ गोपालचन्द्र त पार्टी सदस्य भइसकेकाले पनि सदैव मनमोहनको अऱ्होटको पालना गर्न प्रतीक्षारत रहन्थ्यो।

यसप्रकार एउटा पारिवारिक स्नेहजस्तो स्थापित हुन गएको थियो- मनमोहनसित। त्यसैले सबै खासखुसको भाषामा मलाई मनमोहन गुटको मानिस भन्न थालेका थिए। वास्तवमा त्यसबखत पनि पार्टी दुई गुटमा नजानिँदो रूपमा विभाजित थियो- मनमोहन गुट र पुष्पलाल गुट। कसैले गुटबाजी नगरुँ भने पनि नेताहरूको स्वभावगत भिन्नता र महत्त्वाकाङ्क्षाले गर्दा दलभित्र गुटको चिरा पर्न जाँदो रहेछ। मनमोहन कुनै गुटबाज नेता होइनन्, न त्यो दोष पुष्पलाललाई लाउन सकिन्छ तर कार्यकर्ताहरूको जमात आफसेआफ दुई फ्याकमा बाँडिएर एउटा न एउटा नेताको मौलो वरिपरि रिङिराखेका हुन्छन्। अनि, पछि गएर गुटगत राजनीतिमा पद र राज्यशक्तिको लाभलालसाको प्रतीक्षामा पर्न गयो भने गुटबाजीको प्रदूषण पार्टीको सतहमाथि आएर नाङ्गो स्वार्थको रूप लिँदै पार्टीलाई पतनोन्मुख तुल्याउन अग्रसर गराउँछ।

जनकमानको त्यो कोठाभित्र भूमिगत बस्दा मनमोहनको सूक्ष्म स्वभावबारे अझ नजिकबाट बुझ्न पाएँ।

एकदिन हामी दुवै बार्दलीको एक हाते घाममा अटेसमटेस भई जीउमा भिटामिन 'डी' लिने भरपूर प्रयास गरिरहेका थियौं। म कट्टु मात्र लाएर सर्वाङ्ग नाङ्गो जीउमा थिएँ। मनमोहनले कमिज छोडाउन मानेका थिएनन्। मैले भनें- 'सिङ्गै जीउ धूप-स्नान गरेन भने भिटामिन 'डी' शरीरमा प्रवेश गर्न पाउँदैन।'

त्यस बखतसम्म हामी निकै घनिष्ट भएर एकअर्कालाई तिमी सम्बोधन गर्न लागिसकेका थियौं। मनमोहनले कमिज झिक्न अनकनाएकाले मैले भनें- 'केही छैन, मैले तिम्रो आङभरिका चकत्ताहरू देखिसकेको छु। तिमीलाई के रोग छ, त्यो पनि मलाई वीरगन्जदेखि नै थाहा छ। तिमीसित यहाँ सुत्न आउन अरूले पन्छिन खोजेकैले म यहाँ आएको हुँ। मलाई थाहा छ तिमीलाई कुष्टरोग छ तर तिमी इलाज गराएर आएपछि त्यो धेरै मत्थर भइसकेको छ। डाक्टरहरूको भनाइ मैले सुनिसकेको छु। तसर्थ, यो कुनै सरुवा रोग होइन। मलाई केही होला भन्ने कुरा तिमीले नसोचे पनि हुन्छ।' यति भनेर मैले मनमोहनको कमिज नखोले पनि मास्तिर पल्टाइदिएँ। नभन्दै राताराता सानाठूला डाबरहरू थिए तर ती सुक्न लागेका घाउजस्तै ओबाइसकेका थिए, हेर्दै केही दिनमा जाने क्रममा छन् जस्तो लाग्दथ्यो। आङको चकत्ता उनले देखेका थिएनन्। मैले उनलाई उत्साहपूर्ण कुरा सुनाइदिँदा उनी धेरै आश्वस्त भए।

मैले फेरि भनें- 'एउटा कुरा भनौं ? तिमी अन्यथा नलिनू। म शौचमा गएका बेला मसित लुकाएर जुन इन्जेक्सन लिने गरेका छौ, त्यो मलाई- 'धनुष, यो सुइ मलाई सधैं दिने गर है, नभनेर आफैंले सुटुक्क दिएकोमा पनि मलाई दुःख लागेको छ।' मनमोहन केही लज्जित भए- 'यो रोगै यस्तो हो। नाम सुन्नासाथ मानिस जिब्रो काढ्छन्, पन्छिएर बस्न खोज्छन्। तिम्रो पनि

के धारणा होला भनेर लुकाउन खोजें, किनभने, महिनौँ साथै बस्नुछ । तिमी भएर पो आयौ, मलाई स्नेह गरेकाले अरू कोही भए आउन मान्दैन थियो ।'

इन्जेक्सन दिन गाह्रो थिएन । मांसपेशीमा दिनुपर्ने थियो, आईभी (इन्ट्रा भेनस) सुई भए गाह्रो अवश्य हुन्थ्यो । तर, सिरिन्ज सामान्यभन्दा ठूलै थियो र सियो पनि अलि मोटो छिद्र भएको । जुन औषधि दिनु थियो, त्यो हलुका र नीलो, अरण्डीको तेलजस्तै गाढा थियो । एकाबिहानै मनमोहनको नाङ्गो पिडुँलाको मांसल भागमा ख्वाम्म लामो सियो रोपेर सिरिन्जभरिको औषधि रित्याउनु थियो । औषधि बाक्लो भएकाले बडो धैर्यसाथ अलिअलि सिरिन्जको पिचकारी ठेलेर मासुभित्र थोपाथोपा सञ्चार गराउँदा आधा घण्टा लाग्थ्यो । मनमोहनले स्वयम् सिङ्गै जीउ परीक्षण मबाट गर्न लगाए । पिठ्युँका केही चकताबाहेक कहीँ कुनै रोगको लक्षण थिएन । ती चकता पनि मस्याङ्ग्रिँदै जाने क्रममा भएको स्पष्ट थाहा पाइन्थ्यो । यो भनेपछि उनी प्रसन्न भए ।

मनमोहन अधिकारीमा कुनै अम्मल थिएन न रक्सी न चुरोट न तास । चुरोटबारे बरु एउटा विचित्रको विकृति थियो उनमा । त्यसलाई अम्मल पनि कसरी भन्ने ? राति सुत्ने बेला उनी एउटा चुरोट सल्काएर पिउँथे निन्द्रा डाक्न र चुरोट सकिनासाथ ठूटोलाई किचिमिची पारेर सुतिहाल्थे र पाँच मिनेटभित्र निदाउँथे । मेरो भने चुरोट खाने बानी त के धुवाँदेखि पनि वाकवाकी लाग्थ्यो । तर, एक बट्टा भने जस्तोसुकै चुरोट पनि उनका लागि आफ्नो झोलाभित्र लुकाइराख्थेँ । कहिले छैन भने भोजन ल्याउने मानिसद्वारा जनकमानलाई भनी पठाउँथे । एकदिन केके अलमलमा परियो, चुरोटबारे कसैलाई हेक्कै रहेन । झोला हेरेँ, भए पो पाउनु । गफ गर्दागर्दै रात छिप्पिसकेछ । जनकमान निदाइसकेका हुँदा हुन् । काठमाडौँका पसलहरू तोप चल्न छाडिसके पनि पुरानो बानीले गर्दा आठै बजे ढ्याम्म बन्द गरिसकेका हुन्थे । 'तिमीलाई निद्रै लाग्दैन, सिङ्गै रात छर्लङ्ग काट्नुभन्दा त म लुक्दै-छिप्दै सिंहसत्तलसम्म पुगेर भए पनि दुई-चार चुरोट लिएर आउँछु । बन्द गर्दागर्दै एक-दुई पसल कसरी न भेट्टाइएला ?' उनले मानेनन्, रोकिदिए । कुसंयोगले कहीँ समातियौ भने मैले के भन्ने ? मेरो धूवाँको बहुलठ्ठीपनको लङ्गडो सोखको खोजीमा जाँदा दमनको पञ्जामा पऱ्यो ? यो कुन क्रान्तिकारी काम हो कि तिमीलाई पनि थुनिएकोमा गर्व होस् । छाड्देउ यो सब म आफ्नै आत्मबलले केही गरी निद्रा डाक्छु ।

तर, मनमोहन भने ओल्टेकोल्टे गर्दै थिए । विकृत तलतल भनुँ वा अम्मलले निद्रा त कहाँ हो कहाँ, उनको आत्मबललाई हान्ने राँगाले झैँ सिङ्गौरी खेलेर टाढा लखेटी दिएको थियो । उनको छटपटिको सानो अङ्शियार त म पनि थिएँ । त्यो अपराध भावनाले मलाई पनि सुत्न दिएन । किनभने, त्यस दिन म पनि चनाखो हुन सकिनँ ।

हामी सुत्ने डसनामुनि जाडो मार्न होला त्यो बेला काठमाडौँमा मोटामोटा परालका चारपाटे हुन्थे, आजका मैट्रेसका गरिब विकल्प । मेरो पराले गद्दा एक ठाउँमा फाटेको थियो । त्यसभित्र यसो हात छिराएर खोतलेको त एक मोटो डाँठ भेट्टाएँ, त्यस डाँठलाई झिकेँ, त्यो खोक्रो थियो र त्यसको मोटाइ लगभग चुरोटजस्तै थियो । मैले चुरोट आकारमा त्यसलाई भाँचेँ र सल्काएँ पनि । मनमोहनलाई भनेँ, तिमी मेरै हातबाट तान मैले एउटा घटिया चुरोट फेला पारेको छु । उनको ओठमा डाँठ टाँसिदिएँ । रूखिएको कन्ठले लामो लामो सर्को तान्दा डाँठ सल्केर मेरो औँलासम्म आइसकेको थियो । तानेर दुई-तीनचोटि खोके मनमोहन तर अँध्यारोमा केही देख्न सकेनन् । मेरो युक्ति काम लागेछ । उतापट्टि कोल्टो फेरेर केहीबेरमै इन्तु न चिन्तु भएर निस्लोट निदाए । जति विचारवान् भए पनि अम्मलका अघि यसरी निरीह हुँदारहेछन् मानिस । मैले त्यही दिन थाहा पाएँ ।

त्यस भूमिगत कोठामा दुई-तीन महिना बसेको हुँला । त्यसपछि हामी छुट्टियौँ । यस्तो छुट्टियौँ कि त्यति आत्मीय भेटघाट वा रहनसहन फेरि हुन सकेन ।

म पार्टीबाट अलग भइसकेको थिएँ । पार्टीहरू पनि नेताहरूको गुटबन्दी र अहम्को मारमुङ्ग्रीले गर्दा फ्याक-फ्याकमा बाँडिन गए । मेरा छोराछोरी वीरगन्ज वा विराटनगरमा घर र मामाघर गरेर पालिँदै आएका थिए । दुइटी छोरी र एउटा छोरा आफ्नै बाबुआमासित दुःखसुख गरेर बस्ने गरी मसितै बस्न आइपुगे । ती ठूला भइसकेका थिए, स्कुल पठाउने उमेरका । परिवारको आर्थिक सावगासले गाँज्दै लगेकाले ०१६ सालमा म सरकारी सेवामा पसेँ ।

कसैले भने सरकारी कर्मचारी भएर पनि भित्रभित्र पार्टीको काम गरे हुन्छ नि ? त्यो मैले मानिनँ । त्यो मेरो नैतिकताले पनि दिएन । दुवैतिरको अनुशासनमा बसेर ढटुँवा नाटक गर्नु उचित हुँदैन भनेर मैले दलहरूसितको लसफस चटक्क छाडिदिएँ । अब व्यक्तिगत मित्रता वा चिनजान मात्र शेष थियो ।

०३६ सालतिर एकपटक मनमोहनसित पुनः एक-दुई घण्टाको मेरो एक्लो भेट भयो । म योजना आयोगमा थिएँ । त्यो मेरो सर्वाधिक ग्लानिको बेला थियो । सरकारी सेवामा बसेर त्यति उपेक्षित म कहिल्यै भएको थिइनँ । एक त पदोन्नति नभएको झन्डै तीस वर्ष भइसकेको थियो । यो नोकरीलाई त्यागिदिएँ भने पनि मास्टरी गरेर परिवार पाल्न सक्नेछु । म पुनः पुरानै पार्टीमा जाउँ कि भन्ने अनेक तुलबुल भइरह्यो । कहाँकहाँबाट पत्ता लगाएँ कि मनमोहन अधिकारी पाटनमा बस्दछन् । कार्यालय सकिएपछि खोजखाज गर्दै पुगेँ र भेट पनि भयो । पुरानो साथीलाई देखेर मनमोहन सारै प्रसन्न भए । म भने त्यति प्रसन्न हुन सकिनँ । कोठाको र उनको समेत गरिबीपूर्ण अवस्था देखेर मेरो आँखामा आँसु आउलाजस्तो भयो । पार्टी महासचिवको यो अवस्था ?

मेरो दलमा लाग्ने कुरा सुनेर उनी सहमत भएनन् । 'तिम्रो हातमा सरस्वती छ । तिमीले मदन पुरस्कार पाइसकेका छौ । सरकारी सेवामा अनियमित केही गरेन भने यो पवित्र सेवा हो । भोलि वामपन्थीको सरकार पनि हुनसक्छ । त्यसकारण अब पुनः पार्टीमा फर्किने कुरा मनबाट त्यागिदेऊ, जहाँ छौ, त्यहीँ ठीक छौ । साहित्य-साधनाभन्दा ठूलो देन समाजका लागि के हुन सक्छ ?'

उनको सल्लाह निस्वार्थ र एक मित्रका लागि अनुकूल थियो । चाहेको भए उनले अनेक स्वार्थी सल्लाह दिनसक्थे । मलाई उनको कुराले चित्त बुझ्यो ।

त्यसबखत म उपसचिव पदमा थिएँ । मासिक छ सय खान्थेँ । संयोगै भनौँ, त्यस दिन तलब बाँडेका थिए र सिङ्गै तलब गोजीमा राखेर गएको थिएँ । हिँड्ने बेला मैले मनमोहनको स्नेहले आफूलाई रोक्न सकिनँ । पूरै तलब झिकेर मनमोहनको हातमा राखिदिएँ । 'लिन्न भन्यौ भने म साह्रै अपमानित अनुभव गर्नेछु । यो मेरा मित्रका लागि हो, तिम्रो पार्टीका लागि सरकारी पैसाको चन्दा होइन ।' उनले एक सय रुपियाँ झिकेर मेरो कमिजको गोजीमा हालिदिए र पाँच सय आफैँसित रहन दिए । उनी आफ्नो आँखा रसाउँदै भने- 'परिवारले महिनाभरि टार्ने तलब धनुष ! तिमी मलाई दिएर जाँदैछौ, म कहिलै बिर्सिने छैन ।'

हामी रुद्धकण्ठ लिएर एकअर्कासित छुट्टियौँ । जाऊ है, बस है वा फेरि भेटौँ भन्ने बिदाइका औपचारिक शब्द कसैले झिकेन । दुवैको गलामा एउटा गोलाजस्तो आएर अडेको थियो ।

त्यही थियो मनमोहनसितको अन्तिम भेट । समूहमा गएर नमस्कार गर्ने, शिक्षण अस्पतालको भेन्टिलेटरमा राखेको बेला टुलुटुलु हेर्नेबाहेक अरू काम भएन ।

उनी नौमहिने प्रधानमन्त्री भएका बेला एकपटक पनि भेट्न बालुवाटार गइनँ । मैले आफ्नो बधाई छोराले रजिस्टरमा लेखिरहेका रहेछन्, त्यहीँ मौखिक टिपाएर आएँ । प्रधानमन्त्रीलाई भेट्न जाँदा मलाई कताकता त्यही पाँच सय रुपियाँको झझल्को लागिरह्यो । उनलाई कहीँ लाग्ला सायद त्यसैको अैंचोपैंचो सम्झाएर कुनै अर्कै रूपमा फिरौती माग्न आएको होस् । उनले आजसम्म कसैलाई नातावाद र कृपावादले गर्दा कसैको पाखुरा समाएर माथि तानेका छैनन् भने म किन ढाक्रे भएको बेला (त्यो बेला म प्रज्ञाबाट छुट्टिसकेको थिएँ) उनका सामु याचकजस्तो ठिङ्ग उभिएर उनलाई अप्ठ्यारोमा पार्न जाउँ । त्यो मेरो आफ्नै अडबङ्गे र एकलकाँटे सोचाइ पनि हुनसक्थ्यो तर मनले नखाएकाले गइनँ । म टाढा बसेर उनका सबै क्रियाकलाप हेरिरहन्थेँ ।

अन्त्यमा, त्यति पवित्र, निष्कलङ्क र वेदाग प्रधानमन्त्री इतिहासले अहिलेसम्म जन्माउन सकेको छैन । कुनै दिन एक जना पनि मनमोहन अधिकारीजस्तो जन्म्यो भने यो देश धन्य हुनेछ ।

*- 'आरोह-अवरोह' बाट*

# अखिलमा नयाँ नेतृत्व निर्वाचित

काठमाडौँ । मुलुकको सर्वाधिक ठूलो विद्यार्थी सङ्गठन अनेरास्ववियसको अठारौँ राष्ट्रिय सम्मेलन गत असोज १ देखि ६ गतेसम्म चितवनमा सम्पन्न भएको छ । सम्मेलनले पहिलोपटक प्रत्यक्ष निर्वाचन प्रणालीबाट ठाकुर गैरेको अध्यक्षतामा आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गरेको छ ।

सम्मेलनको उद्घाटन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो । सम्मेलनमा पार्टीका केन्द्रीय सदस्यहरू काशीनाथ अधिकारी, केदार न्यौपाने, सुरेन्द्र पाण्डे, शङ्कर पोखरेललगायतको उपस्थिति थियो ।

अनेरास्ववियुको सो सम्मेलनले महत्त्वपूर्ण निर्णयका साथै ऐतिहासिक रूपमै पहिलोपटक स्वस्थ प्रतिस्पर्धा र लोकतान्त्रिक निर्वाचन पद्दतिबाट नयाँ नेतृत्व चयन गरेको छ । सम्मेलनले अखिलको साङ्गठनिक संरचनामा समेत परिवर्तन गरेको छ । सम्मेलनले महिला, दलित र जनजाति प्रतिनिधिहरू समेटेर सङ्गठनलाई महासङ्घीय स्वरूप दिने निर्णय गरेको छ । राज्यको पुनःसंरचनापछि प्रत्येक विश्वविद्यालयमा स्वतन्त्र सङ्गठन विकसित गरी महासङ्घीय साङ्गठनिक ढाँचाअनुरूप कमिटी गठन गर्ने अवधारणा तय गरेको छ ।

सम्मेलनले अध्यक्षमा ठाकुर गैरेलाई निर्वाचित गरेको छ । उहाँसँग यज्ञराज सुनुवारले प्रतिस्पर्धा गर्नुभएको थियो । गैरेले नौ सय तीन र सुनुवारले चार सय ८९ मत प्राप्त गर्नुभएको थियो । सम्मेलनबाट उपाध्यक्ष रामकुमारी झाँक्री, महासचिव गोकुल घर्ती, सचिव माधव ढुङ्गेल र कोषाध्यक्ष उपेन्द्र पौडेल निर्वाचित हुनुभएको छ । केन्द्रीय सचिवालयका सदस्यहरूमा रत्न खत्री, किशोरविक्रम मल्ल, घनश्याम कँडेल, नरबहादुर धामी, दिनेश यादव, पुरुषोत्तम आचार्य, रूपेश खतिवडा, सोभियत ढकाल, नवीना लामा र रचना खड्का निर्वाचित हुनुभएको छ ।

१४ अञ्चलबाटै प्रतिनिधित्व हुने गरी गठित केन्द्रीय कमिटीमा मेचीबाट वसन्त बानियाँ र छत्र श्रेष्ठ, कोसीबाट मीनकुमार तिमुर, पारुल क्षेत्री र नमिता न्यौपाने, सगरमाथाबाट अशोक यादव र परमेश्वर घिमिरे, जनकपुरबाट सुधीर साह र महेन्द्रदेव श्रेष्ठ रहनुभएको छ । वाग्मतीबाट लक्ष्मण लम्साल, टेकराज पछाईं, सुरेन्द्र बस्नेत, भीम राई, दीपक गौतम, रमेश आचार्य, क्रान्ति बुर्लाकोटी, रेखा थपलिया र उषाकिरण तिमिल्सिना, गण्डकीबाट रश्मी आचार्य, शिवजी गुरुङ र सावित्री थापा, धौलागिरिबाट पदममणि पौडेल र भुपाल चालिसे, लुम्बिनीबाट रामजी पोखेल, सागर पोखेल र उमा अधिकारी, राप्तीबाट उपेन्द्र

खड्का र विजयविराज विष्ट, भेरीबाट टेकेन्द्रकुमार बस्नेत र आशाराम आचार्य, सेतीबाट यज्ञराज ढुङ्गाना र विमल जोशी, महाकालीबाट वचनबहादुर सिंह र महेशप्रसाद पन्त केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ ।

नेपाल प्राविधिक विद्यार्थी सङ्घ (टान) बाट श्रीधर पौडेल, पूर्वाञ्चल विश्वविद्यालयबाट चुडाराज ढकाल, काठमाडौं विश्वविद्यालयबाट सन्तोष पौडेल, सीटीईभीटीबाट सन्तोषप्रकाश जोशी, पोखरा विश्वविद्यालयबाट प्रदीप लम्साल, महेन्द्र संस्कृत विश्वविद्यालयबाट भरतमणि शर्मा, दलित विद्यार्थी सङ्गठनबाट कृष्ण विके केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ । तर, मधेसी विद्यार्थी सङ्घबाट केन्द्रीय सदस्यको प्रतिनिधित्व गराउन बाँकी रहेको बताइएको छ । केन्द्रीय समितिमा थप १५ सदस्य मनोनयन गर्ने विधानले व्यवस्था गरेको छ ।

# हामी दुवै प्रवृत्तिसँग लड्छौं

**ठाकुर गैरे, अध्यक्ष, अनेरास्ववियु**

० **सम्मेलनको मुख्य सन्देश के हो ?**

- अब मुलुकले कुन दिशा लिन्छ भन्ने जिज्ञासा उत्पन्न भइरहेका बेला सम्पन्न हाम्रो सम्मेलनले मुलुकलाई अग्रगामी दिशामा लैजानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सङ्कल्प गरेको छ । परिवर्तनका बाहक विद्यार्थीलाई ठीक ढङ्गले परिचालन गर्न सकियो भने मुलुकलाई लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याउन सकिन्छ भन्ने हाम्रो निष्कर्ष छ । त्यसबाहेक विद्यार्थीका हकहित र अधिकारका लागि हामीले आफ्ना थप धारणाहरू अघि सारेका छौं । आफैंभित्र पनि लोकतान्त्रिक अभ्यास गरेर स्वस्थ प्रतिस्पर्धा देखाएका छौं ।

० **साङ्गठनिक जीवनमा के परिवर्तन गर्नुभयो ?**

- सम्मेलनले विगतमा नेतृत्व तहमा रहेकामध्ये ७० प्रतिशत साथीहरूलाई बिदा दिएको छ । पहिलोपटक हामीले प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नेतृत्व चयन गरेका छौं । हामीले सङ्गठनलाई महासङ्घीय संरचनामा लैजाने निर्णय गरेका छौं ।

० **अखिलमा अब के नयाँपन दिनुहुन्छ ?**

- विद्यार्थीले निःशुल्क रूपमा गुणस्तरीय शिक्षा पाउनुपर्छ र त्यसको दायित्व राज्यले बहन गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ । हामीले त्यस अभियानलाई अघि बढाउनेछौं । त्यसका साथै जनआन्दोलनको आदेश र भावनाअनुसार मुलुकलाई लोकतान्त्रिक गणतन्त्रमा लैजानका लागि आमविद्यार्थी समुदायलाई हामी परिचालित गर्नेछौं । नयाँ चुनौतीहरूको सामना गर्नका लागि हाम्रो सङ्गठनलाई हामी गतिशील बनाउनेछौं । त्यसका साथै गतिका साथ हुन नसकेको सैद्धान्तिक-वैचारिक कामलाई पनि हामी अभियानका साथ अघि बढाउनेछौं । सामूहिक नेतृत्वका आधारमा सङ्गठनलाई जुझारु, क्रान्तिकारी र लोकप्रिय बनाउन हामी लाग्नेछौं । सङ्गठनलाई व्यापक रूपमा विस्तार गर्नका लागि हामीले विशेष योजना निर्माण गरिसकेका छौं ।

० **पछिल्लो समयमा अखिलको जुझारूपना र क्रियाशीलतामा कमी आएको गुनासो सुनिन्छ नि ?**

- हाम्रो विगतको भूमिकाले त्यो बताउँदैन । हामी आन्दोलनका हरेक मोर्चामा खटेका छौं । निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनमा हाम्रा केन्द्रदेखि प्रारम्भिक कमिटीसम्मका हजारौं साथीहरूले गिरफ्तारी दिनुभएको छ, जेल-नेल र यातना भोग्नुभएको छ । निश्चय नै भूमिका परिवर्तन भएका कारण रहन गएका केही कमजोरीका कारण त्यस्तो सवाल उठेको सन्दर्भमा हामी त्यसलाई पनि हटाउनका लागि अझै रचनात्मक, जुझारु र क्रियाशील हुनेछौं ।

० **अन्य सङ्गठनसँग कसरी प्रतिस्पर्धा गर्नुहुन्छ ?**

- ज्ञानेन्द्रको बचेखुचेको र सडेगलेको सत्ता जोगाउन खोज्ने प्रवृत्ति एकातिर विद्यमान छ भने एक्काइसौं शताब्दीको जनवादका नाममा अरू विचारलाई निषेध गर्ने र विद्यालयमा फौजी पोसाक लगाएर राजनीति गर्ने प्रवृत्ति अर्कातिर छ । यी दुवै प्रवृत्तिका विरुद्ध हामी निरन्तर लड्छौं ।

# जनआधारित व्यवस्थापनमा अखिलको राष्ट्रिय सम्मेलन

## ' विजय सुवेदी

नेपाली विद्यार्थीहरूको अग्रणी सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको १८औं राष्ट्रिय सम्मेलन असोज १ देखि ६ गतेसम्म चितवनको भरतपुरमा सफलताका साथ सम्पन्न भएको छ । जनताकै काखमा हुर्किएको अनेरास्ववियुको यो सम्मेलन जनताकै घरघरमा बसेर जनआधारित रूपमा सम्पन्न हुनुले एउटा नयाँ संस्कारको सुरुवात भएको छ ।

अनेरास्ववियुको १८ औं राष्ट्रिय सम्मेलन चितवनमा गर्ने निर्णय भएपछि नेकपा (एमाले) चितवनले यसलाई जनआधारित व्यवस्थापनका साथ सम्पन्न गर्न पहल गऱ्यो । सम्मेलन व्यवस्थापनको दायित्वलाई अवसरका रूपमा लिंदै हामीले यसै सम्मेलनको माध्यमबाट जनआधारित व्यवस्थापनका साथ सम्मेलनहरू सम्पन्न गर्ने नयाँ संस्कृतिको सुरुवात गर्ने सोच बनायौं ।

देशभरबाट आएका विद्यार्थी नेता तथा कार्यकर्ताहरूका अनुभवहरू चितवनवासीले कसरी लिने ? आमजनसमुदायलाई सम्मेलनमा कसरी प्रत्यक्ष संलग्न गराउने ? जनताका सङ्गठनका क्रियाकलाप र निर्णयहरूलाई कसरी जनताको पहुँचभित्र राख्ने ? बढी खर्च गर्ने प्रवृत्तिबाट सङ्गठनलाई कसरी जोगाउने ? सङ्गठनहरूलाई सादा, सरल, मितव्ययी, दिगो र आफ्नै सदस्यहरूको

स्रोत-साधनमा सञ्चालन हुन सक्ने कसरी बनाउने ? सङ्गठन चलाउन आफ्नो सङ्गठनबाहिरका मानिसको स्रोतमा भर पर्नुनपर्ने स्वावलम्बी सङ्गठन निर्माण कसरी गर्न सकिन्छ ? भन्ने कुराहरूको सन्दर्भमा हामीले यसै सम्मेलनका माध्यमबाट यस दिशातर्फ अगाडि बढ्न जनआधारित व्यवस्थापनका साथ यो सम्मेलन सम्पन्न गर्नुपर्छ भन्ने धारणा बनायौँ ।

सम्मेलनको अधिकतम् खर्च खाना र आवासमा हुने गर्दछ । खाना र आवासको व्यवस्था घरघरमा गर्ने हो भने सम्मेलनका लागि चन्दा उठाउनु पर्दैन । यसबाट निर्णय प्रक्रियामा चन्दादाताहरूबाट हुनसक्ने नकारात्मक प्रभावबाट सङ्गठनहरू मुक्त हुन्छन् । एउटै व्यक्ति वा संस्थासँग सबै पार्टी र सबै पार्टीका गरी पचासौँ सङ्गठनले चन्दा माग्न जाने प्रवृत्तिले लोकतान्त्रिक शासन पद्धतिप्रति नै अनास्था जाग्न सक्छ । अर्कोतर्फ, जनताको अधिकारका निम्ति सङ्घर्षरत जनताकै सङ्गठनहरू जनताको प्रत्यक्ष संलग्नतामा सञ्चालन गरियो भने यसले सङ्गठनहरूलाई वास्तविक रूपमा जनआधारित बनाउन सकिन्छ ।

हामीले यस रूपमा विद्यार्थी प्रतिनिधिहरूलाई घरघरमा राख्ने धारणा सार्वजनिक गर्दा कतिपय पार्टी कार्यकर्ताहरूबाटै यो असम्भव कुरा हो । हिजोआज पाहुना पाल्ने चलन छैन । चार-चार दिनसम्म पाहुना पालेर को बस्छ ? यति ठूलो सङ्ख्याका प्रतिनिधिलाई घरघरमा कसले कसरी पुऱ्याउने ? घरघरमा आउँदाजाँदा समय सकिन्छ । सम्मेलन सञ्चालनका लागि समय पुग्दैन । सम्मेलन अवधि लम्ब्याउनुपर्छ । सम्मेलननै भद्रगोल हुन्छ, भाँडिन्छ । आजका विद्यार्थीहरू पहिलाका जस्ता अनुशासित छैनन् । उनीहरू जनताको घरमा बस्न मान्दैनन् । कुनै न कुनै घरमा कुनै घटना भयो भने सिङ्गो सम्मेलनमा यसको नकारात्मक प्रभाव पर्छ । सम्मेलन नै भाँडभैलो हुन्छ कि भन्ने तर्कहरू पनि आएका थिए । हामीले यी तर्कहरू सुन्यौँ । यसको विश्लेषण गऱ्यौँ । कतिपय मनोगत तर्कहरूबाहेक अरू कुरामा सचेत हुँदै त्यस किसिमका समस्याहरू आएमा कसरी समाधान गर्ने भन्ने बैकल्पिक व्यवस्थाहरू मिलाउँदै गयौँ । हामीलाई पूरा विश्वास थियो कि कार्यकर्ताहरूमा हाम्रो योजनाप्रति गौरव हुन्छ, कार्यान्वयन गर्ने इच्छाशक्ति हुन्छ र हाम्रो निर्णयमा जनताको हित छ भन्ने महसुस आमजनतालाई गराउन सकिन्छ भने जस्तासुकै समस्याहरू पनि सामना गर्न सकिन्छ ।

यस सम्मेलनमा एक हजार सात सय जना प्रतिनिधि, अतिथि तथा स्वयम्सेवकहरूमध्ये एक हजार चार सय जना प्रतिनिधि तथा अतिथिहरूलाई भरतपुरका पाँच सय घरमा र तीन सय प्रतिनिधि, स्वयम्सेवकहरूलाई पार्टी कार्यालय, रामपुर क्याम्पस र गैंडाकोटमा मेस सञ्चालन गरी खाना र आवासको व्यवस्था मिलाइएको थियो । गैंडाकोट गाविसमा लुम्बिनी र रामपुर क्याम्पसमा मेची अञ्चलका प्रतिनिधि राख्ने र अरू १२ अञ्चलका प्रतिनिधिलाई भरतपुर नगरपालिकाका १४ वार्डमा विभाजित गरेर राख्ने व्यवस्था गरिएको थियो । यस व्यवस्थापनका लागि हामी साउनको पहिलो हप्ताबाट भरतपुर नगरपालिकाभित्र टोलटोल र घरघरमा पुग्यौँ । हाम्रा कुराहरू राख्यौँ र उहाँहरूका राय लियौँ । जनतासँगका निरन्तरका भेटघाटबाट हाम्रो योजनाप्रति उहाँहरूको हृदयबाटै समर्थन रहेको पायौँ । भरतपुर नगरका पार्टी कार्यकर्ताहरू परिचालित गरेर कुन घरमा कतिकति जना प्रतिनिधि राख्न उहाँहरू तयार हुनुहुन्छ, तथ्याङ्क सङ्कलन गऱ्यौँ । सम्मेलनको बन्द सत्र कभर्ड हलबाट वार्डवार्डमा पुऱ्याउन एकएक जनालाई जिम्मेवारी दियौँ । आफ्नो वार्डको जिम्मेवारीमा परेका प्रतिनिधिलाई घरघरमा पुऱ्याउन प्रतिदश प्रतिनिधिबराबर एक स्वयम्सेवकको व्यवस्था मिलायौँ ।

विद्यार्थी र घरपरिवारबीच सम्बन्ध स्थापित गर्ने, प्रतिनिधिलाई घरपरिवारमा बस्दा समुचित प्रबन्ध मिलाउने, कुनै दिन आवास, खाना व्यवस्थामा समस्या परे वैकल्पिक व्यवस्था मिलाउने, प्रतिनिधिको स्वास्थ्यमा कुनै समस्या परे उपचारका लागि व्यवस्था मिलाउने, तोकिएको घरमा राख्न कुनै समस्या उत्पन्न भए वैकल्पिक व्यवस्था गर्ने, वार्डमा यसको सम्भावना नभए पार्टी जिल्ला कार्यालयमा ल्याउने व्यवस्था मिलाइएको थियो । पार्टी कार्यालयमा दुई सय जनाका लागि खाना र सुत्नका लागि वैकल्पिक व्यवस्था मिलाइएको थियो ।

सम्मेलन सफलताको मुख्य कारण अनेरास्ववियुबाट प्रशिक्षित विद्यार्थीहरूको असल संस्कृति नै हो । जनआधारित व्यवस्थापनका कारण सिङ्गो सम्मेलन जनताको प्रत्यक्ष रेखदेखमा भयो । यसले सम्मेलन यस रूपमा सफल हुनमा मद्दत पुग्यो । सम्मेलनमा विद्यार्थी प्रतिनिधि र जनताको बीचमा सुमधुर सम्बन्ध बन्यो । विद्यार्थीहरूले आफ्नै घरमा बसेजस्तो महसुस गरे । घरपरिवारले विद्यार्थीहरू सम्मेलन सकेर फर्किन लाग्दा आफ्नै छोराछोरी बाहिर जान लागेको अनुभूति गरे । टीका लगाएर हार्दिकतापूर्वक बिदाइ गरे । यस जनआधारित व्यवस्थापनका साथ सम्पन्न सम्मेलनको माध्यमबाट देशभरका विद्यार्थीहरूको चितवनवासी जनसमुदायसँग आत्मीय र घनिष्ठ सम्बन्ध स्थापित भएको छ ।

## व्यवस्थापनबारे आठ सय एक प्रतिनिधिसँग लिइएको मत सर्भेक्षण

**१. तपाईंलाई स्थानीय समुदायका बीचमा गरिएको आवास व्यवस्थापनको यो तरिका कस्तो लाग्यो ?**

क) अत्यन्त राम्रो- ६५७

ख) ठीकै- १२५

ग) नराम्रो- १९

**२. तपाई र परिवारका सदस्यहरूबीचको सम्बन्ध कस्तो रहृयो ?**

क) मैत्रीपूर्ण-६८१

ख) सामान्य-१०९

ग) खासै उल्लेख्य रहेन-११

**३. परिवारका सदस्यहरूबाट तपाईंले कस्तो प्रेरणा र व्यवहार पाउनुभयो ?**

क) अत्यन्त राम्रो-४८८

ख) राम्रो-२८८

ग) खासै केही रहेन- २५

**४. खानपिनको व्यवस्था कस्तो रहृयो ?**

क) विशेष-१७२

ख) पारिवारिकस्तरको- ५६०

ग) सामान्य-६९

**५. आगामी दिनमा परिवारका सदस्यहरूसँगको सम्पर्क कायम राख्ने पक्षमा हुनुहुन्छ ?**

क) छु-७६६

ख) छैन-१०

ग) छदै छैन-२१

**६. यस प्रकारको व्यवस्थालाई निरन्तरता दिन उपयुक्त होला ?**

क) छ-६९४

ख) छैन-४०

ग) पुरानै तरिका ठीक-३६

**७. समग्रतामा अठारौँ सम्मेलन कस्तो रह्यो ?**

क) राम्रो- ७२२

ख) कमजोर-५१

# एसियाली राजनीतिक दलहरूको मञ्च संस्थागत बाटोमा

एसियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सम्मेलन (International Conference of the Asian Political Parties) – ICAPP (आईक्याप), मञ्चमा सन् २००० को सेप्टेम्बरदेखि एकत्रित हुन थालेका एसियाका प्रमुख सत्ताधारी र विपक्षी राजनीतिक दलहरू संस्थागत रूपमा आफ्नो अन्तर्राष्ट्रिय संस्था निर्माणको दिशामा अग्रसर भएका छन् । गत सेप्टेम्बर ७ देखि १० सम्म गणतन्त्र कोरियाको राजधानी सियोलमा सम्पन्न आईक्यापको चौथौ सभाले १५ धारा भएको नयाँ चार्टर अनुमोदन गरेको छ । तीस देशबाट ९० राजनीतिक दलका चार सयभन्दा बढी सहभागीहरू रहेको उक्त सभामा प्रस्तुत र पारित चार्टरले पहिलोपटक आईक्यापको उद्देश्य, स्वरूप र सञ्चालनसम्बन्धी महत्त्वपूर्ण कुराहरू समेटेको छ । त्यसमा सदस्यता, साधारणसभा, स्थायी समिति र सचिवालयको व्यवस्था पनि पर्दछ । यसबाट आईक्यापलाई क्रमशः एसियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सङ्गठनको स्वरूप प्राप्त हुँदै जानेछ ।

सन् २००० को सेप्टेम्बरमा फिलिपिन्सको राजधानी मनिलामा भएको प्रथम आईक्यापले सर्वप्रथम एसियाका प्रमुख राजनीतिक दलहरूलाई एउटै मञ्चमा ल्याएको थियो । यो प्रक्रिया सन् २००२ को नोभेम्बरमा थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न दोस्रो आईक्याप र चीनको राजधानी बेइजिङमा सेप्टेम्बर २००४ मा सम्पन्न तेस्रो आईक्याप हुँदै अगाडि बढेको हो । एसियामा शान्ति, स्थिरता, विकास र समृद्धिको नाराका साथ स्थापित आईक्यापको सियोलमा सम्पन्न चौथो आईक्यापमा क्षेत्रीय सुरक्षा र राजनीतिक स्थिरता, गरिबी न्यूनीकरण र सुशासन तथा एसियाली समुदायको निर्माणजस्ता विषयहरूलाई समेटेर सियोल घोषणापत्र सर्वसम्मतिले पारित भएको छ ।

सियोलमा सम्पन्न चौथो आईक्यापमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले सम्बोधन गर्नुभएको थियो । उहाँले आफ्नो सम्बोधनमा आईक्याप प्रक्रियाको विकासप्रति सन्तोष व्यक्त गर्दै यसलाई अझ अगाडि बढाउने कुरामा जोड दिनुभएको थियो । उहाँले नेपालको राजनीतिक परिवर्तन र अवस्था एवम् शान्ति प्रक्रियामा प्रकाश पार्नुका साथै राजनीतिक र सामाजिक रूपान्तरणप्रति पार्टी एवम् नेपाली जनताको प्रतिबद्धता आफ्नो सम्बोधनका क्रममा उल्लेख गर्नुभएको थियो । साथै, उहाँले संस्कृति, सभ्यता र स्रोतको धनी एसियालाई परमाणविक हतियारको होडबाजीबाट मुक्त गरी विकसित तथा समृद्ध बनाउने कुरामा जोड दिनुहुँदै यसका लागि आईक्याप उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

आईक्याप सभाका लागि छानिएका तीन विषयहरूमा महासचिव माधवकुमार नेपालले समूह छलफलमा गरिबी न्युनीकरण र सुशासनमा बोल्नुभएको थियो । एसियाली समुदायको निर्माण विषयमा झलनाथ खनालले बोल्नुभएको थियो भने क्षेत्रीय सुरक्षा र राजनीतिक स्थिरता विषयमा यस पङ्क्तिको लेखकले बोलेको थियो । सभामा नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा र नेपाली काङ्ग्रेसका महामन्त्री रामचन्द्र पौडेलले पनि सम्बोधन गर्नुभएको थियो ।

प्रायः प्रत्येक दिन राती १० बजे बस्ने स्थायी समितिको बैठकले सभाको प्रक्रिया तथा महत्त्वपूर्ण विषयमा निर्णय गर्थ्यौं । यसपटक फिलिपिन्सको प्रतिनिधिसभाका सभामुख होसे दी भेनेसियाको अध्यक्षतामा धेरैजसो यसभन्दा अगाडिकै व्यक्तिहरू रहने गरी १५ सदस्यीय स्थायी कमिटीको गठन भएको छ । नेपालका तर्फबाट नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल स्थायी कमिटीको सदस्य रहनुभएको छ । उहाँ आईक्यापको स्थापनाकालदेखि नै स्थायी कमिटीको सदस्य हुनुहुन्छ । यसपटक स्थायी कमिटीको बैठकमा प्रस्तुत चार्टर, घोषणापत्रलगायतका विभिन्न विषयहरूमा उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो र उहाँले दिएका कतिपय सुझावहरू स्थायी समितिको बैठकले स्वीकार गरेको थियो । स्थायी समितिमा चिनियाँ कम्युनिस्ट पार्टी, बङ्गलादेश नेसनलिस्ट पार्टी, भारतीय राष्ट्रिय कङ्ग्रेस (आई), गोलकर पार्टी आफ इन्डोनेसिया, इरान पार्टीज् हाउस, न्यू कोमेइटो जापान, काजाकास्तानी अल्मुनियम, फुनसिनपेक पार्टी, कम्बोडिया, उरी पार्टी, कोरिया, उम्नो पार्टी, मलेसिया, पाकिस्तान मुस्लिम लिग, थाइ राक थाई पार्टी, थाइल्यान्ड र कम्युनिस्ट पार्टी अफ भियतनाम रहेका छन् । स्थायी कमिटीको बैठक वर्षमा एकपटक हुने गरेको छ । नयाँ पारित चार्टरमा स्थायी समितिमा अब १८ सदस्य रहने, एसियालाई छ क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रबाट तीन-तीन सदस्य रहने प्रावधान राखिएको छ । त्यस्तै उपाध्यक्षको प्रावधान राखिएको छ ।

आईक्याप सभाको समयमा एसियाली राजनीतिक दलका नेताहरूका बीच अनौपचारिक छलफल र भेटघाट हुने गरेको छ। यसले राजनीतिक दलहरूको सम्बन्धलाई निकट बनाउन तथा समभ्रुदारी बढाउन योगदान पुऱ्याएको छ। फरक विचार, सिद्धान्त र कार्यक्रम रहेका राजनीतिक दलहरूले एकैथलोमा बसेर आ-आफ्ना विचार राख्ने र छलफल गर्ने कुरा निकै महत्त्वपूर्ण छ। यसले एसियाली देशहरूका बीच हुनसक्ने राजनीतिक विवाद र द्वन्द्वलाई न्यून तथा समाधान गर्नसमेत सजिलो हुनेछ।

आईक्याप प्रक्रिया सबै राजनीतिक दलहरूका लागि आकर्षक र चासोको विषय बनिरहेको छ। यसको सभा आयोजना गर्न विभिन्न देशका राजनीतिक दलहरू इच्छुक हुने गरेका छन्। पाँचौं आईक्यापको आयोजना गर्न पनि विभिन्न देशका राजनीतिक दलहरूले इच्छा प्रकट गरिसकेका छन्। नेपालजस्तो मुलुकले आईक्याप प्रक्रियामा सक्रिय भएर आफ्नो सम्बन्ध विस्तार गर्न तथा आफूलाई एसियाली देशहरूका माझ राम्ररी प्रस्तुत गर्नसक्छ। आईक्याप प्रक्रिया संस्थागत बाटोतर्फ अग्रसर हुनु अन्तर्राष्ट्रिय स्तरमा एसिया गतिका साथ अघि बढ्दै गरेको र जाग्रत हुँदै गरेको कुराको द्योतक पनि हो।

**– भीम रावल**

# *खसीकथा*

***‘ कपिल लामिछाने***

*एफ्एम्मा समाचार आउने बेला भएको थियो। उठेर ओछ्यानमै टुक्रुक्क बसेको थिएँ। एकाबिहानै आएर खुन्तेले भन्यो- आज पनि खसी ल्या'छु, काट्ने हो। हजुरलाई कति राखिदिऊँ ?*

*मासु खाइरहने त्यति इच्छा नहुँदा नहुँदै पनि सामूहिक कार्यमा सहभागिता जनाउने हिसाबले लगातारजस्तो मासु खान थालेको धेरै भो'। त्यसमा बिहान-बिहान 'भो' के भन्नू ! घरसल्लाह नगरी 'हुन्छ, एक किलो राखिदिनू' भनी पठाएँ।*

*ऊ हतारहतार फर्किहाल्यो। म समाचारको प्रतीक्षा गर्न थालेँ। एफ्एम्मा पिक टाइम एड आइरहेको थियो। एकाएक अर्को सूचना आउन थाल्यो- खसी हराएको सूचना। कालो रङको अन्दाजी १८ केजीको खसी हिजो पारिपाखाबाट हराएको हुँदा देख्नुहुने महानुभावले यही एफ्एम्को कार्यालयमा खबर गरिदिनु हुन अनुरोध छ। खसीको देब्रे कानमा काटिएको खोट छ। ...चन्द्रबहादुर। धन्यवाद ! ...*

*म उठेँ, हातमुख धोएँ। चिया खाँदै समाचार सुन्न थालेँ। समाचारका बीचमा पुनः सोही सूचना आयो। समाचारले के भन्यो सुने पनि हेक्का भएन। एउटा प्लास्टिकको झोला खल्तीमा घुसारेर म खुन्तेको घरतिर लागेँ। बाटाभरि सोचिरहेँ- खसी हराएको सूचना ...!*

***र***

*खुन्तेकी स्वास्नी दाउरा थपीथपी पानी उमाल्दै थिई। खुन्ते ठूलो खुर्पा ढुङ्गामा उध्याउँदै थियो। पाँच-सात जना गाउँले जुटिसकेका थिए। खसी नौलो मानेर हेर्दै थियो।*

*मैले भनेँ- खसी त बडो जक्खडको छ नि, कति हालिस्, ए खुन्ते !*

*खुन्ते काममा व्यस्त हुँदै बोल्यो- आऽअ, तपाईंलाई फल खानसित मतलब छ कि पात गन्नसित मतलब छ ? यत्रो दुःख पनि गर्नु छ, त्यैमाथि बजारको भन्दा कमैमा दिएको छु। नलगे केही छैन, सुकुटी बनाएर राखौँला....?*

*खुन्तेका कुराले म झसङ्ग भएँ। खसी हराएको सूचना सम्झेँ। खसीको कान हेरेँ। खुन्तेको हतारो र चालामाला हेरेँ। निको चाल देखिनँ।*

*मैले भनेँ- खुन्ते, अझै तयारी भएको रहेनछ। पानी अझै उमाल्नुपर्छ। म यस्सो पर पुगेर आउँछु। म नआएसम्म खसी नढाल्नू है !*

*उसको प्रतिक्रिया नपर्खी म हिँडेँ। सायद ऊ छिट्टै आउन भन्दै थियो।*

***र***

*म हस्याङ्फस्याङ् गर्दै एफ्एम् स्टेसन पुगेँ। बाटामा को भेटिए, कोसित हात मिलाएँ, कसलाई लालसलाम कसलाई जय नेपाल गरेँ, केही थाहा भएन।....स्टेसनमा पुगेर भनेँ- लौ खसी भेटियो। चन्द्रबहादुर भन्ने को हो ? झट्ट पुग्नुपर्‍यो। नत्र ढल्छ।*

*चन्द्रबहादुर त्यहीँ रहेछ। एफ्एम्का अध्यक्ष र अरू दुई-तीन जना हस्याङ्फस्याङ् गर्दै खुन्तेका घर पुग्यौँ। चन्द्रबहादुरले टाढैबाट आफ्नो खसी चिनिसकेको थियो।*

*आँगनमा ओर्लदै मैले भनेँ- पख खुन्ते, यो खसी यी यो चन्द्रबहादुरको हो। तेरिमा चोर, बजिया। बडो सस्तो मासु खुवाउँदो भ'को।*

*म अलिक आवेशमा थिएँ, सायद।*

*खुन्तेले दरिन खोज्दै भन्यो- मैले चोरेको होइन है, भन्दचा छु । मैले त छनछनी नगद गनेर ल्याएको हुँ । त्यसै चोरसोर नउड्कनुहोस् ।*

– *कति गनिस् ? कसलाई गनिस् ?*

– *त्यही के पल्लो टोलको आशाराम साहू ! उनलाई हजार नगद गनेर ल्याएको हुँ ।*

– *तँलाई बजिया, चोर ! चार हजार पर्ने खसी पनि कहीँ हजारमा पाइन्छ ?*

– *'खसी माटे भएछ, छिट्टै नकाटे मर्ने भयो, ल लैजा सस्तैमा' भने केरे ! म के जानूँ ? ...बोलाएर ल्याऊँ न ! छिनोफानो भइहाल्छ नि !*

– *केलाई पऱ्यो, त्यसलाई बोलाउन ? तेरो हिसाब तैँ जान । यो खसी जसको हो उसले लान्छ ।*

*खुन्ते अवाक् भयो । चन्द्रबहादुर आफ्नो खसी डोऱ्याएर हिँड्यो ।*

*एकछिनपछि एफ्.एम्.मा समाचार आउँदै थियो- ...खसी पाइयो, चौपाया चोर्ने गिरोह कारबाहीमा ।*

# *निषेध !*

*एक्काइसौँ शताब्दीको सुरुतिरको कुरा हो । त्यस्तै शुक्रबार १९ गते होला । म कतै जाँदै थिएँ । भित्र कतैका कामकुरा सुनेँ । तपाईंहरू पनि सुन्नुहुन्छ कि ?*

– *मालिक, तिनीहरू त बोल्न पाऊँ भन्छन् !*

– *नबोल्न भन, जा । मलाई तिनीहरूको बोली मन पर्दैन ।*

– *मालिक, तिनीहरू त बोल्छन् ।*

– *जा, मुखमा घोचो कोचिदे ! यति उत्कृष्ट प्रजातन्त्रमा पनि किन बोल्नुपऱ्यो ?*

– *मालिक, तिनीहरू त फेरि पनि बोल्छन् ।*

– *मुद्दा ठोकिदे ! जेलमा जाकिदे ! त्यति पनि गर्न सकिनस् ?*

– *मालिक, जेलमा जाकिदिएँ ! अब त्यहाँ ठाउँ छैन ।*

– *कसैलाई भीरबाट गुल्ट्याइदे, कसैलाई सडकमा मुन्ट्याइदे ।*

– *मालिक, तिनीहरू त गाडीमा गुड्छन् ।*

– *गाडीका रोड परमिट खारेज गरिदे । कुनै गाडी खोलामा खसाइदे ।*

– *मालिक, तिनीहरू त हिँड्डुल गर्छन् ।*

– *खुट्टामा ताल्चा मारिदे !*

– *मालिक, तिनीहरू त जुलुस निकाल्ने तयारीमा छन् ।*

– *सारा सडक निषेध गरिदे !*

– *त्यो त भयो मालिक, तिनीहरू खुलामञ्चमा जाने रे !*

– *त्यो पनि निषेध गरिदे !*

– *त्यो त गरेँ मालिक, तिनीहरू उतातिर जाने रे !*

– *उता पनि निषेध गरिदे !*

– *त्यो त गरेँ मालिक तर तिनीहरू यतै आउने रे !*

– *त्यसो भए, मलाई नै उता कतै ठाउँ खोजिदे न त !*

– *मालिक, उता सबैतिर हजुरलाई निषेध छ रे !*

– *हँ ! ? त्यसो हो भने यतै कतै खाल्टो खनिदे ! किनभने मलाई यहीँ मात्र प्रजातन्त्र छ ।*

***भैरहवा***

# जीवन बगेको उपन्यास *दोसाँधको घाम*

संयोगहरूले कहिलेकाहीँ मलाई अनौठो संवेदनामा पुऱ्याउँछन् । खास गरेर विषयवस्तु र त्यसको प्रस्तुतीकरणको सन्दर्भमा । २०५९ सालमा मेरो एउटा उपन्यास प्रकाशित भएको थियो *नन्दिता* । सोही कालमा अमेरिकी-नेपाली लेखक सम्राट उपाध्यायको पनि उपन्यास नै प्रकाशित भएको थियो । तिनको थालनी र मेरो थालनी मात्र होइन, मूल पात्रको नाम पनि एउटै परेछ- रामचन्द्र । यो कुरो कत्तिको सही हो अहिले पनि म भन्न सक्दिनँ । किनभने, मैले सम्राट उपाध्यायको उपन्यास पढेर यो समानताको पक्ष पत्ता लगाएको होइन । मैले कतै कृति समीक्षामा पढेको थिएँ यो प्रसङ्ग । दुवै उपन्यासका रामचन्द्रहरू सज्जन हुन्छन् आरम्भमा । सम्राटको रामचन्द्र पनि कालान्तरमा दुष्टमतिमा पुग्छ र उसकी पत्नी लोग्नेको निरङ्कुशताका सामु

आत्मसमर्पण गर्छे तर प्रदीप नेपालको रामचन्द्र दुष्टमतिमा पुगेपछि उसकी पत्नीले विद्रोह गर्छे भन्ने निष्कर्षसहित त्यो टिप्पणी टुङ्गिएको थियो ।

थालनी उस्तै भए पनि बिसौनी फरक हुनु प्रदीप नेपालको सोच र सम्राट उपाध्यायको सोचमा रहेको अन्तरको परिणाम हो भन्ने पनि मैले त्यतिबेलै पढेको थिएँ ।

अहिले त्यस्तै छक्क परेको छु म । 'श्रीमान् प्रदीप नेपालज्यू, काठमाण्डू' मात्र लेखिएको *दोसाँधको घाम* शीर्षकको उपन्यास मेरो हातमा पऱ्यो । पूण्यप्रसाद खरेललाई मैले सुरुदेखि कथाकारका रूपमा चिनेको थिएँ । कथाकारहरू उपन्यासकार हुन्छन् भन्ने मलाई लाग्छ । त्यसैले पूण्यप्रसाद खरेल उपन्यासकारका रूपमा परिचित भएको कुरो अनौठो लागेन । हुनत स्वयम् उपन्यासकारलाई अझै आफूले उपन्यास लेख्न सकेकोमा विश्वास जागिसकेको रहेनछ । आफ्नो भनाइमा उहाँ भन्नुहुन्छ, 'यदि यो उपन्यास हुन सकेछ भने मेरो एउटा महत्त्वाकाङ्क्षाले र मित्रहरूको आग्रहले साकार रूप लिन पाएको पनि ठानुँला र अरूअरू उपन्यास लेख्ने प्रोत्साहन पनि पाएको मानुँला ।'

छोटकरीमा भन्नुपर्दा उपन्यास राम्रो मात्र होइन, धेरै राम्रो छ । जीवनको यात्रा बनेको छ, *दोसाँधको घाम* । भूगोलको प्रस्ट जानकारी उपन्याससँगै नबगेको भए पनि सिनाम र सिकैचाको पटकपटक उल्लेख भएको पढ्दा पाठकले ताप्लेजुङका पूर्वी क्षेत्रका गाउँहरूको पृष्टभूमि अनुभूत गर्छ । स्थानीय भाकाको बोली, जनजातीय संस्कृतिको छनक उपन्यासका विशेषता हुन् ।

*दोसाँधको घाम* समग्रतामा राजनीतिक विषयमा केन्द्रित छ । उपन्यासको मूल पात्र गणेशकुमार आरम्भमा अध्ययनशील, तीक्ष्ण बुद्धिको किशोरका रूपमा देखापर्छ । हाइस्कुलमा अध्ययन गर्दै उसले राजनीतिको रेखो चिन्न थालेको हुन्छ । उच्च शिक्षाका लागि विराटनगरमा आएपछि उसको राजनीतिक चेतनाले पनि फड्को मार्छ । पारिवारिक आग्रह र स्वयम्‌चेतका कारण ऊ फर्किएर गाउँमै शिक्षणकार्यमा संलग्न हुन्छ । शिक्षण कार्यमा लाग्दालाग्दै उसले शिक्षक सङ्गठनको जिल्ला अध्यक्षको जिम्मेवारी लिन्छ । भूमिगत राजनीतिक कार्यमा लागेर उसले पार्टी जिल्लाको जिम्मेवारी पनि सकार्ने अवस्था आउँछ । जिल्ला कमिटीका धेरै सहयोद्धाहरूको गिरफ्तारीपछि जिल्लाको पार्टी काममा क्षणिक सङ्कट आउँछ । त्यसैबेला २०४६ सालको आन्दोलन आरम्भ हुन्छ । पार्टीहरू खुला हुन्छन् । राजनीति कम्निस्ट र काङ्ग्रेसमा बाँडिएपछि 'सभास्थलमा राताराता हँसिया र मार्तोलका, सूर्य र चन्द्रका झन्डाहरू एकनासले फरफराइ रहेथे । बाक्थरे जेठाबाले पाइला अगाडि बढाइरहेका चहकनाथलाई दुरुस्त राजेशले पाइला बढाइरहेको जस्तै देखे । चहकनाथ-राजेश-चहकनाथ उनी झुक्किए' भन्ने चित्रणसँगै उपन्यासको अन्त हुन्छ ।

०३० देखि ०४५ सालसम्मको ग्रामीण नेपाल जीवन्त भएर उत्रिएको छ उपन्यासमा । शिक्षक सङ्गठन र त्यसले सञ्चालन गरेका आन्दोलनहरू, प्रशासनिक दमन र दमनका लागि सीडीओ कार्यालयमा बुनिने गरेका षड्‌यन्त्रका तानाबानाहरू, बिनाकारण गिरफ्तारी र बेथितिको हिरासतमा प्रहरीको अपमानपूर्ण व्यवहारजस्ता पञ्चायतकालीन यथार्थलाई तस्वीर जसरी उतारेका छन् उपन्यासकारले आफ्नो कृतिमा ।

दमनको मारबाट कोही भाग्छन्, कोही छेउकुना लाग्छन् भन्ने यथार्थबोध पनि भएको छ उपन्यासमा । शिक्षकहरू, ग्रामीण क्षेत्रका अगुवा व्यक्तिहरूको सेरोफेरोमा घुमेको उपन्यासले त्यतिबेलाको वाम राजनीतिको यथार्थलाई पनि आफूमा समेटेको छ । राजनीतिका अगुवाहरूमा गणेश, प्रदीप, तिलहाङ, गणेशमानहरू यस्तै शिक्षित अथवा शिक्षण कार्यमा लागेका युवाहरू हुन् उपन्यासका प्रमुख पात्र । गणशकी पत्नी ओमु गुरुङ पनि शिक्षिकाकै रूपमा प्रस्तुत छन् उपन्यासमा । पछाडि परेको किसान चेतनालाई अग्रगामी सामाजिक एवम् राजनीतिक चेतनाको गोरेटो समात्न साह्रै गाह्रो पर्छ । यो समस्या खालि बूढापाकाहरूमा मात्र होइन, गणेशको दाइ जस्तो युवामा पनि यो समस्या देखा पर्छ । गणेशको दाइ पढ्न नसकेर युवावस्थामै खेती किसानीमा लागेको हुन्छ । त्यसैले पनि होला ऊ आफ्नो भाइ र दौँतरीहरूसँगसँगै पाइला चालेर अगाडि बढ्न सक्दैन ।

*दोसाँधको घाम* भनेर केन्द्रीय पात्र बनाइएको छ राजेशलाई । राजेश चहकनाथका छोरा हुन् । यद्यपि, उनी उपन्यासमा झल्याकझुलुक मात्रै देखापर्छन् । तर, रातसाँझ काँधमा झोला बोकेर मधुरस्वरमा मुक्तिको गीत गाउँदै डाँडापाखा, पाताल गाउँ हिँड्ने बलिदानी युवाहरूका कारणले मुलुकमा ०४६ साल आएको थियो । बाहिर नदेखिने त्यस्ता युवाहरूले नै युगान्तकारी विद्यार्थी र शिक्षकहरूको आन्दोलनलाई ऊर्जा दिएका थिए । त्यसैले प्रस्तुत उपन्यासमा पनि राजेश नै केन्द्रीय पात्रका रूपमा उभिएका हुन् ।

दोसाँधका उपन्यासकारको आदर्श पात्र राजेश कुनै निर्जीव सपना होइन । सिनाममा जन्मिएर तत्कालीन नेकपा (माले) को राजनीतिमा सक्रिय रहेका, पछि पूर्णकालीन भएका हरि नेपालको पार्टी नाम हो, राजेश । लेखकले राजेशको बोलीचाली, हिँडाइ र चरित्रलाई सर्लक्कै उतारेका छन् आफ्नो उपन्यासमा । पार्टी खुला भएपछि राजेश कमरेडका पितालाई गरिएको सम्मानले गुरु मेदिनीप्रसाद नेपालको तस्वीर जस्ताको तस्तै उतार्छ उहाँलाई चिन्ने-जान्नेहरूको मनमा ।

पाठकलाई जानकारी दिइहालौँ- हिजोआज झापाको मेचीनगरमा बसोवास गरिरहनुभएका उपन्यासकार पूण्यप्रसाद खरेल ताप्लेजुङ जिल्लाको थेचम्बु गाउँमा जन्मिनुभएको रहेछ । थेचम्बु गाउँमा शिक्षक एवम् सङ्गठक राजेशका पाइलाहरू धेरैपटक परेका थिए । उहाँले त्यहाँ केही साथीहरूलाई सङ्गठित पनि गर्नुभएको थियो । ०३५/३६ को चर्को दमनमा त्यहाँको पार्टी सङ्गठन छिन्नभिन्न भएको थियो । सायद उपन्यासको शशी लिम्बु थेचम्बुकै स्कुल शिक्षक हुनुहुन्थ्यो कि !

हरि नेपालको जीवनलाई उपन्यासमा उतारेर उपन्यासकारले सहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ ।

मैले आरम्भमा उठाएको संयोगलाई यो परिचयको अन्तमा चर्चा गर्दा रमाइलै होला । भर्खरै मात्र बगर प्रकाशनले मेरो *स्वप्निल सहर* शीर्षकको उपन्यास छापेको छ । *स्वप्निल सहर* को अनन्तको बाल्यकालमा एउटी केटी साथी हुन्छे ठ्याक्कै गणेशकी केटी साथीजस्तै । अनन्तले अनितालाई कुटेपछि जस्तो पश्चात्ताप गर्छ, ठ्याक्कै त्यही भाकाको पश्चात्तापमा पस्छ

*दोसाँधको घाम* को गणेश शकुन लिम्बूलाई कुटेपछि । हो, गणेशको युवावस्थामा ओमु गुरुङ प्रवेश गर्छे र अनन्तको जीवनमा अनिताबाहेक अर्की केटी प्रवेश गर्दिन । तर, गणेशले गुरुङ केटीसँग बिहे गर्छ भने अनन्तले राई केटीसँग बिहे गर्छ । उपन्यासका गुरुङ र राई केटीहरूमा उस्तै शील, स्वभाव, धैर्य र संयम छ । यद्यपि, अनन्त गणेशजस्तो राजनीतिको सङ्गठक हुँदैन ।

कथाका तानाबानाहरू अनौठो गरी मिलेका छन् ।

पूण्यप्रसाद खरेललाई मैले उल्क्याएको होइन, उहाँमा राम्रा उपन्यास लेख्ने गुण छ । कुरो यत्ति हो- उहाँले थकाइ मान्नु हुँदैन । मेची नदीको पानीमा प्रदूषण पसेको छैन, त्यसैले मेचीनगरले राम्रा उपन्यास निकाल्नैपर्छ ।

**' प्रदीप नेपाल**